सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १५ ● अंक ३४ ● काठमाडौं, शुक्रबार, पुस २४, २०६६ ● SA Nepali National Weekly ● Friday, Jan 8, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



# बढ्यो विकेन्ड कल्चर

• कृष्ण भट्टराई

काठमाडौं- अघिल्लो वर्ष बेलायतमा गरिएको एउटा सर्वेक्षणमा करिब ७० प्रतिशत कर्मचारीले शुक्रबार दिउँसो १ बजेपछि कार्यालयमा बसेर काम गर्न मन नलाग्ने धारणा व्यक्त गरेका थिए। लन्डनलगायत बेलायतका केही प्रमुख सहरमा रहेका बैंकमा कार्यरत ५ हजारभन्दा बढी कर्मचारीमाझ गरिएको उक्त सर्वेक्षणको नतिजाअनुसार ७० प्रतिशत कर्मचारीले 'विकेन्ड' को तयारीमा जुट्नुपर्ने भएकाले दिउँसो १ बजेपछि कार्यालयमा रहे पनि कामप्रति लगाव नहुने पक्षमा मत जाहेर गरेका थिए।

नयाँ बानेश्वर, काठमाडौंस्थित एउटा निजी तथा प्रतिष्ठित बैंकमा कार्यरत २२ वर्षीया महिला कर्मचारी भन्छिन् 'शुक्रबार आयो कि बिहानैदेखि स्फूर्ति बढ्छ। साँझ साथीहरूको रमाइलो जमघटमा सहभागी हुनुपर्ने भएकाले दिउँसो २ बजे नै घर आएर फ्रेस हुन पाए हुन्थ्यो जस्तो लाग्छ।' कार्यतालिकाअनुसार शुक्रबार पनि उनी चार बजेभन्दा अघि बैंकबाट बाहिरिन पाउँदिनन्।

विस्तृत पृष्ठ ६मा



साप्ताहिक इन्फो

मध्यपृष्ठमा

## रञ्जना बस्नेत



## ● क्यासेट ●

### मैच्याङको माया




योगिता मोक्तानका कर्णप्रिय गीतहरूको संग्रह 'मैच्याङको माया' बजारमा आएको छ। म्युजिक डटकमको यो संग्रहमा सेलो पप तथा आधुनिक शैलीका गीत सुन्न सकिन्छ। संग्रहमा रोज मोक्तान, चन्द्रकुमार दोङ, प्याट्रिक सेट्लिङ, सुसन लामा, खेमराज गुरुङ तथा सुरेश अधिकारीद्वारा संगीतबद्ध गीतहरू समावेश छन्।

### सहमत




गायक यज्ञ राईले गाएका आधुनिक गीतहरूको संग्रह 'सहमत' बजारमा आएको छ। भाइब्स क्रिएसनले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। संग्रहका गीतहरू राम सिटौला, राजु सिंह, राई नविन, सचिन सिंह, विष्णु अधिकारी तथा राजेशपायल राईले संगीतबद्ध गरेका छन्।

### मेहनत




गायक एपी शेर्पाका गीतहरूको संग्रह 'मेहनत' लाई युवा रेकर्ड्सले बजारमा ल्याएको हो। संग्रहका आठवटा गीत खेमराज गुरुङ, पारस मुकारुङ तथा कुमार लामाले संगीतबद्ध गरेका छन्।

## ● रंगमञ्च ●



### एकल कविता-वाचन

विमल वैद्यले इलाममा पनि पहिलो पटक एकल कविता-वाचनको थालनी गर्दै जिल्लामा नयाँ बाटो खोलेका छन्। साथीभाइको प्रेरणामा यस्तो पृथक् कार्यक्रम गरेको उनको प्रतिक्रिया थियो। उद्योग वाणिज्य संघको सभाकक्षमा जमेको कार्यक्रममा उनले २० वटा कविता सुनाउन भ्याए। देवकोटा सतवार्षिकीका अवसरमा उनले सहभागीहरूलाई आनन्दानुभूति गराए। कविता-वाचन करिब डेढ घण्टा चलेको थियो। कवि वैद्यका कवितामा देशप्रेम र समसामयिक राजनैतिक तथा सामाजिक विकृतिको चित्रण थियो।

### गुरुकुलमा घनचक्कर

आरोहण गुरुकुलले 'घनचक्कर' नाटक पुनः मञ्चन गरेको छ। गत पुस १८ गते प्रारम्भ भएको यो नाटक मञ्चन भोलि शनिबारसम्म जारी रहनेछ। वर्तमान राजनैतिक अवस्थासँग मेल खाने कथा समावेश गरिएको यो नाटक दुई वर्षअघि पनि गुरुकुलमै मञ्चन गरिएको थियो। डा. सञ्जीव उप्रेतीको उपन्यास घनचक्करमा आधारित यो नाटकको निर्देशन सुनिल पोखरेलले गरेका छन्। प्रत्येक दिन साँझ ५:३० बजेदेखि मञ्चन हुने यो नाटकमा विष्णुभक्त फुँयाल, विभूषण बस्नेत, विजय विष्फोट, सरिता गिरी, अरुणा कार्की, कमलमणि नेपाल, भोलाराज सापकोटा, रामकुमार पुडासैनी, सौगात मल्ल, रवीन्द्रसिंह बानियाँ, प्रमिला कटुवाल, पशुपति राई आदि कलाकारले अभिनय गरेका छन्।

## ● ग्यालरी ●

### ढाकामा नेपालको तस्बिर

नेपालको प्राकृतिक सौन्दर्य एवं धर्म-संस्कृतिका विभिन्न पक्ष समेटिएका तस्बिरहरूको प्रदर्शनी बंगलादेशको राजधानी ढाकामा सम्पन्न भएको छ। राष्ट्रिय प्रेस क्लबको हलमा तीन दिनसम्म चलेको प्रदर्शनीमा ४० जना व्यावसायिक फोटोग्राफर सम्मिलित थिए। 'मैत्री नेपाल फोटो प्रदर्शनी' शीर्षकको प्रदर्शनीको उद्घाटन स्थानीय महिला तथा बालबालिका



मामिला राज्यमन्त्री डा. सिरिन सर्मिन चौधरीले गरेकी थिइन्। नेपाली फोटोग्राफर टोलीमा समूहका अध्यक्ष मीनरत्न बज्राचार्य, महासचिव दीपेन्द्र बज्राचार्य, सचिव कविन्द्रमान बज्राचार्यलगायत राम गुरुङ, राजेन्द्र मानन्धर, धुव्र आले, प्रवीण मानन्धर, जितेन्द्र बज्राचार्य, अशेष राजवंशी, यशु माथेमा, लक्ष्मी डाखुसि सम्मिलित थिए। प्रदर्शनी राष्ट्रिय फोटोपत्रकार समूह तथा बंगलादेश फोटोपत्रकार संघको संयुक्त आयोजनामा भएको थियो।

### संवेग चित्रकला

अन्वेषण मनोविज्ञान नेपाल तथा Rotaract club of charumati को संयुक्त आयोजनामा गत आइतबार नाफाको लुम्बिनी हलमा संवेग शीर्षकमा सामूहिक चित्रकला प्रदर्शनी सुरु भयो। प्रदर्शनीमा ६० भन्दा बढी नयाँ सर्जकका सिर्जना राखिएका छन्। कार्यक्रमको पहिलो चरण मंसिर २७ गते नाफामा सामूहिक चित्रकला कार्यशाला सम्पन्न भएको थियो। 'आफ्नो संवेगलाई क्यानभासमा उतारौं' भन्ने नाराका साथ सुरु भएको कार्यक्रममा तीन वर्षका बच्चादेखि नवोदित कलाकारहरूलाई हौसला प्रदान गर्न प्रख्यात कलाकारहरू किरण मानन्धर, कृष्ण मानन्धर तथा रमेश खनालले सहभागीता जनाएका थिए। सहभागीहरूमध्ये प्रायःले जीवनमा पहिलो पटक क्यानभासमा रंग खेलाएका थिए। प्रायः कलाकारले खुसी व्यक्त गर्न पहेंलो, नीलो तथा सुन्तला रंग प्रयोग गरिएका थिए। कडा तथा गहिरो संवेग कालो एवं रातो रंगका माध्यमले व्यक्त गरिएका छन्।

### इन द आई अफ द स्ट्रोम

आज शुक्रबारदेखि राजधानीको बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा एकल चित्रकला प्रदर्शनी हुँदैछ। बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरी तथा नेपाल इन्भेस्टमेन्ट बैंकले संयुक्त रूपमा आयोजना गर्न लागेको यो प्रदर्शनीको उद्घाटन समारोहमा मनुजबाबु मिश्रद्वारा तयार पारिएका चित्रकलामा आधारित पुस्तक 'इन द आइ अफ द स्ट्रोम' को विमोचन पनि हुनेछ। विमोचन समारोहपछि कलाकार आशाकाजी मानन्धरका बारेमा तयार पारिएको एउटा छोटो वृत्तचित्र प्रदर्शन गरिनेछ। त्यसपछि कलाकार मानन्धरले तयार पारेका चित्रहरूको प्रदर्शनीको उद्घाटन गरिनेछ। चित्रकला प्रदर्शनी आगामी माघ ७ गते बिहीबारसम्म जारी रहनेछ।

### समिटमा रुट्स

कुपन्डोलस्थित समिट होटलमा आगामी आइतबार चित्रकलामा आधारित भिडियो आर्ट 'रुट्स' प्रदर्शन गरिने भएको छ। आइतबार दिउँसो ३ बजेपछि प्रारम्भ हुने प्रदर्शनीमा डच कलाकार पिटर स्च्याडरले तयार पारेका चित्रहरू प्रदर्शनी गरिनेछ। प्रदर्शनीको आयोजना सिद्धार्थ आर्ट ग्यालरीले गर्न लागेको हो।

### शान्तिका लागि चित्रकला

भारतीय कलाकार प्रिन्स चन्दले तयार पारेका शान्तिका अग्रदूत गौतम बुद्धमा आधारित चित्रहरूको प्रदर्शनी राजधानीमा सञ्चालन भैरहेको छ। प्रदर्शनी गत शनिबारदेखि बबरमहलस्थित नेपाल कला परिषद्मा सञ्चालन भैरहेको छ। प्रिन्स डिभाइन लाइट अफ लर्ड बुद्ध शीर्षकको एकल चित्र प्रदर्शनीमा गौतम बुद्धले बोधी वृक्षमा रहेर बोधीसत्व ज्ञान प्राप्त गरेको क्षण समेटिएका छन्। सन् १९९० देखि एकल चित्रकला प्रदर्शनीमा सहभागी हुन थालेका कलाकार प्रिन्सले नेपालको प्रदर्शनीलाई आफ्नो २९ औं एकल प्रदर्शनी भएको बताएका छन्।

## ● पुस्तक ●

### हृदयका गीतहरू

गीतकार रजनी ढकालका ५७ वटा गीतको संग्रह 'हृदयका गीतहरू' तरुण भावनाका प्रतिनिधि हो। संग्रहका गीतहरूमा गीतकारले आफ्ना बैंसका भावहरूलाई पानीसाग तुलना गरेर शब्दहरूमा अभिव्यक्त गरेकी छिन्।

### गजबार नभएको सहर

कवि किसन सिंह धामीको ५१ वटा कविताको संग्रह 'गजबार नभएको सहर' कता जाने प्रकाशनले सार्वजनिक गरेको हो। कविता-संग्रहमा सुदूर पश्चिम नेपालको सांस्कृतिक सबलताको व्याख्या गर्दै राजनैतिक घात-प्रतिघातको समेत विश्लेषण गरिएको छ।

### पाइला छाडेर अस्ताएको घाम

रत्न पुस्तक भण्डारले प्रकाशित गरेको 'पाइला छाडेर अस्ताएको घाम' मा लेखक प्रदीप नेपालले रमेश विकल, वासु शाक्य, हरि नेपाल, धनुषचन्द्र गौतामे तथा अम्वर गुरुङजस्ता स्थापित साहित्य तथा संगीतका साधकहरूको संस्मरणलाई समेटेका छन्। ३२ वटा संस्मरणात्मक लेखहरू समाविष्ट यो पुस्तक २ सय ४४ पृष्ठको छ। यो पुस्तकको मूल्य २ सय ५० रुपैयाा छ।

## ● लाइभ ●

### शान्तिका लागि संगीत

पुस २४ गते शुक्रबारदेखि एउटा देशव्यापी सांगीतिक कार्यक्रम आयोजना हुने भएको छ। विविधताको उत्सव : एक सांगीतिक यात्रा' नामक उक्त कार्यक्रम आज शुक्रबार डडेलधुराबाट प्रारम्भ हुँदैछ। यो कार्यक्रम पुस २७ गते सोमबार तौलिहवा, पुस ३० गते बिहीबार कलैया, माघ २ गते शनिबार लाहान तथा माघ ५ गते मंगलबार फिदिममा सम्पन्न हुनेछ। लिड इन्टरनेसनलले आयोजना गर्न लागेको यो कार्यक्रममा सांगीतिक समूह कुटुम्बका संगीतकर्मीले गीत-संगीत प्रस्तुत गर्नेछन्। कार्यक्रममा मिथिला नाट्य परिषद् तथा स्थानीय कलाकारहरूको पनि सहभागिता रहनेछ। कुटुम्ब समूहका पवित महर्जनका अनुसार यो सांगीतिक कार्यक्रम फागुन ७ र ८ गते राजधानीमा आयोजना गरिने कार्यक्रमसँगै टुंगिनेछ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

पुस २७ गते : षडतालिका एकादशी, राष्ट्रिय एकता दिवस, पृथ्वीजयन्ती, २० गते : विश्व योग दिवस ।

### मेष

भेटघटमा मन रमाउनेछ। यात्रा रमाइलो हुनेछ। पहिलो भेटमै प्रभावित भै धेरैले सहयोगको हात अघि बढाउनेछन्। अरूको विश्वास जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ताले सताउने योग छ।

### मिथुन

नैराश्यता एवं उदासीनता बढ्नेछ। कामको बीचमा अवरोधको सामना गर्नुपर्ने हुनसक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। घरेलु समस्या बढ्ने क्रम यथावत् रहनेछ। सोमबारदेखि काममा सफलता मिल्ने, धन आर्जन हुने तथा व्यवसायमा सफलता हात लाग्ने योग छ।

### सिंह

पराक्रम बढ्नेछ भने मन प्रसन्न रहनेछ। अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने योग छ। मान-सम्मान पनि पाउनुहोला। सजिलै अरूको मन जित्न सकिनेछ। सोमबारदेखि घरेलु समस्याले सताउने, झूटा आरोप लाग्ने तथा मन चिन्तित हुने देखिन्छ। प्रतिस्पर्धीहरूले खोइरो खन्नेछन्।

### तुला

मान-सम्मान पाइने छ। पराक्रम बढनुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। धन आर्जन गर्न सकिनेछ। सोमबार र मंगलबार नैराश्यता एवं उदासीनताका साथै विवाद एवं चिन्ता बढ्ने सम्भावना छ। धनमाल पनि हराउन सक्छ।

### धनु

स्वास्थस्थिति प्रतिकूल रहनेछ। अध्ययनमा सफलता पाउन अझै प्रतीक्षा गर्नुपर्ला। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भेटघाटमा प्रसन्नता बढ्नेछ। मान-सम्मान पनि पाइनेछ। आफन्तहरूले सहयोग गर्नेछन्।

### कुम्भ

नैराश्यता एवं उदासीनता बढ्नेछ भने मन कमजोर हुनेछ। समस्याहरू आउन सक्छन्। सानो कुराले पनि अप्ठ्यारो सिर्जना हुनेछ। आइतबारदेखि समय राम्रो हुँदै जानेछ। यात्रा एवं धन आर्जन गर्ने अवसर प्राप्त होला। बुद्धिको उपयोगले महत्त्वपूर्ण स्थान पाउनुहोला। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### वृष

परिश्रमले मात्र सफलता पाइने छ। स्वास्थ्यको ख्याल गरिरहनुपर्नेछ। व्यवसायमा सोचेजस्तै सफलता पाइनेछ। भाग्यले साथ दिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बुधबार र बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने, लेनदेनमा विवाद एवं चिन्ता बढ्ने देखिन्छ। घरेलु समस्याले सताउन सक्छ।

### कर्कट

घरेलु समस्याले सताउनुका साथै कुरा काट्नेहरू सक्रिय हुनेछन्। मनमा दुबिधाले दरिलो डेरा जमाउनेछ। अध्ययनमा अवरोध उत्पन्न हुन सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। साताको अन्त्यतिर परिश्रम गर्दा काममा सफलता मिल्ने, धन आर्जन हुने तथा आफन्तहरूको सहयोग जुट्ने योग छ।

### कन्या

विवादको सामना गर्नुपर्नेछ। प्रतिस्पर्धीहरूबाट सजग रहनुहोला। काम गर्दा गोपनियता अपनाउनुपर्नेछ। घरेलु समस्याले पनि सताउनेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। मन अशान्त बन्नेछ। आइतबारदेखि पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ भने बुद्धिको सही उपयोग हुनेछ।

### वृश्चिक

खर्च एवं विवाद बढ्नेछ भने मन अशान्त हुनेछ। निर्णयको अभावमा काम बिग्रनेछन्। कुरा काट्ने धेरै हुनेछन्। धनमाल हराउन सक्छ। समय अरूका लागि बित्नेछ। आइतबारदेखि मंगलबारसम्म मान-सम्मानका साथै काममा सफलता मिल्ने तथा मन प्रसन्न रहने देखिन्छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग पनि छ।

### मकर

मान-सम्मान मिल्नेछ। रमाइलो यात्रा हुनसक्छ। पहिलो भेटमै सहयोगको तत्परता देखाउनेहरू प्रशस्तै हुनेछन्। अध्ययनमा सफलता मिल्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता हात लाग्नेछ। साताको अन्त्यतिर खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। पारिवारिक झन्झटले सताउन सक्छ। झूटा आरोप पनि लाग्ने सम्भावना छ।

### मीन

अप्ठ्याराहरू प्रसस्तै आउनेछन्। स्वास्थ्य गडबड रहनेछ भने मन पनि चिन्तित होला। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। नैराश्यता एवं उदासीनता बढ्नेछ। बुधबार तथा बिहीबार मान-सम्मान मिल्ने, काममा सफलता पाइने एवं धन आर्जन हुने योग छ।

## सौराहामा आन्तरिक

# पर्यटकको घुइँचो



प्रवीण दत्त

चितवन- अन्तर्राष्ट्रिय हात्तीदौडको रमझम सकिन नपाउँदै चितवनको पर्यटकीय क्षेत्र सौराहामा गत साता अंग्रेजी नयाँ वर्ष र क्रिसमसमा रमाइलो गर्न आएका पर्यटकहरूले भरिभराउ रह्यो । यता पर्यटन व्यवसायी भने उनीहरूको आदर, सत्कारमा व्यस्त रहे । न्यू इयर इभमा रमाउन विदेशी पर्यटक गत वर्षभन्दा दोब्बरको संख्यामा ओइरिएका थिए । ५ वर्षअघिसम्म विदेशी पर्यटकको भरमा चल्ने यहाँका रेस्टुरेन्ट, पबहरू अहिले आन्तरिक पर्यटकको संख्या ह्वात्तै वृद्धि भएपछि पर्यटन व्यवसायीहरू हौसिएका मात्र छैनन्, यहाँ आउने पर्यटकलाई नयाँ कार्यक्रम के दिन सकिन्छ भन्ने विषयमा बहस पनि चलाउन थालेका छन् ।

पूर्व-पश्चिम लोकमार्गको टाँडी बजारबाट ६ किलोमिटरभित्र रहेको सौराहामा गत बिहीबार दिउँसोदेखि नै पर्यटकहरूको घुइँचो बढिरहेको थियो । एकातर्फ नयाँ वर्षमा रमाइलो गर्न आउने पर्यटकको भीडभाड थियो भने अर्कातर्फ भ्रमणमा आएका विभिन्न संघसंस्था, कलेज तथा स्कुलका गाडीहरूको ताँती नै लागेको थियो । चितवन राष्ट्रिय निकुञ्ज छेउमै अवस्थित सौराहा गर्मीयाममा अत्यधिक गर्मी तथा चिसोमा अत्यधिक चिसो हुने ठाँउ हो, तर मध्यपुसको चिसोको बेवास्ता गर्दै विदेशी पर्यटकहरू राप्ती नदीमा नुहाएको दृश्यले आन्तरिक पर्यटकहरूलाई अचम्मित तुल्याइरहेको थियो । उनीहरू हात्तीसँग जिस्किदै मस्किदै नुहाएनन् मात्र, घन्टौ चिसो पानीमा रमाइरहे । यता राप्ती बगरछेउमै रहेको पब तथा रेस्टुराँमा थामिनसक्नुको भीड थियो । चिसोलाई बिट मार्न ब्रान्डी तथा रमसँग रमाउने पर्यटकहरू आ-आफ्नै मुडमा देखिन्थे । यो क्षेत्रमा आउने पर्यटकलाई चिसो, गर्मीले छुदैन- उनीहरू जस्तो भए पनि रमाइलो गर्छन्, पर्यटन व्यवसायी शंकर सैंजूले साप्ताहिकलाई बताए ।

नेपाली नयाँ वर्षमा त्यति भीडभाड नहुने यो क्षेत्रमा अंग्रेजी नयाँ वर्षमा भने ठूलै घुइँचो लाग्छ । हात्तीदौडको मज्जा लिन आएको मौका छोपी आफूले नयाँ वर्ष पनि यतै मनाएको अस्ट्रेलियाबाट आएकी क्यास्ट्रिनाले भनिन्- 'न्यू इयरको रमाइलो अविस्मरणीय बन्यो ।' न्यू इयर इभको साँझ सौराहाको वातावरण निकै उल्लासमय थियो । प्रायः सबै होटलमा विदेशी तथा स्वदेशी पर्यटक जाडो छल्न एकै ठाँउमा क्याम्पफायर गरी बसेको दृश्यले धेरैलाई तातोको अनुभव प्रदान गरेको थियो । चिसो मौसम अनि बाहिर हुस्सु भएको बेला क्याम्पफायरमा बस्न निकै रमाइलो लागेकाले विगत दुई वर्षदेखि नयाँ वर्षको अवसर पारेर यहाँ आउने भरतपुरकी अस्मिता अर्यालले बताइन् ।

नारीको माघ अंक बजारमा आउँदैछ ।












• सम्पादकीय •

# व्यक्तिगत स्वतन्त्रताका विरुद्ध

भारतको पुनास्थित फिल्म तथा टेलिभिजन इन्स्टिच्युटमा अध्ययनरत नेपाली युवती नितु सिंहलाई भारत सरकारले आफ्नो देशविरोधी गतिविधिमा संलग्न रहेको आरोप लगाउँदै नेपाल फिर्ता पठाएको खबरले नेपाल र भारत दुवैतिरका स्वतन्त्रताप्रेमीहरूलाई स्तब्ध तुल्याएको छ । पूर्वसांसद अमरेशकुमार सिंहकी पत्नी नितु सिंहको निष्कासनमा सिंहकै संलग्नता देखिएको कुरालाई पनि भारतीय सञ्चारमाध्यमहरूले महत्त्वका साथ उठाएका छन् । उक्त घटनापछि घटनामा संलग्न पक्षहरूविरुद्ध यतिखेर मानव-अधिकारकर्मीहरू आन्दोलनरत छन् । प्रारम्भमा भारतविरोधी गतिविधिमा संलग्न रहेको भनिएकी सिंहलाई अहिले त्यसो नभै उनको परिवारकै आग्रहबमोजिम नेपाल फिर्ता पठाइएको भारतीय सुरक्षा अधिकारीहरूले बताएका छन् । यो घटना राजनैतिक प्रभाव र पहुँचको चरम दुरुपयोगको उदाहरण मात्र नभै एउटा व्यक्तिविरुद्ध सिंगो राज्यसंयन्त्र प्रयोग भएको निन्दनीय घटनासमेत हो । नेपाल र भारतबीच भएको सन् १९५० को सन्धिले एक-अर्काको देशविरुद्ध कुनै व्यक्ति वा समूहले काम गरे त्यस्तालाई देशनिकाला गर्ने वा कानुनी दायरामा ल्याउने प्रावधान छ । यही सन्धिलाई अझ विस्तृत बनाउन सन् २००५ मा सपुर्दगी सन्धी गरिएको थियो, जुन नेपालको संसद्ले अनुमोदन गरिसकेको छैन । यद्यपि नितु सिंहको घटनाका पछाडि सन्धिको प्रावाधानलाई टेकेर व्यक्तिले आफ्नो शक्तिको दुरुपयोग गरेको देखिन्छ । यसले भारतजस्तो शक्तिशाली राष्ट्रमा पनि कानुनलाई आफू अनुकूल व्याख्या गर्दै पहुँचका बलमा काम गरिँदो रहेछ भन्ने कुरा प्रस्ट पारेको छ । यसले कानुनको विधि र प्रक्रियामा गम्भीर प्रश्न मात्र उठाएको छैन, भारतमा अध्ययन र रोजगारीको सिलसिलामा रहेका नेपालीहरूसमेत असुरक्षित हुन पुगेका छन् । उक्त घटनाले नेपाल र भारतबीचको सामाजिक तथा राजनैतिक सम्बन्धलाई समेत खलल पुऱ्याएको छ ।

बाहिरबाट हेर्दा यो घटना एउटा व्यक्तिको पारिवारिक कलहजस्तो देखिन्छ । यद्यपि यसले नेपाल-भारतबीचको सम्बन्धमा नयाँ प्रश्न पनि उठाएको छ । सबैभन्दा आश्चर्यको कुरा भारतबाट निष्कासन भएको महिना दिन बितिसक्दा पनि नितु सिंहले नेपाल सरकारबाट कुनै प्रतिक्रिया पाएकी छैनन् । जबकि जुन सन्धिका बलमा उनी भारतबाट निष्कासन भइन्, त्यो कानुनअनुसार उनी नेपाल सरकारको अनुसन्धानको दायरामा हुन्थिन् । नेपालको परराष्ट्र मन्त्रालयले समेत सम्पूर्ण घटनाका बारेमा जानकारी नभएको बताएको छ । फलस्वरूप यो घटना पूर्णरूपमा भारतीय कर्मचारीसँग निकट सम्बन्ध रहेका सिंहको व्यक्तिगत पहुँचका बलले भएको देखिन्छ । यो विषयमा नेपाल सरकारले चाँडोभन्दा चाँडो भारतसँग सम्पूर्ण घटना-प्रक्रियाको विवरण माग गरेर दोषीमाथि कारबाहीको प्रक्रिया थाल्नुपर्छ । उक्त घटनापछि नितु सिंहले जुन मानसिक आघात बेहोर्नुपरेको छ त्यसको क्षतिपूर्ति हुन सक्दैन । आफ्ना पति अमरेशकुमार सिंहले पढाइ छाडेर घर फर्काउन नितु सिंहमाथि दिएको दबाब अस्वीकार गरेकै कारणले स्थानीय प्रहरीको सहयोगमा अवाञ्छनीय गतिविधिमा संलग्न भएको आरोप लगाउने सबै पक्षविरुद्ध व्यक्तिगत स्वतन्त्रता हनन गरेको अभियोग लगाइनुपर्छ र उनीहरूलाई कानुनी घेरामा ल्याएर नेपाल-भारत सम्बन्धलाई निरन्तरता दिनेतर्फ दुवै पक्ष सजग हुनुपर्छ । नितु प्रकरणका दोषीहरूमाथि कारबाही चलाउन नेपाल र भारत दुवैतर्फका सरकार सक्रिय हुनुपर्छ । आफ्नो राजनैतिक पहुँचलाई व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्नेहरूमाथि कानुनसम्मत कारबाही चलाएर नितु सिंहजस्ता पीडितलाई न्याय दिन नेपाल र भारत दुवै सरकारले ठोस पहल गर्न ढिलाइ गर्नुहुँदैन ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

• चिठीपत्र •




# अधिवक्ता अर्यालको पक्षमा

साप्ताहिकमा 'पुरुषको पक्षमा बोल्ने कोही भएन' शीर्षकको अन्तर्वार्तामा आफ्नै मनको कुरा पढ्न पाउँदा खुसी लाग्यो । म अधिवक्ता केशवराज अर्यालजीसँग सहमत हुँदै पुरुष उत्पीडनका केही उदाहरणका साथ विषय प्रवेश गर्छु ।

**घटना–१**

एक युवकले आफ्नी श्रीमतीलाई परपुरुषसँग लहस्सिएको भेट्टायो तर ठाउँको ठाउँ समात्न सम्भव भएन । यस्तो भएपछि उक्त युवकले सम्बन्धविच्छेद गरेर उसैसँग जान भन्यो, तर श्रीमतीजीले खोचे थापिन्– भनेजति क्षतिपूर्ति दिने भए मात्र छाड्ने । निल्न नसकिएको गाँस ओकल्न पनि नपाएपछि ती युवक विक्षिप्त जीवन बाँचिरहेका छन् । उनी भन्छन्– विवाह जन्मकैद रहेछ ।

**घटना–२**

एकतले आरसीसी घर धितो राखेर श्रीमतीलाई इजरायल पठाएका एक पुरुष आज सुकुम्बासी बनेका छन् । श्रीमतीजीले उतैबाट पखेटा हालेर अर्कैसँग उडेपछि यस्तो भएको हो ।

**घटना–३**

आफ्नो श्रीसम्पती श्रीमतीको नाममा गरिदिएका अर्का पुरुष आज कंगाल छन् । सिरीखुरी बोकेर श्रीमतीजी पोइल हिँडिदिएपछिको भोगाइ हो यो । आफूले कमाएको सम्पत्ति दाजुभाइलाई बाँड्नुपर्ला भनेर एउटा पुरुषले पूरा विश्वासका साथ श्रीमतीको नाममा गराउँछ तर श्रीमती .......।

**घटना–४**

दिल्लीतिर दर्बानी गरेर भए पनि एक जना भाइले श्रीमतीलाई उच्च शिक्षा दिलाइरहेका थिए । वर्ष दिनमा एक भारी माया बिसाउन आएका उनी आएकै रात ओछ्यान बहिष्कारमा परे । सशंकित ती भाइले कारण खोजबिन गरे । श्रीमती त नाठोसँग नारिने खालकी रहिछन् । यसले केटा पक्षलाई पारपाचुकेको निर्णयमा पुऱ्यायो तर श्रीमतीले नखरा पार्दै भनिन्–मलाई छाडेने नै हो भने १० लाख चाहिन्छ । ती पुरुष भाग्यमानी रहेछन् । श्रीमती नाठोसँग रंगेहात समातिइन् । उनले उनीहरूलाई पुलिसको जिम्मा लगाए र आफू मुक्त भए ।

जहाँ समर्पणको सट्टा षड्यन्त्र हुन्छ त्यहाँ सम्बन्ध कसरी अघि बढ्न सक्छ ? तर विभेदकारी कानुनको सिकार भैरहेका छन् पुरुषहरू । एउटा व्यक्तिका कारण सिंगो परिवार ध्वस्त भएका उदाहरण छन् ।

केशवराज अर्यालले मन नमिले पनि श्रीमान्लाई दुःख दिने नियतले नै छोडपत्र दिन नमान्ने महिलाहरूका सम्बन्धमा मुख खोलेका छन् । श्रीमान्लाई टाट पल्टाएर अरूसँग सल्कने श्रीमतीहरूका बारेमा दोस्रो र तेस्रो घटनाले बोलिसकेका छन् ।

केटालाई बहुविवाहको मुद्दा लाग्छ तर श्रीमतीहरूको विवाह बहुविवाहको परिभाषाभित्र पर्दैन । त्यसैले त होला, महिलाहरू पुरुष अलिकति शारीरिक वा आर्थिक रूपमा अशक्त हुनासाथ लासलाई जुम्राले छाडेजस्तो छाडेर हिँड्दिन्छन् । पुरुषले बाँचुञ्जेल स्याहार्नुपर्ने तर महिलाले चाहिँ मिल्काइदिन पाउने ? यहाँ यस्तै छ । एकोहोरो शंख फुकेझैं अधिकारको कुरा फुकिएको छ कर्तव्य बबुरो जिल्ल पर्छ ।

म मुलुकी ऐनका सम्बन्धमा बुझ्न जिल्ला अदालत कास्की पुगेको थिएँ । परामर्शदाताले प्रस्ट पारे– पुरुषका लागि कुनै व्यवस्था छैन । साँच्चै चक्रव्यूहजस्तो रहेछ प्रक्रिया । सम्बन्ध-विच्छेदका लागि निवेदन दिएपछि त्यसको निर्णय कुर्दाकुर्दै पुरुषको केश फुल्ने रहेछ । अनि केको समान हक ? महिलालाई एकै छिन, पुरुषलाई वर्षौं दिन ?

हामीले घरेलु हिंसा भन्दै आयौं तर त्यसको जरा खोतलेनौं । कारण त मुलुकी ऐन स्वयं रहेछ नि । श्रीमतीकै कारण श्रीमान्ले पारपाचुके चाहन्छ तर श्रीमती पानीमुनि गए पनि छाड्दिन भन्छे र चिसो सम्बन्धमा घाम लाग्न पनि दिन्न अनि पुरुष त्यस्तीलाई छोड्न बाध्य पार्न पनि हिंसामा उत्रने रहेछ ।

यी कुरा पुरुषका पक्षमा जस्ता लाग्छन्, तर सारमा यी कुरा असमानताको विपक्षमा छन् । अब सम्बन्धित पक्षले तत्काल महिलासरह पारपाचुकेको हक पुरुषलाई पनि दिलाउनुपर्छ । यसबाट उत्पन्न हुने समस्या भनेको सम्बन्ध-विच्छेदपछि महिलाको अवस्था हुन सक्छ जसको सरल समाधान पनि छ । यसका लागि सँगसँगै छोरीलाई पनि छोरासरह अंशको व्यवस्था गरिनुपर्छ । श्रीमान् र श्रीमती मन नमिल्नासाथ अलग्गिन सक्छन् र आ–आफ्नो अंशमा बाँच्न सक्छन् ।

केही समयअघि सुर्खेतमा पुरुष अधिकारका लागि समूह नै गठन भएको समाचार आएको थियो । समयमै मुलुकी ऐनलाई समभावमा ल्याइएन भने यस्तो आन्दोलनले ठूलै आकार ग्रहण गर्ने निश्चित छ ।

**–कमल नेपाली**

• तीतो सत्य •

● असहाय, गरिब तथा रोगीहरूको सेवा गर्नु नै ईश्वरलाई खुसी पार्नु हो ।

● जसले दुःखसँग आत्मसात गर्न सक्दैन उसले सुखको खोजीमा सफलता पाउन सक्दैन ।

**–उदीर्ण के.सी.**

● यदि तिमी सम्मानित हुन चाहन्छौ भने त्यस्ता व्यक्तिको सत्संग गर्नुपर्छ जो सम्मानित छन् ।

● सबैभन्दा असल मित्रता त्यो हुन्छ जसमा ठूलो मेलमिलाप छ, ठूलो झगडा पनि छ र धेरै माया छ ।

● हाम्रो आयु चार दिनको होस् तर प्रेमपूर्ण होस् ।

**–प्रकाश भण्डारी**

● मानिसको स्वभाव चिन्नु छ भने कमजोर भएर हेर ।

● जसले तिमीलाई पछ्याइरहेको छ, कृपया उसलाई पर्खिदेऊ अनि जसलाई तिमी माया दिन सक्दैनौ उसलाई घृणा पनि नदेऊ ।

**–अन्जान श्रेष्ठ**

● जति निराश भए पनि हृदयमा जीवनप्रति आशा जगाउनुपर्छ, त्यही नै जीवन संघर्ष हो ।

**–गोकर्ण (विवश)**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

• सहर चर्चा •



# प्राकृतिक जोगाउने अभियान

झट्ट हेर्दा लाग्न सक्छ, यो मानिसको मगज खुस्किएछ क्यारे । पहिरनमा फोहोर प्लास्टिकका टुक्राटाक्री झुन्ड्याएका ताराप्रसाद ओझालाई देख्नासाथ जोकोहीलाई यस्तै लाग्न सक्छ, तर उनी पागलचाहिँ होइनन् । उनको पहिरन नियालेर हेर्नुहोस्, त्यसले केही सन्देश बोकेको छ । धनगढीबाट महिना दिनअघि सुरु भएको यो अभियानको खास लक्ष्य हो- 'वातावरणिय विनाशप्रति जनमानसको ध्यान खिच्नु ।'

उमेरले ४३ को नेटो काटिसकेका ओझाले प्रकृतिमाथि भएको मानवीय अतिक्रमण तथा निकट भविष्यमा निम्तिने खतराप्रति सचेत गराउन आफूलाई यस्तो बहुरंगी भेषमा उतारेका छन् । उनले शिरमा एउटा टोपी लगाएका छन्, जसलाई हिमालको आकृति दिइएको छ । टोपीको फेरोमा हरियो जंगल बनाइएको छ । त्यस्तै, भाङ्ग्राको कोटमा उनले चकलेट, चाउचाउ आदि प्लाष्टिकको खोल टाँसेका छन् । छेउतिर मिनरल वाटरको खाली वोत्तल र प्लास्टिकको पोको झुन्ड्याएका छन् ।

कोटको दायाँ छेउ हरियाली प्राकृतिक दृश्य सजाइएको छ भने बायाँतिर विध्वंशको चिह्न देखाइएको छ । यसमा प्रयोग गरिएको रंगको पनि विभिन्न अर्थ लगाउँछन् उनी । उनको हातमा बाँसको लौरो छ, जुन हरियो, कालो, पहेंलो रंग पोतिएको छ । यसले प्रकृतिको सन्देश दिने उनको तर्क छ । ओझा किन प्रकृति जोगाउने सांकेतिक अभियानमा प्रेरित भए ? 'माटोको गुण तिर्न,' उनी छोटकारीमा भन्छन्- 'हामीले जन्मिएको भूगोललाई केही त दिनुपर्‍यो नि ?'

झापाको काँकडभिट्टामा जन्मिएकी रीति लामा काठमाडौंमा मोडलका रूपमा चिनिन्छिन् । केही महिनाअघि सम्पन्न 'मिस्टर एन्ड मिस काठमाडौं-२००९' की एक प्रतिस्पर्धी रीतिले उक्त प्रतिस्पर्धामा मिस पर्सनालिटीको उपाधि जितेकी थिइन् । आफूले भाग लिएको पहिलो प्रतिस्पर्धामै एउटा उपाधि जित्न सफल भएपछि रीतिको मोडलिङप्रतिको मोह गाढा बन्दै गएको छ । केही साताअघिसम्म रीतिले नेपालकै मोडलिङमा करियर बनाउने योजना बनाएकी थिइन् । उनको यो योजना अब बेलायतसम्म पुग्ने भएको छ । केही सातापछि नै उनी विद्यार्थी भिसामा बेलायत पुग्दैछिन् । 'नेपालको मोडलिङमा हासिल गरेको ज्ञानलाई बेलायतमा सदुपयोग गर्ने लक्ष्य छ, रीति भन्छिन्– 'तर ठूलो ठाउँमा मैले कुन स्थान पाउँछु थाहा छैन ।' ५ फिट २ इन्च अग्ली रीतिले व्यवस्थापन संकायबाट स्नातकोत्तर गरिसकेकी छिन् ।

# बेलायतको मोडलिङ रहर



• मोडल वाच •

• मुखाले •

ठीक ढंगले संघीयताको निर्धारण नगरिए देश बचाउन सकिँदैन ।

**सीपी मैनाली**

संघीयता कुनै दलविशेषको भन्दा पनि जनताको माग भएकाले यसलाई कसैले निषेध गर्न सक्दैन ।

**प्रभु साह**

विनाअध्ययन चुनावी नाराका भरमा संघीय राज्य घोषणा गर्दा मुलुक टुक्रन सक्छ ।

**सुजाता कोइराला**

माओवादीले सत्ताकब्जा गर्न खोज्यो भने राज्य टुलुटुलु हेरेर बस्न सक्दैन ।

**माधवकुमार नेपाल**

शान्तिपूर्वक बाँच्न पाइँदैन भने संविधानले मात्र के गर्छ ?

**रामचन्द्र पौडेल**

माओवादी सशस्त्र पार्टी हो, नागरिक पार्टी होइन ।

**झलनाथ खनाल**

अब लोकतन्त्रको रक्षाका लागि नयाँ ढंगले विद्रोह गरिनेछ ।

**डा. बाबुराम भट्टराई**

हामी माओवादीलाई सफल बन्न दिदैनौं ।

**लक्ष्मण थारू**

माओवादीले हतियारको दम्भ र सत्तामोह नत्याग्दासम्म नयाँ संविधान बन्दैन ।

**ईश्वर पोखरेल**

अनमिनको कुनै काम छैन, यसले नेपालमा द्वन्द्व बढाएको छ ।

**महेन्द्र यादव**

# देशलाई प्लटिङ गरेर घडेरीमा परिवर्तन गरिएको छ

नेपाली राजनीतिमा मधेस आन्दोलनको ठूलो महत्व छ। यही आन्दोलनले मधेसी जनअधिकार फोरम तथा तराई-मधेस लोकतान्त्रिक पार्टीलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्यायो। यो आन्दोलनले राष्ट्रिय जनमोर्चा नेपाललाई पनि ठूलो फाइदा पुगेको कुरा अहिलेसम्म विश्लेषण गरिएको छैन। मधेस आन्दोलन उत्कर्षमा पुगेपछि तत्कालीन सरकारले मधेसवादी दलसँग देशलाई संघीय संरचनामा परिणत गर्ने सम्झौता गऱ्यो। मधेस आन्दोलन सही भए पनि सरकारले गरेको सम्झौता गलत हो भन्दै राष्ट्रिय जनमोर्चाले आन्दोलन गरेपछि यसप्रति आममानिसको चासो बढ्न थाल्यो। अहिले संघीयताको विरोध गर्ने राजनैतिक दलहरूमध्ये राष्ट्रिय जनमोर्चा अग्रस्थानमा छ। चित्रबहादुर केसीको नेतृत्वमा राष्ट्रिय जनमोर्चाले संविधानसभा निर्वाचनमा १ लाख मत प्राप्त गर्दै संविधानसभाको दसौं ठूलो दल बनेको छ। संविधानसभामा २४ दलको संलग्नता छ। समानुपातिक निर्वाचनमार्फत यो दलका ३ जनाले संविधानसभामा प्रतिनिधित्व गर्छन्।

**देशका सबैजसो दल संघीयताका पक्षमा छन्, तपाईं विपक्षमा हुनुको कारण आफ्नो सानो दलको राष्ट्रव्यापी चर्चा होस् भन्ने आशय हो ?**

नेपालमा चर्चाका लागि राजनीति गर्ने दलहरू पनि होलान्, तर हामीले चर्चाका लागि संघीयताको विरोध गरेका हौं भनेर यसलाई हलुका मानियो भने देशका लागि दुर्भाग्यको कुरा हुनेछ। जुन देशले बजेट बनाउँदा अरू मुलुकले कति पैसा दिन्छ भनेर विचार गर्नुपर्छ, त्यस्तो देशले थप १५-१६ वटा राज्यको बजेट बनाउनु पर्दाको अवस्था कस्तो हुन्छ भनेर कसैले विचार गरेको छैन। हामीसँग संघीयतामा जाने न त पूर्वाधार छ, न त आर्थिक अवस्था, न संघियतामा जानुपर्ने बाध्यता नै छ।

**अरू दलका नेताले कुरै नबुझी संघीयतामा जाने निर्णय गरेका हुन् ?**

धेरैजसोको व्यक्तिगत वा पार्टीगत स्वार्थ छ। यदि देश र जनताको पक्षमा गम्भीर भएर सोच्ने हो भने संघीयता नेपालको आवश्यकता होइन। पहिलो संघीयता दिँदा हामीले आत्मनिर्णयको अधिकारसमेत दिनुपर्छ। त्यसको अर्थ अहिले नेपालसँग रहेको सार्वभौमसत्ता प्रत्येक राज्यमा जाने भयो। प्रत्येक राज्यमा प्रहरी, प्रशासन, लोकसेवा, न्यायपालिकालगायत सबै संवैधानिक निकाय गठन गर्नुपर्छ। यो आर्थिक रूपमा मात्र होइन, पूर्वाधारका हिसाबले पनि सम्भव छैन। अर्को कुरा, अचानक संघीयताको कुरा कसरी आयो ? यसका पछाडि के षड्यन्त्र छ भन्ने कुरा खोतल्दा पनि यो नेपालका लागि आवश्यक छैन भन्ने कुरा प्रस्ट हुन्छ।

**नेपाल संघीयतामा जानुको पछाडि कसको के षड्यन्त्र छ ?**

राजनीति गर्ने मानिसले चपाएर कुरा गर्नुहुँदैन। सीधा भन्ने हो भने संघीयताका पछाडि भारतीय षड्यन्त्र छ। संघीयतामा जाने दलका नेताहरूले भारतीय स्वार्थलाई स्वीकार गरेपछि यस्तो अवस्था आएको हो। संघीयतामा जानुअघि त देश यति कमजोर छ भने संघीय राज्यहरूको व्यवस्थापछि अझ कमजोर हुनु स्वाभाविक छ। राज्य जति कमजोर भयो, भारतले उति बढी खेल्ने मौका पाउँछ। यहाँ बहुतै सोच-विचार गरेर नेपाललाई कमजोर बनाउने एकपछि अर्को डिजाइन पास भैरहेको छ।

**देशका अल्पसंख्यक, पीडित एवं अविकसित क्षेत्र एवं वर्गलाई शक्तिशाली बनाउन संघीयतामा जानुपर्छ भने त्यो त्यस क्षेत्रका जनताको अधिकार होइन र ?**

यो देशमा मधेसी, दलित, कर्णाली, जनजाति आदिलाई अन्याय भएको सत्य हो, तर यो अन्याय संघीय राज्यमा नगएर भएको हो ? अवश्य होइन। तत्कालीन नोकरसाही एवं केन्द्रीकृत राज्यप्रणालीका कारणले भएको हो। त्यसो भए उनीहरूलाई विकेन्द्रित राज्यप्रणालीअन्तर्गत सबै किसिमका अधिकार दिँदा भैहाल्यो नि। छुट्टै राज्य किन बनाउनुपऱ्यो ? यहाँ त नेपाललाई प्लटिङ गरेर घडेरीमा परिवर्तन गर्न थालिएको छ। यो टुक्रा फलानो जातिको, यो टुक्रा फलानो प्रदेशको। यो यति घातक तरिकाले अघि बढेको छ कि तपाईं नेपाली टोपी लगाएर न त तराई जान सक्नुहुन्छ, न त पूर्वी पहाडी जिल्लाहरू। संघीय राज्यको विद्रूप रूप अहिले नै देख्न थालिएको छ। भोलिको अवस्था कस्तो हुन्छ, सहजै कल्पना गर्न सकिन्छ। नेपाली जनताले यस्तो अधिकार खोजेकै होइनन्।

**०६२-६३ को आन्दोलन, मधेस आन्दोलन आदिले नेपाली जनता परिवर्तन खोजिरहेका छन्, उनीहरूका समस्या समाधान गर्नुपर्छ भन्ने कुरा स्पष्ट छ। यस्तो बेलामा फेरि पुरानै शैलीमै जानुपर्छ भन्ने कुरा तर्कसंगत भएन नि ?**

०६२-६३ को आन्दोलनमा कसैले पनि संघीयता चाहियो भनेका थिएनन्। उनीहरू गणतन्त्र एवं स्वतन्त्रताका लागि लडेका थिए। अन्तरिम संविधानमा पनि कहीँ कतै संघीयतामा जानुपर्छ भनिएको थिएन। सबैप्रति समानताका आधारमा व्यवहार गर्नुपर्ने, मिलेर संविधान लेखेर समुन्नत देशको निर्माण गर्ने आसय थियो। मधेस आन्दोलनले पनि संघीयता खोजेको थिएन। मधेसीहरूले त्यहाँको सामन्ती, नोकरसाहीको थिचोमिचोविरुद्ध आन्दोलन गरेका थिए, तर मधेस आन्दोलनमा संघियतालाई यसरी मिसाइयो कि अहिले स्वयं आन्दोलनकारी जनता पनि छक्क पर्न थालेका छन्। हेर्दै जानुहोला, देशका लागि संघीयता खतरनाक छ भन्ने थाहा हुन थालेपछि उनीहरू फेरि अर्को आन्दोलन गर्न थाल्नेछन्। रह्यो परिवर्तनका कुरा,

शेष पृष्ठ २३ मा जारी



चित्रबहादुर केसी, अध्यक्ष, राष्ट्रिय जनमोर्चा नेपाल


६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !!
(Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
४/४ महिना मै IA/ICom Pass!! (TU)
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरुका लागी IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom,BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400 9851021071
चावाहिल:2290690
नयाँ बानेश्वर:2160822
पोखरा:9846147694
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665



RJ VJ MC
उदघोषण तालिम
पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
रेडियो कर्मीदारा संचालित उदघोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ, मृदुला खनाल, मुनाल शिशिर, सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँइटेल, अमित अधिकारी, हिरामणि तिमल्सिना
Winter Camp Special Discount
BIKALPA THE OPTION
फोन: ०१-२२९०१६८
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी





# शालीनदीको यात्रा

शालीनदी काठमाडौं जिल्ला बज्रयोगिनी गाविस वडा नं. ६ अन्तर्गत पर्छ। यो स्थान पुरानो बसपार्कबाट करिब १७ किलोमिटर उतर-पूर्व दिशामा छ। यो नदीको उद्गमस्थल लप्सीफेदी हो। यो नदीमा नगरकोटबाट बग्दै आएको नदी मिसिएपछि मनोहरा खोलाका नामले चिनिन्छ। यही मनोहरा खोला काठमाडौं र भक्तपुरलाई छुट्याउने प्राकृतिक सिमाना पनि हो। यो तीर्थस्थलमा विभिन्न पाटी-पौवा, देवदेवी, घाट, सत्तल, व्रतस्थल, यज्ञस्थल आदि छन्। यहाँ महादेवको स्वेतरूप नर्वदेश्वर महादेवको मन्दिर पनि छ। डोलेहरूको अवशेष मानिने ढुङ्गाहरू र छाप्राहरू पनि यहाँ हेर्न सकिन्छ। हालसालै यहाँ श्री स्वस्थानी देवीको मन्दिर पनि निर्माण गरिएको छ।

माघ महिनामा लाग्ने यहाँको मेलालाई स्वस्थानीको मेला, शालीनदीको मेला तथा माधवनारायणको मेला आदि नामले चिनिन्छ। उक्त अवधिमा व्रत बसे आफ्नो मनोकामना पूरा हुने र मृत्युपश्चात वैकुण्ठमा बास पाइने धार्मिक विश्वास रही आएको छ। त्यसैगरी लाखौं भक्तजनहरू आफ्नो पापमोचन हुने र पुण्य आर्जन गर्ने उद्देश्यले शालीनदीमा स्नान गरी पूजा-प्रार्थना गर्छन्। भक्तजनहरूले व्रतालुलाई उपभोग्य वस्तु र नगद पैसा पनि दान दिन्छन्। स्कन्द पुराणमा स्वस्थानी देवीलाई खड्ग, त्रिशूल, वर र नीलकमल हातमा लिएकी, नाना अलंकार, वस्त्र पहिरिएकी तथा सुनको जस्तो वर्ण भएकी परमेश्वरीका रूपमा वर्णन गरिएको छ। स्वस्थानी व्रतमा अन्यत्र भगवान् शिवको गुणगान गाइए पनि शालीनदीमा भने माधव नारायणको पूजा-आराधना हुन्छ।

किंवदन्ती अनुसार महादेव पति पाउने इच्छा लिएकी पार्वतीलाइ विष्णुले स्वस्थानी व्रतको अनुष्ठान सिकाई उनको उद्धार गरिदिएकाले विष्णुको आराध्य स्वरूप माधव नारायणको पूजा-प्रार्थना हुने गरेको धार्मिक विश्वास छ। व्रतारम्भको अघिल्लो दिन माधव नारायणको मूर्ति व्रतालुहरूको अगुवाइ गर्ने काजीको नेतृत्वमा व्रम्हपुरबाट शालीनदीको किनारमा रहेको धलंपु पाटीमा लगिन्छ। यो अवधिभर पुरुष व्रतालुहरू यसै स्थानमा रातभर धुनी बालेर भजन-किर्तन गरेर बस्छन्।

पुरुष व्रतालुहरू हरेक बिहान सबेरै उठेर साँखु सहर परिक्रमा गरेर शंख फुक्दै महिला व्रतालुहरूलाई शालीनदीमा भेला हुन सूचित गर्छन्। सम्पूर्ण व्रतालुको स्नान सकिएपछि माधव नारायणको मूर्तिलाई धलंपु पाटीस्थित आसनमा विराजमान गराइन्छ। यो मूर्ति व्रत सकिएपछि हरेक दिन साल्खाटोलमै फर्काइन्छ।

मूर्ति फर्काउन गएका व्रतालुहरू दर्शनका लागि साँखु सहरमा रहेका मुख्य-मुख्य देवदेवीका मन्दिरहरूमा जाने परम्परा छ। यसरी दर्शनका लागि जाँदा पुरुष व्रतालुहरूले हातमा स-साना प्यालाहरूमा छ्वाली राखिएको सहस्रधारा नामको कलश बोकेका हुन्छन्। यही कलशमा रहेको पानी देवदेवीलाई छर्किन्छ। साथमा आएका महिला व्रतालुहरूले भने कलशमा पानी थपिदिन्छन्। यसरी जल चढाउने क्रममा अन्तिम पटक



तस्बिर : महेश प्रधान

ज्योतिलिङ्गेश्वर महादेव स्थानमा जाने नियम छ। त्यहाँ रहेको बसाहालाई नमस्कार गरेपछि व्रतसम्बन्धी त्यस दिनको कार्य विधिवत्रूपमा सम्पन्न हुन्छ। यसरी व्रतको कार्य सकिएपछि पुरुष व्रतालुहरू धलंपु पाटी भोजनका लागि फर्कन्छन् भने महिलाहरू भोजनका लागि आ-आफ्नो घर-डेरामा जान्छन्। यो प्रक्रिया व्रत अवधिभर निरन्तर जारी रहन्छ।

अन्तिम दिन अर्थात् माघ पूर्णिमाको दिनमा अश्वमेघ यज्ञ गरी अराध्य देव श्री माधव नारायणको पूजा-प्रार्थना गरी स्वस्थानी व्रत सम्पन्न हुन्छ। व्रत अवधिभर व्रतालुहरूलाई कठोर नियमले बाँधिएको हुन्छ। व्रतालुहरूले नुन सेवन गर्नुहुँदैन। दिनको एक छाक मात्र भोजन गर्नुपर्छ। खानामा रौं वा कोदो आए खाना खान छाड्नुपर्ने हुन्छ। खानामा भात, चिउरा, घिउ, चाकु, दूध, केराउ, सुन्तला, पालुङ्गो, मूला आदि खान हुन्छ। भीमा एकादशीका दिन भने फलफूल मात्र खान पाइन्छ।

त्यसैगरी व्रत अवधिभर जुत्ता लाउन पाइँदैन टीका नलगाई पूजा पनि गर्न हुँदैन। खुट्टा बाँधेर पनि बस्न पाइँदैन। नियम पालना नगर्ने व्रतालुलाई कठोर सजायको व्यवस्था छ। उसले सजाय स्वरूप धोती मात्र लाएर शालीनदी पारी बसेर शंख फुकेर बस्नुपर्ने हुन्छ।

व्रत अवधिभर व्रतालुहरूले करिब दुई सय किलोमिटर पैदल यात्रा पनि गर्नुपर्ने हुन्छ। यो पैदल यात्रालाई परदेश जाने भनिन्छ। यसअन्तर्गत व्रतालुहरू माघ कृष्ण त्रयोदशीका दिन दर्शनका लागि वज्रयोगिनी मन्दिर पुग्छन्। सो दिन वज्रयोगिनी परिसरमै व्रतका कार्य सम्पन्न गरिन्छ। त्यसको भोलिपल्ट पशुपतिनाथको दर्शनका लागि जानुपर्छ। पशुपति दर्शन सकिएपछि भोजनका लागि सानो गौचरणमा व्यवस्था मिलाइएको हुन्छ। त्यसपछि व्रतालु टोली नारायणहिटी र हनुमानढोका हुँदै माघ औंसीका दिन फर्पिङमा जान्छन्।

त्यहाँ पूजा पाठ सकिएपछि भोजनका लागि पिच बाटो हुँदै करिब २० किलोमिटर हिंडेपछि शंखमूलमा मात्र भोजन गर्न पाइन्छ। शंखमूलबाट माघ शुक्ल द्वितीयाका दिन इमाडोल, लामाटार र त्यसपछि जंगल नै जंगलको कठिन र डरलाग्दो बाटो हिंडेर व्रतालुहरू पनौतीतर्फ लाग्छन्। पनौतीमा पूजा सकेपछि भोजनका लागि बनेपाको भोखुसीसम्म आउनुपर्ने हुन्छ। त्यसपछि बनेपा सहरलाई छाडेर व्रतालुहरू नाला, सुडाल, तेलकोट हुँदै पुनः शालीनदीमै फर्कन्छन्। त्यसैगरी माघ शुक्ल एकादशी अर्थात् भीमा एकादशीको पूजापाठ चाँगुनारायण मन्दिरको परिसरमा हुन्छ।

माघ शुक्ल नवमीका दिन व्रतालुहरूलाई गुठी संस्थानले शालीनदीको किनारामा खीर ख्वाउने चलन छ। त्यो दिन अन्य खानेकुरा खान निषेध गरिएको छ। यसको दुई दिनअघि सप्तमीको दिन साँखुका हरेक घरबाट परिवारका सदस्यको संख्याका आधारमा खोटो भएको सल्लाको काठमा कपडा बेरी दियालो बत्ती बनाइन्छ। यसरी बनाइएका दियालो बत्ती त्यस दिन सबेरै बालेर शालीनदीमा टपरी राखेर बगाइन्छ। यसरी बत्ती बाल्दा परिवारको सुस्वास्थ्य-दीर्घायु हुने विश्वास गरिन्छ। त्यो दिनको बिहान बगाइएका बत्तीहरू हेर्न टाढाबाट आएका भक्तजन जाग्राम बस्छन्। नदीमा बगाइएका बत्तीले पानीमा आगो लागेजस्तो अनुभूति गर्न सकिन्छ।

**रामचन्द्र रम्तेल**



# सुन्दर पनौती

## पर्यटकको पर्खाइमा

तस्बिर सौजन्य : प्रशान्त श्रेष्ठ

काभ्रे– पनौती पर्यटकको पर्खाइमा छ। पुराना कलाकृतिहरूले भरिएको पनौती सहर विश्वसम्पदा सूचीमा प्रस्तावित र नेपाल सरकारद्वारा घोषित स्मारक क्षेत्र पनि हो।

पनौती बजारका कला-कौशलले भरिएका घर, मठ-मन्दिर, चारैतिरका हरियाली वनजंगल, गोरखनाथ, शारदादेवीस्थान, धनेश्वर, खोपासी जंगल, खोपासी फाँट आदि पर्यटकलाई आकर्षित गर्न सक्ने सुन्दर सम्पत्ति हुन्। यहाँबाट नमोबुद्ध, लाँकुरी भञ्ज्याङ, कामीडाँडा, ढुंखर्क, बेथानचोक, नारायणस्थान, शिवगुफाजस्ता थुप्रै पर्यटकीय क्षेत्र पनि सजिलै पुग्न सकिन्छ। अझ यहाँ लाग्ने १२ वर्षे मकर मेला, धनेश्वर महादेवको मेला, गाईजात्रा, बेलविवाह, देवीनाच, स्वतकी पर्व, पनौती जात्रा, कृष्ण नारायण जात्रा, भीमसेन जात्रा, नवदुर्गा नाच, गठेमंगल आदि स्थानीय मेला तथा जात्राले समेत धेरै पर्यटकलाई लोभ्याउन सक्छन्। 'पनौतीभित्र जति सुन्दरता छ, त्यो सुन्दरताले धेरै पर्यटकलाई आकर्षण गर्न सकेको छैन, हामी सबै पर्यटक भित्र्याउन क्रियाशील छौं,' -पनौती पर्यटन विकास समितिका अध्यक्ष सुरेस सैजू भन्छन्। एउटै ढुंगामाथि रहेको र भूकम्प जाँदासमेत क्षति नहुने सहरका रूपमा परिचित पनौतीका सम्बन्धमा प्रचारप्रसार हुन नसक्नु, पर्यटकहरूलाई राख्ने उचित व्यवस्था नहुनु, पर्यटक भित्र्याउन आवश्यक पूर्वाधारहरू नबन्नुजस्ता कारणले पर्यटकहरू यहाँ आउन नसकेको सैजूको ठम्याइ छ।

पनौती पर्यटन सेवा समितिले पर्यटन सूचना केन्द्र खोलेर र होम स्टे कार्यक्रममार्फत पनौतीमा पर्यटकहरूलाई आकर्षित गर्ने अभियान सुरु गरेको छ, तर धेरै पर्यटकलाई पनौतीमा राख्न सकेको छैन। जापान, इङ्ल्यान्ड, अमेरिका, जर्मनी, स्पेन, क्यानाडा, फ्रान्स, स्वीजरल्यान्ड, कम्बोडियासहित २५ देशका १ हजारभन्दा बढी पर्यटक दुई महिनाको अवधिमा आए पनि अधिकांश पनौती क्षेत्र घुमेर फर्किए। समितिका अनुसार, तीमध्ये होम स्टे कार्यक्रमका लागि व्यवस्था गरिएको १६ घरमध्ये ६ घरमा १४ जना पर्यटक मात्र बसे। पनौती क्षेत्र पर्यटकहरूका लागि साइट सिनजस्तो मात्र भएको छ। 'साइट सिनका रूपमा मात्र होइन, पनौती क्षेत्रमा पर्यटकहरूलाई राखेर यसको ऐतिहासिक, धार्मिक एवं पुरातात्त्विक महत्व अनुभव गराउने योजना छ,' -पर्यटन सेवा समितिका सचिव मुकुन्द सापकोटा भन्छन्।

पर्यटकहरू यहाँ नबस्नुको कारण पनौती नगरपालिकाको बेवास्ता एवं पर्यटन व्यवसायीहरूले आवश्यक पूर्वाधार पूरा गर्न नसक्नु पनि हो। व्यवस्थित होटल, साइबर, यातायातका साधन, डिपार्टमेन्टल स्टोर आदिको अभाव तथा सहरको फोहोर व्यवस्थापन गर्न नसक्नुले पनि पनौतीमा पर्यटकहरू आउन नसकेको तर्क गर्दै अध्यक्ष सैंजू भन्छन्- 'पर्यटन समितिमार्फत हामी सबै पूर्वाधार विकासका लागि प्रयास गरिरहेका छौ, नत्र पनौती साइट सिन हेर्ने क्षेत्रमै सीमित हुनेछ।'

राजधानी काठमाडौंबाट नजिकै ३२ किलोमिटरको दूरीमा रहेको काभ्रेको यो क्षेत्र अहिलेसम्म पनि पर्यटकहरूकै प्रतीक्षामा रहनु विडम्बनाको कुरा हो। सन् २०११ मा नेपालमा १० लाख विदेशी पर्यटक भित्र्याउने सरकारको योजनालाई सार्थक बनाउन पनौतीलाई पनि पर्यटक जानैपर्ने र बस्नैपर्ने ठाउँ बनाउनु आवश्यक छ। 'बाह्य पर्यटक मात्र होइन, आन्तरिक पर्यटक बढाउन पनि पनौती महोत्सवको आयोजना गर्नुपर्छ,' -सचिव सापकोटा भन्छन्।

# बढ्यो विकेन्ड कल्चर



पृष्ठ १ बाट जारी

बेलायतमा गरिएको सर्वेक्षणको नतिजा तथा काठमाडौंको बैंकमा कार्यरत ती महिलाबीच दुईवटा समानता छ, पहिलो दुवै बैंकमा कार्यरत छन् अनि दोस्रो दुवै पक्षले शुक्रबार चाँडै घर गएर फ्रेस हुँदै साथीहरूसँगको रमाइलो भेटघाटमा सहभागी हुनुपर्नेछ ।

अमेरिका तथा युरोपमा 'विकेन्ड' को आफ्नै महत्त्व छ । शुक्रबार तथा शनिबार दुई दिन सार्वजनिक बिदा दिइने हुनाले शुक्रबार साँझ चार बजेपछि नै विकेन्ड प्रारम्भ हुन्छ । पश्चिमी मुलुकको विकेन्ड आइतबार रातिसम्म चल्छ । नेपालमा भने शनिबार एक दिनमात्र सार्वजनिक बिदा दिइने भएकाले शुक्रबार साँझदेखि शनिबार रातिसम्मलाई मात्र विकेन्ड मानिन्छ ।

कलेजमा अध्ययनरत ब्रुना कार्की तथा लुना कोइरालालाई समेत शुक्रबारको कलेज निकै रमाइलो लाग्छ । 'शनिबार बिदा हुने भएकाले, ब्रुना भन्छिन्– 'बिहानीको कक्षा भएकाले हाम्रो विकेन्ड शुक्रबार बिहान ११ बजेपछि नै प्रारम्भ भैसकेको हुन्छ ।' लुना र ब्रुना विकेन्डचाहिं कसरी मनाउँछन् त ? लुना भन्छिन्– 'शनिबार एक दिनको बिदा त त्यत्तिकै जान्छ ।' ब्रुनाको कुरा अलि बेग्लै छ । उनी भन्छिन्– 'म त शुक्रबार साँझ साथीहरूसँग न्युरोड जान्छु अनि शनिबारचाहिं आफूलाई मन परेको कलाकारको चलचित्र हेर्न जान्छु ।'

कलेजका विद्यार्थी मात्र होइन, कर्मचारीहरूबीच पनि विकेन्डको आफ्नै महत्त्व छ । एउटा सरकारी बैंकका कर्मचारी भन्छन्– 'हामी प्राय: शुक्रबारको कार्यालय समयपछि मन मिल्ने साथीभाइ बसेर मजाले तास खेल्छौं । शनिबार बिहान काठमाडौंनजिकैको कुनै मन्दिर पनि जान्छौं ।'

हिमाल खबर पत्रिकामा प्रकाशित लेखको एउटा सानो अंश साभार गर्ने हो भने पनि पश्चिमाहरूले मनाउनेजस्तो विकेन्ड नेपालमा मनाउन थालिएको छैन । लेखमा एउटा रमाइलो प्रसंग उल्लेख छ । 'सन्दर्भ केही समयअघिको हो । ब्रिटिस काउन्सिलद्वारा सञ्चालित एउटा कार्यक्रममा सहभागी हामी १६ जना हरेक सोमबार असजिलोमा पर्थ्यो । कारण, सप्ताहान्त (विकेन्ड) पछिको पहिलो कार्यदिन । बेलायती शिक्षक खुसी तथा फुर्तिलो प्रस्तुतिका साथ प्रश्न गर्थे, 'तपाईंहरूको बिदा कसरी बित्यो ?' जवाफ दिने पालो नआओस् भन्ने लाग्दा-लाग्दै पनि बोल्नुपर्थ्यो । सबैसँग प्राय: एकै किसिमको जवाफ हुन्थ्यो, घरमै बसेर गफ गरें, टेलिभिजन हेरें, तास खेलें, पुस्तक पढें आदि । अर्को सोमबार फेरि त्यही प्रसंग दोहोर्‍याउनुपर्थ्यो । भर्खरै नेपाल आएका ती बेलायती शिक्षकले आश्चर्य मान्दै सोधे, 'हैन, नेपालीहरूलाई बिदा चाहिंदैन ? फ्रेस हुनुपर्दैन ?'

वास्तवमा नेपालमा विकेन्ड कल्चर प्रारम्भ भएको धेरै भएको छैन । पश्चिमा मुलुकहरूमा नेपालीहरूको संख्या बढ्न थालेपछि मात्र यहाँ विकेन्ड कल्चर विकसित भएको हो । विडम्बना के छ भने नेपालमा शुक्रबार साँझदेखि शनिबार साँझसम्मको २४ घण्टाभित्रै विकेन्ड मनाउनुपर्ने बाध्यता छ । छोटो विकेन्डका कारण राजधानीलगायत प्रमुख सहरका बासिन्दाहरू मन खोलेर मनोरञ्जन गर्न सकिरहेका छैनन् । राजधानीका अधिकांश कामकाजी मानिस शुक्रबार साँझ सकेसम्म परिवारका सदस्यसँग नभए आफ्नो कार्यालयका सहकर्मीहरूसँगै भए पनि रेस्टुराँ पुग्न थालेका छन् । त्यसैले होला, नयाँ बानेश्वरका रेस्टुराँदेखि लिएर दरबारमार्ग तथा ठमेलसम्मका क्याफे तथा पबहरू शुक्रबार साँझ टनाटन भरिएका हुन्छन् । राति ११ बजेसम्म यी रेस्टुराँमा रमाइलो गर्नेहरूको घुइँचो नै हुन्छ । यसबाहेक अधिकांश डिस्कोथेकमा पनि प्राय: शुक्रबार साँझ नै रमाइलो डान्सपार्टीको आयोजना गरिन्छ ।

विकेन्डलाई छोटोमीठो यात्रामार्फत रमाइलो गर्नेहरू प्राय: कालिञ्चोक भगवती, दक्षिणकाली अथवा अलि परको मनकामनासम्म पुग्छन् । 'शनिबार मात्र झण्डै तीस हजार दर्शनार्थीले केबलकारमार्फत मनकामना मन्दिरको दर्शन गर्छन्, कुरिनटारस्थित केबलकारको स्टेसनमा कार्यरत एक कर्मचारीले भने– 'विश्वास गर्नु हुन्न होला, नियमअनुसार हरेक दिन दिउँसो १ देखि २ बजेसम्म केबुलकारको सञ्चालन नै रोक्नुपर्छ, तर शनिबार हामीले दिउँसोको खाना खाने फुर्सद पनि पाउँदैनौं, अर्थात् शनिबार दिनभरि केबलकार रोकिंदैन ।'

वास्तवमा नेपालमा सार्वजनिक बिदाको उपयोग गर्ने जमात सानो छ । सरकारी कर्मचारी, सेना, प्रहरी, शिक्षक, व्यापारी, एनजीओकर्मी, दूतावासका कर्मचारी आदि सीमित व्यक्तिहरूका लागि मात्र बिदाको व्यवहारिक महत्त्व छ । यसबाहेक विद्यार्थीवर्गमा पनि शनिबारको बिदाको ठूलो महत्त्व देखिन्छ, तर यो महत्त्व प्राय: सहरी क्षेत्रमा मात्र देखिने गरेको छ । नेपाली सहरहरूमा विकेन्डका बेला गाडी थोरै गुड्ने, घुम्न जाने, खानपिनका लागि बाहिर जाने, अनौपचारिक काममा संलग्न हुनेजस्ता कामले बिदाको जनाउ दिए पनि विकट गाउँमा अझै पनि शनिबार र मंगलबारबीच भिन्नता पाउन गाह्रो छ । अधिकांश सहरवासी शनिबार प्राय: व्यक्तिगत काम, अध्ययन, भेटघाटमा अथवा तास खेल्न तथा टेलिभिजन हेर्न व्यस्त हुन्छन् ।

**के हो विकेन्ड ?**

सामान्यतया विकेन्ड एउटा अंग्रेजी शब्द हो जसको नेपाली अर्थ हुन्छ सप्ताहन्त अर्थात् साताको अन्तिम दिन । विकेन्डलाई बिदाको दिनभन्दा पनि फरक पर्दैन । नेपालमा शनिबार एक दिन मात्र सार्वजनिक बिदा दिइने हुनाले शुक्रबार साँझ अर्थात् कार्यालय समयपछि विकेन्ड प्रारम्भ हुन्छ र शनिबार राति टुंगिन्छ । अमेरिकालगायत थुप्रै युरोपेली देशमा शनिबार तथा आइतबार दुई दिन सार्वजनिक बिदा दिइने भएकाले त्यहाँ शुक्रबार कार्यालय समयपछि आइतबार साँझसम्मको अवधिलाई विकेन्ड भनिन्छ । विकिपेडिया डट ओआरजीले विकेन्डलाई परिभाषित गर्दै लेखेको छ– 'सातामा दुई दिन बिदा दिन थालिएको धेरै भएको छैन । अमेरिकन शैलीअनुसार सुरुमा आइतबार एक दिन मात्र बिदा दिइन्थ्यो, पछि लेबर युनियनको प्रयासमा शनिबारसमेत बिदा दिन थालियो । न्यू इङ्ल्यान्डको एउटा कारखानामा पनि साताको पाँच दिन काम गरेपछि बाँकी दुई दिन बिदा दिन थालियो । सन् १९२६ मा हेनरी फोर्डले आफ्नो अटोमोबाइलको फ्याक्ट्री विकेन्डभरि अर्थात् शनिबार तथा आइतबार दुवै दिन बन्द गर्न थाले । सन् १९२९ मा अमेरिकाको एउटा गार्मेन्ट उद्योगका मजदुरले पहिलो पटक सातामा पाँच दिन मात्र काम गर्ने तथा दुई दिन बिदा चाहिने आवाज उठाए, जसलाई उद्योगले सजिलै स्वीकार गर्‍यो । त्यसपछि विश्वका अन्य देशमा पनि यही शैली अपनाउन थालियो । सन् १९४० पछि मात्र अधिकांश देशले साताको दुई दिन बिदा दिन थाले । बेलायतमा नै सन् १९५० सम्म शनिबार बिहानको पहिलो केही घण्टा काम गर्ने चलन थियो, तर पछि बिस्तारै बेलायतमा पनि शनिबार तथा आइतबार दुवै दिन बिदा दिन थालियो ।


नेपाल सरकारबाट मान्यता प्राप्त **होटल तालिम**

केवल ५ तारे होटलका प्रशिक्षकद्वारा प्रशिक्षण गराईने कुक, वेटर, बारम्यान, हाउसकिपिङ्ग साथै जापानिज र अंग्रेजी भाषाका कक्षाहरू,
- होटलमा तालिम सिक्नेहरूका लागि ल्याङ्वेज सित्तैमा
- तुरुन्तै विदेश जानेहरूका लागी स्पेशल कोर्ष
- गुणस्तरमा हाम्रो प्रतिबद्धता
- प्राक्टीकल मात्रै भन्नुहोस् हामी दिनेछौं ।

त्रिवेणी होटल मेनेजमेन्ट ट्रेनिङ्ग सेन्टर प्रा. लि.
मैतिदेवी ☎ ४४१६५१८, ९८४९४६६६१४

**ब्युटीसियन कोर्स निःशुल्क**
- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class

कोर्सः बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौं

**Language / Computer**
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK, Canada, Australia.. Wide range of courses, Free counselling..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

The pioneer Air Hostess Training Institute in Nepal
Be an Air Hostess
Be a Flight Steward
My Dream My AHTI Thank You!
Admission OPEN
After successful training we provide Job Placement Assistant in Domestic & International Airlines
FREE Facilities
Swimming, Airport Familiarization, Stationery, Uniform & Scarf
Highly experienced instructors
Licence holder from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

**होटल तालिम विशेष छुटमा** २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर – बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर – नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी 4464720, 9841-891131, 98510-93629

**सौन्दर्यका सामान**
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज

Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

**होटेल तालिम मोडर्नमा**
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल· Ktm
Ph:- 4363215, 9721315801

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल – नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरूमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो । धमाधम भर्ना लिइदैछ, सिट सिमीत छ ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाण्डौ
४२४६९३६, ९८०२०३१७६६


**ENGLISH LANGUAGE TRAINING**
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

**Learn to Speak English**
★2 & 3 Months Packages
★Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

**निशुल्क होटलतालिम**
वेटर/वेट्रेस
साथमा रु 3000/- भत्ता
☞उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:- जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making★House Keeping
★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 01-4277104, 9841032377


# विज्ञानको क्षेत्रमा वर्ष २००९

## कोलाइडरले काम गर्‍यो




ब्रह्माण्डका बारेमा अझैसम्म खुल्न नसकेका थुप्रै तथ्य सार्वजनिक गर्ने उद्देश्यले विकास गरिएको विशाल मेसिन लार्ज हाड्रोन कोलाइडर सञ्चालनमा आएको १० दिनमै बन्द भएको थियो। गत वर्षको सेप्टेम्बरमा सञ्चालन भएको उक्त कोलाइडरमा वैज्ञानिकहरू पहिलो पटक पार्टिकल टक्कर गराउन सफल भए। वर्षको अन्त्यतिर मात्र अणुहरूबीच टक्कर गर्ने काममा वैज्ञानिक सफल भएका थिए। फ्रान्स र स्वीजरल्यान्ड बोर्डरको भूमिगत क्षेत्रमा २७ किलोमिटर लामो सुरुङभित्र राखिएको यो विशाल मेसिनले ब्रह्माण्डको उत्पत्तिका सम्बन्धमा महत्त्वपूर्ण जानकारी दिने वैज्ञानिकहरूको विश्वास छ।

## ल्याबमै मासु




पौष्टिकताका लागि मासु खानुपर्ने तर जनावर हत्या मन नपराउनेहरूका लागि खुसीको खबर, अब वैज्ञानिकहरूले प्रयोगशालामै शाकाहारी मासु तयार पारेका छन्। वर्षको उत्तरार्द्धमा नेदरल्यान्डका वैज्ञानिकहरूले सुगुरको मासु ल्याबमै तयार पारेका हुन्। यसका लागि उनीहरूले जिउँदो सुगुरको थोरै मासु निकालेर पेट्री डिसमा राखी त्यसलाई बढाउँदै लगेका थिए। यो अध्ययनको निष्कर्ष छ- कुनै पनि जनावरको थोरै मासु लिएर त्यसलाइ धेरै गुणा बढाउन सकिन्छ।




## गुगल अर्थबाटै चन्द्रमाको यात्रा

यो वर्ष गुगलले अर्को उपलब्धिका रूपमा सित्तैंमा इन्टरनेटमार्फत चन्द्रमाको यात्रा गर्ने अवसर प्रदान गरेको छ। चन्द्रमामा मानव पाइला पुगेको ४० वर्ष पूरा भएको अवसर पारेर गुगल अर्थ म्याप तथा इमेज सर्भिसमा चन्द्रमालाई आफैंले पुगेर हेरेजस्तै देखिने गुगल अर्थ मुन प्रोडक्ट सार्वजनिक गरेको हो। गुगलको मुख्य वेबपेजमा अर्थ मार्स तथा स्काईमा गएर चन्द्रमाको यात्रा तय गर्न सक्छन्। चन्द्रमाको यो इन्टरनेट यात्रामा जान नेट युजर्सले गुगल अर्थको फाइभ प्वाइन्ट जिरो सफ्टवेयर इन्स्टल गर्नुपर्छ, यसलाई निःशुल्क डाउनलोड गर्न सकिन्छ। गुगल अर्थका मुन प्रोडक्ट म्यानेजर माइकल वेस मलिकले विश्वका करोडौं मानिसका लागि इन्टरएक्टिभ थ्रिडी प्रविधिको माध्यमबाट अपोलो मिसनसम्म अनौठो ढंगले पुग्ने मौका दिएको बताए।

## पृथ्वीजस्तै अर्को पृथ्वी



वैज्ञानिकहरू पृथ्वीबाहेक अन्य संसारको खोजीमा सक्रिय भैरहेका बेला अन्तरक्षियात्रीहरूको एक टोलीले नयाँ ग्रह पत्ता लागेको बताए। वर्षको अन्त्यतिर सार्वजनिक अनुसन्धानअनुसार उक्त ग्रह पृथ्वीजस्तै भए पनि पृथ्वीभन्दा ६ गुणा ठूलो छ, जसको ७५ प्रतिशत भूभाग पानीले भरिएको छ। वैज्ञानिकहरू हाल हबल टेलिस्कोपको सहायताले यो ग्रहका बारेमा थप अनुसन्धान गरिरहेका छन्। अहिलेसम्म पाइएको तथ्यअनुसार यो ग्रहको तापक्रम पृथ्वीसँग अमिल्दो भएकाले हाल त्यहाँ जीवन सम्भव छैन। अमेरिकास्थित हावर्ड स्मिथसोनियन सेन्टर फर एस्ट्रोफिजिक्सका वैज्ञानिकहरूका अनुसार यो ग्रह धरतीबाट ४० प्रकाश वर्ष टाढा छ।



## सूर्यबाट निर्देशित घडी

बेलायतको स्कटल्यान्ड राज्यको इन्चकोम आइल्यान्ड क्षेत्रमा सँर्यको प्रकाशका आधारमा सञ्चालन हुने प्राचीन घडीहरू भेटिएका छन्। सनडायल नाम दिइएका यी घडी अगस्टियन भिक्षुहरू समयको जानकारीका लागि प्रयोग गर्थे भन्ने अनुसन्धानले देखाएको छ। ब्रिटिस सनडायल सोसाइटीका अनुसार सँर्यको प्रकाशअनुसार ढुंगाले समय बताउने हुनाले त्यसबेलाको मानव जीवनशैलीले समयका बारेमा जानकारी राख्थ्यो। विशेषज्ञ मेरी मार्कोसका अनुसार अलग-अलग पाइएका ढुंगाका टुक्रालाई जोड्दा घडीको डायल बनेको र त्यसले समय मार्किङ गरेको देखेपछि प्राचीन चर्चमा पाइने घडीजस्तै देखिएकाले अनुसन्धान थालिएको थियो।

### अन्टार्कटिकाको तापक्रम बढ्दैछ

अमेरिकामा गरिएको एक अनुसन्धानले अन्टार्कटिकाको तापक्रम बढ्दै गएको उल्लेख गरेको छ। यो वर्ष पछिल्लो २ हजार वर्षमा सर्वाधिक तापक्रम रेकर्ड भएपछि वैज्ञानिकहरूले मानव गतिविधिका कारण कार्बन डाईअक्साइड बढेकाले अन्टार्कटिकामा तापक्रम बढेको निष्कर्ष निकालेका हुन्। अहिले उत्तरी गोलार्द्धको तुलनामा अन्टार्कटिकामा तीन गुणा बढी तापक्रम बढिरहेको प्रतिवेदनमा उल्लेख छ।

### युरोपमा नरभक्षणको प्रमाण

वर्षको अन्त्यतिर पुरातत्त्वविद्हरूको एक टोलीले दक्षिण-पश्चिम जर्मनीमा ७ हजार वर्ष पुरानो चिहानमा सामूहिक नरभक्षणको प्रमाण फेला पारेका छन्। एन्टिक्विटी नामको एक पत्रिकामा प्रकाशित यो अनुसन्धानअनुसार युरोपको आरम्भिक ढुंगेयुगमा नरभक्षण प्रचलित थियो। हर्क्सहेम नामको एक गाउँमा एउटै चिहानमा भेटिएको ५ सय मानिसको अवशेषले उनीहरूलाई एकै स्थानमा राखेर मारिएको अनुमान गरिन्छ। अनुसन्धानटोलीका प्रमुख फ्रान्स विश्वविद्यालयका ब्रुनो बोलस्टिनका अनुसार मानवशरीरलाई काटेर टुक्रा-टुक्रा पारी मारेको प्रमाण फेला परेपछि नरभक्षणका बारेमा थप खोजी गरिएको हो। युरोपमा पनि सुख्खा बढ्दै जाँदा सामूहिक नरबलि दिने चलन रहेको हुनसक्ने उनको प्रतिवेदनले बताउँछ।

### मानिससँग नडराउने विशाल मुसा


पपुआन्युगिनीको विशाल जंगलमा नयाँ प्रजातिको ठूलो मुसा पाइएको छ, जो मानिससँग एकरति पनि डराउँदैन। अहिलेसम्म पाइएका मुसामध्ये सबैभन्दा ठूलो भनिएको यो मुसाको लम्बाइ ८२ सेन्टिमिटर छ। डेढ किलोग्रामभन्दा बढी तौलको यो मुसा बीबीसीको एक कार्यक्रम छायांकनका क्रममा भेटिएको थियो।

### डायनोसरको नयाँ अवशेष

अस्ट्रेलियाली वैज्ञानिकहरूको एक टोलीले उत्तरी राज्य क्विन्सल्यान्डमा भेडाको एक फर्ममा डायनोसरको नयाँ प्रजातिको अवशेष फेला पारेको छन्। उक्त डायनोसरलाई ज्याक भनिन्थ्यो। ९ करोड ७० लाख वर्ष पुरानो त्यो अवशेषबाट यो प्रजातिका डायनोसर बोटविरुवालाई आहारा बनाउँथे भन्ने कुरा पत्ता लागेको छ। अनुसन्धानअनुसार कुनै समय यो क्षेत्र समुद्रले घेरिएको थियो। डायनोसरसम्बन्धी अध्ययनका लागि मूल केन्द्र मानिएको अस्ट्रेलियाको यो क्षेत्रमा सन् २००४ मा कुपर प्रजातिको डायनोसरको अवशेष पनि फेला परेको थियो। जुन ३० मिटर लामो र विशाल कायको थियो। यो वर्ष फेला परेको ज्याक प्रजातिको डायनोसर छोटो भए पनि त्यसको सम्पूर्ण शरीरको अवशेष फेला परेको थियो।

### कपडा नै क्यामेरा

वर्षको अर्को उपलब्धिका रूपमा अमेरिकी वैज्ञानिकहरूले विकास गरेको कपडा नै क्यामेराका रूपमा प्रयोग गर्न मिल्ने प्रविधि पनि हो। म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीका अनुसन्धानकर्ताहरूले यस्तो धागोको विकास गरेका छन्, जसमा आउने प्रकाशलाई कपडाले चिन्न सक्छ र यसमा लगाइएको सेन्सरले तस्बिर खिच्न सक्छ। धागोको बीचमा सेन्सर राखेर त्यसमा बिजुलीको सिग्नल छोडेपछि जतिबेला यसमा प्रकाश पर्छ, त्यसबेला सहजै तस्बिर लिन सफल भएपछि यो प्रविधि खतरनाक स्थानमा युद्ध गरिरहेका सैनिकहरूलाई पहिलो फेजमा वितरण गर्ने योजना बनाइएको छ।



## बुधमा उल्लेखनीय फलाम संग्रह

वैज्ञानिकहरूका अनुसार बुध ग्रहमा अत्यधिक मात्रामा फलाम पाइएको छ। नासाको खोजी यान म्यासेन्जरका अनुसार बुधमा फलामका अतिरिक्त टाइटेनियम पनि अत्यधिक मात्रामा छ। यसअघिको अध्ययनअनुसार बुध ग्रहलाई ढाक्ने सिलिकेट खनिजमा थोरै मात्रामा फलाम भएको पाइएको थियो। म्यासेन्जर खोज अभियानका प्रमुख शान सोलोमनका अनुसार त्यहाँ पाइएको फलाम अन्य ग्रहमा पाइएको भन्दा फरक छ। यो उपलब्धिपछि भू-रसायनशास्त्री तथा भौतिकशास्त्रीहरू थप अनुसन्धानमा जुटिसकेका छन्। म्यासेन्जरले तस्बिर पठाउने क्रममा बुध ग्रहको ६ प्रतिशत सतह भएको पनि खुलासा भएको छ। यसअघि यति नजिकबाट सतहको तस्बिर खिच्न सम्भव भएको थिएन। म्यासेन्जर यानले हालसम्म बुध ग्रहको ९८ प्रतिशत सतहलाइ अवलोकन गरिसकेको छ। यसक्रममा ज्वालामुखी तथा विशाल पोखरीजस्ता दृश्यको तस्बिर पनि प्राप्त भएको नासाले जनाएको छ।

# सन् २००९ का प्रविधिहरू

## विन्डोज सेभेन

माइक्रोसफ्टले पछिल्लो पटक कम्प्युटर अपरेटिङ सिस्टम विन्डोज सेभेन ल्याएको छ। विन्डोज भिस्टापछिको यो नयाँ अपरेटिङ सिस्टम हो। कम्पनीका अनुसार यसलाई छिटो काम गर्न सक्ने बनाइएको छ भने सस्तो नोटप्याडहरूमा सजिलै चलाउन सकिने गरी तयार गरिएको छ। यो भर्सनमा मिलट टच इन्ट्राफेस, हस्तलिखित पहिचान गर्ने क्षमतासमेत छ। नयाँ टाक्सबार कम्प्युटर स्क्रिनको फेदमा देखिन्छ। यसले मिडिया फाइलको व्यवस्थापन पहिलेका सिस्टमले भन्दा फरक रूपमा गर्छ। तस्बिर, भिडियो, म्युजिक तथा डकुमेन्टका फोल्डरहरूलाई पहिलेकोले भन्दा राम्रोसँग व्यवस्थापन गर्न सक्छ।




## सस्तो नानो



विश्वकै सबैभन्दा सस्तो कार नानो भारतको टाटा कम्पनीले उत्पादन गरेको छ। ६ सय २४ सिसीको यो कारको मूल्य भा.रु. १ लाख छ। तीन मिटर लामो यो कारमा चार ढोका र पाँच सिट छन्।

## नोकिया ई-७५



स्मार्टफोन क्याटगोरीमा नोकियाले आफ्नो नयाँ फोन इ-७५ सार्वजनिक गरेको छ। नोकियाको यो पहिलो फोन हो, जसमा ई-मेल फिचर प्रि-इन्स्टल हुन्छ र यसले १६ इमेल अकाउन्टको सपोर्ट गर्न सक्छ। यसको साइड स्लाइडको सेटमा ३ दशमलव २ मेघा पिक्सलको क्यमेरा छ। ८ जीबी इन्टरनल मेमोरीसहितको यो मोबाइलमा नोकिया म्याक्स २ दशमलव ० र एजीपीएसमा जतिकै फिचर छ।

## माइक्रोसफ्टको आइपड





एप्पलले आइपडको बजारमा वर्चस्व राखेका बेला माइक्रोसफ्टले ४ इन्च लम्बाइ तथा २ इन्च चौडाइको पातलो आइपड उत्पादन गरेको छ। ७ सय २० पीएचडी भिडियो फाइल सपोर्ट गर्ने यो आइपडको डिस्प्लेमा ब्याक लाइटको आवश्यकता छैन। ब्याट्री कम खपत गर्ने यो आइपडबाट ३ घण्टा संगीत सुन्न र ८ घण्टा ३० मिनेट भिडियो हेर्न सकिन्छ। १६ जीबी क्षमताको यो आइपडमा प्रस्टसँग एफएम सुन्न सकिन्छ। यसमा पछिल्लो प्रविधिमा आधारित ब्राउजिङ छ।

## वाटरप्रुफ क्यामेरा



पानीको गहिराइमा पुगेर तस्बिर खिच्न सक्ने क्यानानको डिजिटल क्यामेरा बजारमा आएको छ। १२ दशमलव १ मेघापिक्सल क्षमताको यो क्यामेराले पानीमा ३० फिट गहिराइसम्म पुगेर फोटो खिच्न सक्छ। ३५ वाई १ सय ५० एमएल लेन्ससहितको यो क्यामेरा १ दशमलव ९ इन्च मोटो छ। छिटो फोकस गर्न सकिने यो क्यामेराले ६ सय ४० वाई ४ सय ८० पिक्सेलमा प्रतिसेकेन्ड ३० फ्रेम तस्बिर खिच्छ।




## महँगो मोबाइल

विश्वकै सबैभन्दा महँगो मोबाइल जेनेभास्थित गोल्डमिस कम्पनीले उत्पादन गरेको छ। १० लाख अमेरिकी डलरको यो मोबाइल गिनिज वुक अफ द रेकर्डमा समेत सूँचीकृत छ। यसमा १ सय क्यारेट हिरा जडान गरिएको छ। यो मोबाइलबाट अरू सामान्य मोबाइलजस्तै कुराकानी गर्न र इन्टनेट चलाउन मिल्छ।





## कुसुमे रुमाल सय दिनमा

सय दिन जतिअघिसम्म चलचित्र 'कुसुमे रुमाल दुई' सार्वजनिक गरिँदासम्म उक्त चलचित्रका निर्देशक निरक पौडेललाई उनको मेहनतले सफलता पाउने कुरामा विश्वास थियो । २४ वर्षअघि आफू जन्मिएको दिन सार्वजनिक भएको चलचित्र 'कुसुमे रुमाल'ले प्रदर्शनको २५ साता पुगेर रजत महोत्सव मनाउँदा निरकको उमेर पनि २५ साता (छ महिना) नै पुगेको थियो । उनको पास्नी भएका बेला त्यो बेलाको 'कुसुमे रुमाल'ले नेपाली चलचित्रमा एउटा इतिहास रच्यो । अब पालो निरकको, उनको निर्देशनमा बनेको उक्त चलचित्रको 'सिक्वेल' नयाँ 'कुसुमे रुमाल'ले पनि वर्तमान समयमा सफलताको कसी मानिएको प्रदर्शनको सय दिन पूरा गरिसकेको छ । गत शनिबार यो चलचित्रले प्रदर्शनको सय दिन पार गरिसकेको छ । जसको 'सेलिब्रेसन' डेढ महिनापछि गोपीकृष्ण मुभिजको अर्को चलचित्र 'फ्ल्यास ब्याक'को प्रिमियरमा गरिने जानकारी नीरकले दिएका छन् । 'कुसुमे रुमाल दुई'मा नीरज बराल, रुबी भट्टराई, उषा रजक, तृप्ति, नीर शाह, बीएस राणा, विश्व हिङमाङ, सुलेमान शंकर आदि कलाकारको मुख्य भूमिका छ ।



## कटारीमा कोसेली परदेशीको

चलचित्र निर्माता-निर्देशकहरू राजधानीबाट छायांकन गर्न ग्रामीण भेग कमै आउँछन्, तर आफूले पहिलो पटक निर्देशन गरेको चलचित्र 'कोसेली परदेशी'को छायांकन गर्न कृष्णजित राई ग्रामीण भेगमा आएका छन् । एचआईभी एड्ससम्बन्धी सन्देशमूल चलचित्रको सम्पूर्ण छायांकन ग्रामीण भेगमा आएको हो, जुन चलचित्रमा ग्रामीण परिवेशलाई उतार्ने जमर्को गरिएको छ । ग्रामीण भेगमा सुरु भएर ग्रामीण भेगमै अन्त्य गरिने यो चलचित्रको छायांकन उदयपुरको रमणीय स्थल वेतेनी, सुनकोसी कटारी बजार आदिमा भैरहेको छ । लेखक तथा निर्देशक राई भन्छन्– 'ग्रामीण भेगमा वास्तविक कथा लुकेको हुनाले कोसेली परदेशीको छायांकन ग्रामीण भेगमा गरिएको हो ।'

लिब्जू फिल्म प्रालिले निर्माण गर्न लागेको यो चलचित्रमा नेपालमा बेरोजगार भएर बिदेसिने युवाहरूले विदेशबाट एचआईभी एड्स कोसेली ल्याएको यथार्थ देखाइनेछ । विदेशबाट आएका युवा वा विवाहितहरूले घरपरिवारका महिलाहरूलाई संक्रमित गराउने तर त्यसको दोषको भागीदार महिलाहरूले हुनुपरेको कुरा देखाइनेछ । एचआईभी एड्स लागेकालाई समान व्यवहार र सद्भावको आवश्यकता भएको यो चलचित्रको प्रमुख सन्देश हो । करिब डेढ घण्टा लामो यो चलचित्रमा एउटा मात्र गीत छ । मञ्जु रिमाल, जीबी बुढाथोकी, काजी रस्तेल, कामना सुब्बा, अनुकूल शर्मा, नारायण राई, प्रमोद कार्की, विष्णु बुढाथोकी आदि कलाकारले अभिनय गरेको यो चलचित्र माघ महिनामा प्रदर्शनका लागि तयार हुनेछ ।

**–हीरालाल दनुवार**

## राजेश हमालको जीवनी



दुई दशकअघि चलचित्रमा पढेलेखेका फरक प्रकृतिका नायकको आगमन भयो । मामा चलचित्र निर्देशक भए पनि उनको परिवार भने यो क्षेत्रबाट टाढा थियो । उनको आगमनपछि चलचित्र क्षेत्रमा उनको माग अत्यधिक बढ्यो र अहिलेसम्म यी नायकको माग ज्यूँका त्यूँ छ । यति लेखिएपछि यिनलाई सजिलै चिनियो होला, उनी हुन्- नायक राजेश हमाल । राजेश हमालको पेसागत शैली र व्यक्तिगत जीवनशैली नितान्त फरक छ । उनलाई भेट्नेहरू पर्दामा देखिने राजेश हमाल र व्यक्तिगत रूपमा भेटिने राजेश हमालमा फरक देख्छन् । सम्भवतः उनको जीवनशैलीलाई अब चलचित्रको पर्दामा हेर्न पाइनेछ । हमालको जीवनीमा बन्ने चलचित्रमा उनी आफैं निर्वाह गर्दैछन् । दयाराम दाहालको निर्देशनमा बन्न लागेको उक्त चलचित्रमा राज तिमिल्सिना तथा गरिमा पन्तको पनि महत्त्वपूर्ण भूमिका रहनेछ । कुमार विष्टको लगानीमा माघ महिनादेखि छायांकन थालिने यो चलचित्रको विषय वास्तवमै राजेश हमालको जीवनीमा आधारित छ वा त्यो कुरालाई चलचित्रको प्रचारका लागि प्रयोग गरिएको हो भन्ने कुराचाहिँ चलचित्र हेरेपछि मात्र थाहा हुनेछ ।

## दाह्री चैट



तस्बिर : नवराज बाग्ले

बिचरा माग्नेबूढा, मेरो बास्सैमा त उनले आँटेको कहिल्यै पुग्दैन । आफ्नै कारणले उनको काममा बाधा आइरहन्छ । वास्तविक जीवनमा समेत त्यस्तै भएछ । संविधान नबनेसम्म दाह्री काट्दै काट्दिनँ भनेर अडान लिएका माग्नेबूढा अर्थात् हास्यकलाकार केदार घिमिरेलाई यस्तो आपत् परेछ कि उनको दाह्रीले संविधान बन्ने भनेको २०६७ को जेठ त देख्न पाएन, इस्वी संवत् २०१० पनि देख्न पाएन । लामो भएर घुम्रिन थालिसकेको उनको दाह्री अन्ततः काटियो । भयो के भने, नयाँ वर्ष २०१० लाई स्वागत गर्न इजरायलमा बसेका नेपालीहरूले मेरी बास्सैका कलाकारहरू केदारलगायत सीताराम कट्टेल 'धुर्मस' र कुन्जना घिमिरे 'सुन्तली', लोकगायक राजु परियार तथा गायक रोज मोक्तानलाई निम्त्याएका थिए । काठमाडौंबाट ती सबै कलाकार सरर उडेर दिल्ली एयरपोर्ट पुगेछन् । काठमाडौंको एयरपोर्टका सुरक्षाकर्मीले पो त माग्नेबूढालाई चिन्थे र कलाकार भनेर ससम्मान पठाए । दिल्ली एयरपोर्टमा खटिएका सुरक्षाकर्मीलाई उनी नेपालका चर्चित टेलिकलाकार हुन् भन्ने कुरा के थाहा ? उनीहरूले केदार होइन, उनको दाह्रीप्रति औंलो सोझ्याए । दाह्री पालेकालाई संसारभरि आतंकवादीको नजरले हेरिने र झन् इजरायल प्रवेशमै रोक लाग्नसक्ने कुरालाई लिएर उनीहरूले किचकिच गर्दासम्म पनि केदार आफ्नो 'संविधान बनाउन दबाब दिने' दाह्री काटन तयार भएनन् । उता सीतारामले आयोजकहरूले उनीहरूका लागि बीसौं लाख खर्च गरिसकेको कुरा बताउँदा पनि केदार तयार नभएपछि अन्ततः कुञ्जना, राजु र रोज भएर उनलाई च्यापचुप्प अठ्याए अनि सीतारामले कैंची र ब्लेड ल्याएर उनको दाह्री 'चैट' पारिदिए । त्यसपछि फेरि केदार कुर्लिएका छन्- 'मेरो दाह्री काटेर के भो त ?

## भुवनको जीवनमा रेखा

सदाबहार नायक भुवन केसी केही साताअघिसम्म आफ्नो नयाँ चलचित्रका लागि नायिकाको खोजी गर्दै थिए । श्रीमती सुस्मिता केसी तथा छोरा अनमोल केसीसँग आफ्नो सम्बन्धलाई चलचित्रको पर्दामा उतार्न आतुर नायक केसी भूमिकामा न्याय गर्न सक्ने नायिका खोज्दैथिए । भेटेजति सञ्चारकर्मी, फोटोग्राफर तथा साथीभाइहरूलाई नयाँ नायिका खोजिदिने आग्रह गरिरहेका भुवनले अन्ततः नेपाली चलचित्रका चल्तीका दुई नायिकालाई आफ्नो आगामी चलचित्र 'साथी म तिम्रो' मा नायिका लिएका छन् । रेखा थापा र ऋचा घिमिरेलाई अब उक्त चलचित्रमा भुवन केसीसँग हेर्न पाइनेछ । एक प्रकारले भुवन केसीको जीवनको एउटा पाटोमा बनाइन लागिएको उक्त चलचित्रमा रेखा र ऋचामध्ये एक जनाले केसीकी श्रीमती सुस्मिताको चरित्र निर्वाह गर्दैछन् । विकास आचार्यले पटकथा र संवाद लेखेको उक्त चलचित्रमा भुवन आफैं मुख्य भूमिकामा रहनेछन् । शम्भुजित बाँसकोटाको संगीतमा गीत रेकर्डिङ भैसकेको चलचित्र साथी म तिम्रो को निर्देशन शिव रेग्मीले गर्दैछन् ।



## विराज र पुजना मुम्बईमा



विराज भट्ट तथा पुजना प्रधान एक महिना लामो सुटिङ सकेर गत साता नेपाल फर्किएका छन् । प्रेमकथामा आधारित एक्सन नेपाली चलचित्र 'जीप ड्राइभर' र भोजपुरी चलचित्र 'जाँबाज जिगरवाले' को छायांकनका लागि उनीहरू मुम्बई पुगेका थिए । मुम्बई र आसपासका क्षेत्रमा छायांकन गरिएको उक्त सिनेमास्कोप चलचित्रमा एक्सन नायक विराज भट्ट, नायिका पूजना प्रधानका अतिरिक्त हिन्दी चलचित्रका नायक विनय आनन्द (गोविन्दाका भाञ्जा), हिन्दी चलचित्रकी नायिका सोनाली जोशी (एक्सक्युज मी कि नायिका), सुशील सिंह तथा लीलाधर न्यौपाने आदि कलाकारले अभिनय गरेका छन् ।

नेपाली चलचित्र ताल र तिर्खाको निर्देशन गरिसकेका तथा दर्जनौं हिन्दी चलचित्रमा सहायक निर्देशकका रूपमा काम गरिसकेका निर्मल केसीले निर्देशन गरेको यो चलचित्रमा सुरेश अधिकारी तथा अशोककुमार दीपको संगीतमा उदितनारायण, दीपक लिम्बू, राजेशपायल राई आदि गायकले स्वर प्रदान गरेका छन् । दर्सला आर्ट्सको पहिलो प्रस्तुतिका रूपमा निर्माण भएको यो चलचित्रका निर्माता मुम्बईमा लामो सयमदेखि होटल-व्यवसायमा संलग्न दीपक अधिकारी र लीलाधर न्यौपाने हुन् । झन्डै डेढ करोड भारुको लागतमा नेपाली र भोजपुरी भाषामा एकसाथ निर्माण भएको यो चलचित्रलाई आगामी फागुन महिनाभित्रै रिलिज गर्ने लक्ष्य रहेको निर्माता लीला न्यौपानेले बताए । नायक विराज भट्टले फरक विषयवस्तु, फरक लोकेसन र सबै हिन्दी चलचित्र क्षेत्रका टेक्निसियन र प्राविधिकहरू रहेकाले चलचित्र स्तरीय बनेको जनाए ।

**–वीरेन्द्र पौडेल**



तस्बिर : नवराज वाग्ले

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म एक १७ वर्षीय युवक हुँ । मैले पछिल्लो १ वर्षदेखि एउटी युवतीलाई मन पराउँदै आएको छु । उनी एकदम सोझी छिन् । उनको बानीबेहोरा मलाई साह्रै मन पर्छ तर यो कुरा ममा मात्र सीमित छ । किनभने न त उनले मलाई राम्रोसँग चिनेकी छिन् न त मसँग बोलेकी नै छिन् । यो मेरो एकोहोरो प्रेम हो । मेरा बारेमा उनलाई केही थाहा छैन । यस्तो अवस्थामा म उनको नजिक गएर कसरी बोलूँ ? उनलाई म कसरी आफ्नो बारेमा र आफ्ना मनको कुरा बताऊँ ? आफ्नो प्रेमसम्म पुग्ने र त्यसलाई दीर्घ बनाउने उपाय बताइदिनुहुन अनुरोध गर्छु ।**

**–बी.**

नचिनेसम्म को हो को हो, चिनेपछि माया मोह भन्ने कुरा त तपाईंलाई अवगत नै होला । तपाईंले यदि कुनै युवतीलाई मन पराउनुभएको छ भने उनको माया पाउन सबैभन्दा पहिले ती युवतीसँग परिचित भै भेटघाटको क्रम बाक्लो बनाउँदै लैजानुपर्छ । यदि ती युवती पनि तपाईंप्रति आकर्षित छिन् भने उनले पनि परिचयपछिको अवस्थामा तपाईंसँग नजिकिने उत्कट अभिलाषा आफ्ना व्यावहारमार्फत् प्रकट गर्दै जानेछिन् । कथंकदाचित ती युवती तपाईंप्रति आकर्षित हुन सकिनन् भने उनलाई आफूप्रति आकर्षित गराउने र उनको मनमा तपाईंप्रति मायाको भाव जगाउन उनी र तपाईं दुवैसँग नजिक भएकी साथी वा नातेदारलाई माध्यम बनाउनुपर्ने हुन्छ । उक्त माध्यममार्फत् तपाईंहरूले आ-आफ्नो कुरा एक-अर्कासमक्ष पुऱ्याउन सक्नुहुन्छ । यसरी कुरा पुऱ्याउँदा मायाको प्रस्ताव सुरुमै वा अचानक राख्नुभन्दा बिस्तारै राख्नु राम्रो हुन्छ । यति गर्दा पनि ती युवतीले कुनै किसिमको सकारात्मक संकेत दिइनन् भने ती युवतीलाई बिर्सनु मै तपाईंको कल्याण हुनेछ । मायामा दबाब वा जबर्जस्ती भन्ने कुराले कुनै स्थान पाउँदैन भन्ने कुरा त तपाईंलाई थाहा नै होला ।

## ● फिल्मी खबर ●

### शुभमुहूर्तमा राहुल राय

बलिउड अभिनेता राहुल राय हालै राजधानीमा आयोजित अधिकांश चलचित्र समारोहमा सहभागी भए । केटिभी चलचित्र एवार्डमा सहभागिता जनाएको भोलिपल्ट उनी नयाँ चलचित्र 'छोटो छुट्टी' (ब्लक लिभ) को शुभमुहूर्त समारोहमा उपस्थित भए । दरबारमार्गस्थित एउटा रेस्टुराँमा सम्पन्न शुभमुहूर्त समारोहमा राहुलले क्यामेराको पूजा गर्दै स्विच अन गरेका थिए । चलचित्रको शीर्षक अंकित केक काटेर चलचित्रकर्मी नवीन सुब्बाले एक्सन भनेपछि चलचित्रका चार जना कलाकारले मुहूर्त सटमा अभिनय गरेका थिए । रामबाबु गुरुङको निर्देशनमा तयार हुने यो चलचित्रमा विनय लामा, सरोज केसी, बबिता लिम्बू मादेन आदि कलाकारले मुख्य भूमिका निर्वाह गर्दैछन् ।

### निर्माताको आक्रोश

राजधानीका विभिन्न सिनेमा हलमा राम्रो व्यावसाय गरिरहेको आफ्नो चलचित्र 'कहाँ छौ कहाँ' लाई जबरजस्ती हलबाट उतारिएको चलचित्रका नायक तथा निर्माता गोविन्द शाहीले आक्रोश व्यक्त गरेका छन् । चौथो सातामा प्रदर्शन भैरहेको आफ्नो चलचित्रलाई गत शुक्रबार विश्वज्योति तथा गोपीकृष्ण हलबाट उतारिएको थियो । 'विश्वज्योतिमा मेरो चलचित्रलाई निकालेर 'इलाका' प्रदर्शन गरिएकोमा मेरो आपत्ति हो, शाही भन्छन्– 'मेरो चलचित्र दर्शकले मन पराइरहेका बेला हलवालाले एक्कासि चलचित्र झिकिदिए ।'

### शोभराज चलचित्रमा

अन्तर्राष्ट्रिय अपराधको मुद्दामा नेपालको जेलसजाय खेपिरहेका चार्ल्स शोभराजको प्रेमकथामा चलचित्र बन्ने भएको छ । शोभराजले आफूभन्दा ४२ वर्ष कान्छी निहिता विश्वाससँग प्रेमविवाह गरेको चर्चालाई चलचित्रको विषय बनाएर निर्देशक नारायण पुरीको निर्देशनमा चलचित्र 'बादशाह' बनाइने भएको हो । दीपक रमणले निर्माण गर्न लागेको उक्त चलचित्रसँगै उनकै निर्माणमा चलचित्र 'मन परेपछि' पनि निर्माण हुनेछ । सुमन दाहालको निर्देशनमा निर्माण हुन लागेको चलचित्र 'मन परेपछि' मा निखिल उप्रेती, रमित ढुंगाना, अशोक शर्मा, सुशील पोखरेल, दिव्यश्वर गौतम आदि कलाकारले अभिनय गर्दैछन् ।






# निकोल-फोटोग्राफर जुहारी

ओस्कार एवार्ड विजेता नायिका निकोल किडम्यानविरुद्ध सेलिब्रेटी फोटोग्राफर जेमी फोवकेटले एउटा गम्भिर आरोप लगाएका छन् । जेमीको आरोप छ– निकोलले पापाराजी फोटोग्राफरहरूलाई ढाल बनाइरहेकी छिन् । उनी भन्छन्– 'यदि फोटोग्राफरले तस्बिर खिचेको मन पर्दैन भने निकोलले मासुपसल खोलेर बसे हुन्छ, उनको तस्बिर खिच्न कोही पनि पछि लाग्दैनन् ।' ४२ वर्षीया निकोलले भने केही समयअघि एउटा पत्रिकालाई अन्तर्वार्ता दिंदै प्रायः सधैं अघि-पछि गरिरहने पापाराजी फोटोग्राफरका कारण आफू हैरान भएको बताएकी थिइन् । यी अस्ट्रेलियन नायिका थप्छिन्– 'उनीहरूकै कारण मैले आफ्नो जन्मथलो सिड्नी छाड्नुपर्‍यो ।' यसबीच डेली टेलीग्राफका अनुसार निकोलको यो कथनको जवाफ दिंदै फोटोग्राफर जेमीले आफूलाई निकोलप्रति कुनै गुनासो नरहेको दाबी गरेका छन् ।

# नायिका गर्भवती भएपछि

हलिउडकी लोकप्रिय नायिका अमान्डा पिटले गर्भधारण गरेकी छिन् । खबरमा जनाइएअनुसार पिटले दोस्रो शिशुलाई जन्म दिन लागेकी हुन् । केही समयअघि प्रदर्शन भएको चलचित्र '२०१२' की नायिका पिट तथा उनका श्रीमान् डेबिड बेनिअफको दुई वर्षकी एउटी छोरी फ्रान्सेस पनि छिन् । फिमेल फस्ट पत्रिकाका अनुसार आगामी केही महिनाभित्रै पिट दुई सन्तानकी आमा बन्नेछिन् । तीन वर्षअघि पिटले पटकथाकार डेविडसँग वैवाहिक जीवन प्रारम्भ गरेकी हुन् । आफ्नो घरमा नयाँ सदस्यको आगमनसँगै पिट-डेविडको परिवारमा खुसीयाली छाएको छ । पिट भन्छिन्– 'डेविडलाई त तीन सन्तान चाहिएको छ, तर त्यसका लागि म तयार छैन, मलाई लाग्छ, हामी दुई सन्तानमै खुसी र सुखी हुनेछौं ।'





# विज्ञापनमा सलमान र करिना

केही चलचित्रमा जोडीका रूपमा देखा परिसकेका अभिनेता सलमान खान र करिना कपुरको जोडी अब एउटा ज्वेलरीको विज्ञापनमा देखा पर्ने भएको छ । जोडीको आत्मीयता र अन्तरंगताका विभिन्न अवसरको साक्षीका रूपमा आफूलाई उभ्याउने संगिनी ब्रान्डको ज्वेलरीको टेलि विज्ञापनमा सलमान र करिना आत्मीय जोडीकै रूपमा प्रस्तुत हुनेछन् । उक्त ज्वेलरीको ब्रान्ड एम्बेसडरका रूपमा नियुक्त सलमान र करिनाले मोडलिङ गरेको उक्त विज्ञापनका लागि एस्ली रेबेलोले सलमानको र मनिष मल्होत्राले करिनाको स्टाइलिङ गरेका छन् ।

# खराब पहिरनमा नम्बर वन

हलिउडमा विभिन्न प्रकारका सर्वेक्षण हुनु नौलो कुरा होइन । भर्खरै वर्ष २००९ बिदा भएको छ । गत वर्ष गरिएका विभिन्न प्रकारका सर्वेक्ष्णमध्येको एक थियो- वर्षभरिमा कुन नायिका सबैभन्दा खराब पहिरन लगाएर सार्वजनिक समारोहमा उपस्थित भइन् ? यो सर्वेक्षणमा चलचित्र 'ह्यारी पोर्टर' की नायिका एमा वाट्सनले अन्य नायिकाहरूलाई उछिनेकी छिन् । फक्स न्युजले पहिरन लगाउने स्मरणीय गल्तीको सूचीमा एमा वाट्सनलाई अग्रपंक्तिमा राखेको छ । उक्त च्यानलको वेबसाइटमा प्रकाशित रिपोर्टअनुसार लन्डनमा सम्पन्न ह्यारी पोर्ट द हाफ ब्लड प्रिन्सको प्रिमियरका क्रममा दुर्घटनावश आफ्नो पेन्टी देखाएकी थिइन् । यो सूचीको दोस्रो स्थानमा गायिका ह्वीट्नी हस्टनलाई राखिएको छ । उनको सिल्भर पहिरनको एउटा फित्ता एउटा कार्यक्रमको क्रममा अचानक खुलेको थियो । गायिका ब्रिट्नी स्पेयर्स, नायिका निकोल किड्म्यानले क्रमशः सूचीको तेस्रो तथा चौथो स्थानमा आफूलाई राखेका छन् ।





# गसिप गर्ल राखीको चुनौती

रियालिटी शो क्विनका रूपमा परिचित बलिउड आइटम गर्ल राखी सावन्त र विवाद एक-अर्काका परिपूरक हुन् । भारतीय सञ्चारमाध्यमका लागि राखी सावन्त गसिप प्याकेज नै हुन् । पछिल्लो समयमा गायक इश्क बेक्तरको एल्बम 'झगडे' को टाइटल ट्र्याकको म्युजिक भिडियोमा फरक लुकमा देखा परेकी राखीले जीरो साइज फिगरका पछि लागेका बलिउड अभिनेत्रीहरूलाई चुनौती दिएकी छिन् । जीरो साइज फिगरले केही हुँदैन, केही गर्नु छ भने ट्यालेन्ट चाहिन्छ, मैले जस्तो लट्का-झट्का र नृत्य गर्न सक्ने कोही छ भने गरेर देखाउन च्यालेन्ज दिन्छु – बलिउड अभिनेत्रीहरूलाई राखी सावन्तको खुला चुनौतीको उत्तर कस्तो आउला ? हेर्न बाँकी नै छ ।

# जापानी प्रधानमन्त्री पनि दीपिकाको फ्यान



गत २८ डिसेम्बरको रात भारतीय प्रधानमन्त्री मनमोहन सिंहको दिल्लीस्थित सेभेन रेस कोर्स रडस्थित निवासमा एउटा भव्य रात्रिभोजको आयोजना गरिएको थियो । जापानी प्रधानमन्त्री युकियो हातोयामा तथा उनकी पत्नी मियुकी हातोयामाको सम्मानमा आयोजित उक्त रात्रिभोजमा सोनिया गान्धीलगायत २० जना क्याबिनेट मन्त्रीको उपस्थिति थियो । उक्त हाई प्रोफाइल रात्रिभोजमा बलिउड अभिनेत्री दीपिका पादुकोणले विशेष निम्तो पाएकी थिइन् । समाचार सूत्रका अनुसार बलिउड चलचित्रका प्रशंसक जापानी प्रधानमन्त्री तथा उनकी पत्नीले दीपिकालाई चलचित्र ओम शान्ति ओमबाटै मन पराएका थिए । उहाँहरूले दीपिकासँग भेट्ने इच्छा जाहेर गरेपछि भारतीय प्रधानमन्त्रीको कार्यालयले अभिनेत्री दीपिकालाई रात्रिभोजको निम्तो पठाएको थियो । चलचित्र 'खेलेंगे हम जिं जानसे' को छायांकनमा व्यस्त दीपिका उक्त निम्तो पाएपछि आफू निकै खुसी, नर्भस र आभारी भएको प्रतिक्रिया दिंदै उक्त रात्रिभोजमा सहभागि भइन् । समारोहमा उनले मनीष मल्होत्राले तयार पारेको साडी पहिरिएकी थिइन् ।

## केवल एक प्रश्न

मेरो सर्तचाहिँ के हुनेछ भने त्यसरी अनिवार्य गर्नेहरूले पनि साइकल नै चढ्नुपर्छ । उनीहरूले महंगा गाडी चढ्न पाउने छैनन् । अनि मात्र म साइकल चढ्छु ।

सुरज श्रेष्ठ (म्युजिक भिडियो निर्देशक)

म खुसी हुन्छु । मलाई साइकल चलाउन पनि आउँछ । कस्तो रमाइलो हुन्छ होला, गीत गाउँदै साइकल कुदाउन । मानिसहरूले बाटोमा चिनेर कुरा गर्न खोजे पनि मलाई आपत्ति छैन । सबैले चिनुन् भनेरै चलचित्रमा काम गरेकी हुँ । साइकल चलाउन थालेपछि मेरो प्यारो गाडीलाई घरमा पूजा गरेर राख्छु ।

रेखा थापा (नायिका)

दामी एक्सरसाइज हुन्छ नि । कतै ट्राफिक जाम पनि हुँदैन । कतै ठूलो एक्सिडेन्ट भएको खबर पनि सुनिंदैन । सडकमा ट्राफिकले पनि दुःख पाउँदैनन् । म त साइकल चलाउन तयार छु । बरु यो काम सुरु गर्न सरकारलाई प्रेसर पो दिने हो कि ।

–हसन खान (नायक/मोडल)

सबैका लागि साइकल चढ्नु अनिवार्य भयो भने कसको साइकल महंगो, कसको साइकल स्टाइलिस भन्ने प्रतिस्पर्धा हुन्थ्यो होला । म पनि गियरवाला साइकल किन्थें । मेरो गाडीलाई घरको एउटा कुनामा थन्काएर राख्थ्रे र भविष्यमा मेरी छोरीले उनका छोरा-छोरीलाई भन्थिन् 'एकादेशमा तिम्रा हजुरबुबा गायक थिए । त्यतिबेला उनी यस्तो चारपाङ्ग्रे सवारीसाधन चढ्थे र त्यसलाई पेट्रोल भन्ने इन्धन हालेर चलाइन्थ्यो ।'

–सुगम पोखरेल (गायक)

मलाई त आपत पो पर्छ। मलाई साडी लगाउन मन लाग्छ अनि कसरी साइकल चलाउनु ? एकछिन सोच्नु त, म बिहानै साडी लगाएर साइकल चलाउँदै प्रोग्राम चलाउन अफिस जाँदैछु, भेरी फन्नी तर उपाय पनि त छ, कुर्ता-सलवार, पाइन्ट लगाएर साइकल चलाउँदा आपत हुँदैन । साडीलाई झोलामा राख्ने अफिस गएर फेर्ने । त्यसो भयो भने सबैभन्दा फाइदा त मलाई हुन्थ्यो किनभने ट्याक्सी चढ्ने पैसा बचत हुन्थ्यो ।

–सिम्पल खनाल (भिजे/मोडल)

## प्रदूषणको कारण देखाउँदै सबै जनतालाई साइकल चढ्न अनिवार्य गरियो भने के गर्नुहुन्छ ?



● मेरो अनुभव ●

## लेट नाइट



आर्यन सिग्देल (नायक)

राति बालिने बत्ती, रंगीन झिलिमिलीबाट म सानैदेखि प्रभावित थिएँ । थाहा छैन किन हो, ती बत्तीले मलाई सधैं आकर्षित तुल्याइरहेका हुन्छन् । विशेषगरी तिहारजस्ता पर्वमा हुने झिलिमिली हेर्दा म आफैंमा हराउँछु । दिउँसो घामको उज्यालोमा त्यो अनुभव गर्न पाइँदैन । काठमाडौं नेपालकै सुविधासम्पन्न सहर हो, त्यसैले यहाँ देशका अरू सहरहरूमा भन्दा बढी झिलिमिली हुन्छ । मध्यअमेरिकाको लसभेगास वा युरोपको पेरिस सहरको जस्तो झिलीमिली यहाँ पक्कै हुँदैन । मलाई ती सहरमा केही रमाइला रात बिताउने रहर छ । भविष्यमा त्यो रहर पक्कै पनि पूरा गर्छु, तर काठमाडौंका रातहरू मेरा आफ्ना हुन्, मेरो देशका रातहरू हुन् । पर्याप्त हाइड्रोपावर उत्पादन गरेर सबैतिर झिलिमिली पारिरहन सकिने हाम्रो देशमा विद्युतीय लोडसेडिङ खेपिरहे पनि यहाँ इन्भर्टर र जेनेरेटरको उपयोग गरेर पारिएको झिलिमिली नै पर्याप्त भैरहेको छ, 'लेट नाइट'सम्म बस्न ।

स्कुल र कलेज लाइफमा म रातको ११ बजेसम्म सुतिसक्थेँ । स्नातक सकिएपछि थियटरमा काम गर्न थालेँ । त्यसकै एक वर्षजतिपछि चलचित्रको संसारमा छिरेँ । अनि मेरो लेटनाइट चहार्ने बानी सुरु भयो । साथीभाइहरूसँग ठमेल, दरबारमार्गजस्ता रातभरि खुल्ने ठाउँहरूमा समय बिताउन मज्जा लाग्न थाल्यो । मानिसहरूले अनुमान गर्लान् कि आर्यन विभिन्न युवती लिएर लेटनाइट बिताउँछ । कुरा क्लियर गर्दिऊँ, मैले कहिल्यै कुनै रात त्यसरी बिताएको छैन । मलाई केटीहरूसँग रात शेयर गर्न झिंजो लाग्छ । हो, मैले चिनेका केही मानिस छन्, उनीहरू त्यसरी रात बिताउनमा मज्जा मान्छन् । कति पटक त मैले एक्लै कुनै रेस्टुराँको बारमा बसेर रातको तीन-चार बजाएको छु । बेला-बेला काम देखाउन सरकारले लेटनाइट बन्द गराउँछ । रातमा हुने आपराधिक क्रियाकलाप, अनैतिक कार्य बन्द गर्नुसम्म ठीक होला, नाइट लाइफ नै बन्द गर्दा दिनभरिको कामको बोझले रातको केही घण्टा साथीभाइहरूसँग खाँदै, पिउँदै, जिस्कँदै बिताउन खोज्ने साधारण मानिसहरूको ठूलो संख्यालाई उनीहरूले नजरअन्दाज गरिरहेको जस्तो लाग्छ । अचेल त्यस्तो छैन, सरकार केही नरम भएजस्तो छ । लास्ट टाइम न्यू इयरमा म रातको तीन बजेसम्म साथीहरूसित दरबार मार्गमा थिएँ । एक-दुई बजेसम्म त्यहाँ राम्रै चहलपहल थियो । त्यसपछि लेटनाइट बसेको भनेको चलचित्र 'फर्स्ट लभ'को सुटिङमा हो । अचेल म १२ बजे उता राति बाहिर बस्दिनँ । एक त चिसो मौसम, अर्को बिहान काममा जान उठ्नै नसकिने भएकाले राति बस्ने काम अहिलेलाई कम भएको छ । तैपनि 'आई लभ लेटनाइट लाइफ' । भोलिपल्ट काम भएन भने पक्कै पनि फेरि 'लेटनाइट' बिताउँछु ।



## ● तीन प्रश्न ●



नेपाली टेलिभिजन च्यानलबाट प्रसारण भैरहेका अधिकांश हास्यश्रृंखला दर्शकको रोजाइमा परेका छन्। हास्यश्रृंखलाको बढ्दो लोकप्रियताका बाबजुद पारिवारिक तथा सामाजिक विषयवस्तुमा आधारित टेलिश्रृंखलाको निर्माणमा कमी आएको छैन। यस्ता टेलिश्रृंखलाका दर्शकका लागि दीपक त्रिपाठी परिचित अनुहार हुन्। त्रिपाठी सामाजिक विषयमा तयार हुने टेलिश्रृंखलाका लोकप्रिय कलाकार हुन्। १८ वर्षअघि राष्ट्रिय नाचघरमा मञ्चन गरिएको नाटक 'निर्मल गंगा'मा अभिनय गर्दै करियर प्रारम्भ गरेका त्रिपाठी झन्डै एक दशकअघि चलचित्र 'मुनामदन'मा नायकको भूमिका निर्वाह गर्दै क्यामेराअघि प्रस्तुत भएका थिए। लगत्तै उनले चलचित्र 'उनको सम्झना' मा पनि अभिनय गरे। त्यसपछि उनी सानो पर्दातर्फ आकर्षित भए र टेलिश्रृंखला "दुई दिनको जिन्दगानी" मा अभिनय गरे। त्यसपछि उनले चाहना मनको, पुष्पाञ्जली, कसलाई आफ्नो भनौं, खुसी पलभरको, सिन्दुर, पथप्रष्ट, करुणा आदि दर्जनौं श्रृंखलामा अभिनय गरिसकेका छन्। यतिबेला उनले अभिनय गरेका तीन श्रृंखलामध्ये 'आफन्त' तथा 'शंका' नेपाल टेलिभिजनबाट प्रसारण भैरहेका छन् भने 'मृगतृष्णा' नेपाल वानबाट प्रसारण भैरहेको छ। ऋषिराज आचार्यको निर्देशनमा तयार भएर प्रत्येक आइतबार दिउँसो ३:३० बजेदेखि प्रसारण भैरहेको 'आफन्त' श्रृंखलाको सेटमा भेटिएका त्रिपाठीसँग *साप्ताहिक*को तीन प्रश्न :

**हास्यश्रृंखलाको भीडमा तपाईंका श्रृंखला दर्शकले कत्तिको रुचाएका छन् ?**

हास्यश्रृंखलाहरू दर्शकमाझ लोकप्रिय छन् तर त्यसमा दर्शकले क्षणिक हाँसो पाउँछन्। मैले अभिनय गरिरहेका श्रृंखलाले सामाजिक सन्देश बोकेका हुन्छन्। बौद्धिक वर्ग तथा गृहिणीहरू मैले अभिनय गर्ने श्रृंखलाका नियमित दर्शक हुन्।

**हास्यश्रृंखलामा पनि अभिनय गरौंजस्तो लाग्दैन ?**

पहिले नाटकमा हास्यकलाकारिता गरेको थिएँ तर अहिले हास्यश्रृंखलामा अभिनय गरौं जस्तो लाग्दैन। त्यस्ता श्रृंखलामा अन्य कलाकारले हँसाएको हेर्नै मजा आउँछ। यसबाहेक दर्शकलाई रुवाउन भन्दा हँसाउन गाह्रो पनि हुन्छ।

**आफन्त, शंका तथा मृगतृष्णामा कस्तो–कस्तो भूमिकामा प्रस्तुत हुनुभएको छ ?**

आफन्तमा मैले सासूद्वारा पीडित बुहारीको आदर्श श्रीमान्को भूमिका निर्वाह गरेको छु। शंकामा ठ्याक्कै उल्टो श्रीमतीद्वारा पीडित श्रीमान्को भूमिका निर्वाह गरेको छु। मृगतृष्णामा भने म नकारात्मक भूमिकामा छु।

## ● सानो पर्दा ●



थिइन्। 'चलचित्रमा व्यस्त हुनुपरेकाले उक्त कार्यक्रमबाट अलग हुनुपर्ने कुरा स्पष्ट पार्दै निशाले भनिन्– 'उक्त कार्यक्रमका लागि समय दिन गाह्रो परेकाले मात्र कार्यक्रमबाट बाहिरिएकी हुँ। हरेक दिन साँझ पाँच बजेदेखि 'लाइभ' प्रसारण हुने यो कार्यक्रममा दर्शकसँग प्रत्यक्ष टेलिफोन वार्ता गर्दै रमाइला म्युजिक भिडियोहरू प्रसारण गरिन्छ। अहिले यो कार्यक्रमको सञ्चालन सलोनी राजभण्डारी, विनय श्रेष्ठ तथा सुमित सिग्देलले गरिरहेका छन्।

### जीवनचक्रको २५ भाग

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको पारिवारिक तथा स्वास्थ्यसम्बन्धी टेलिश्रृंखला 'जीवनचक्र' ले प्रसारणको २५ भाग पूरा गर्दैछ। पर्सि आइतबारको श्रृंखलापछि यसले प्रसारणको २५ भाग पूरा गर्न लागेको हो। प्रत्येक आइतबार राति ७:३० बजे प्रसारण भैरहेको यो श्रृंखलाका निर्देशक प्रकाशजंग कार्की हुन्। यो श्रृंखलामा नायिका गीता अधिकारीले अमेरिकाबाट फर्किएकी स्वास्थ्य कार्यकर्ताको भूमिका निर्वाह गरेकी छिन्। श्रृंखलाका अधिकांश दृश्य धुलिखेल वरिपरिका रमणीय क्षेत्रमा छायांकन गरिएको छ।

### इटहरीबाट टेलिभिजन प्रसारणको तयारी

डेढ दर्जन व्यवसायीको लगानीमा सुनसरीको इटहरीबाट टेलिभिजन प्रसारण हुने भएको छ। राजधानकेन्द्रित टेलीभिजन च्यानलले पूर्वका विषय समेट्न नसकेको निष्कर्षसहित प्रसारणको तयारी भएको लगानीकर्ता मकालु मिडिया प्रा. लि. द्वारा जानकारी दिएको छ। पहिलो चरणमा यो टेलिभिजन केवुल टेलिभिजनमार्फत् सञ्चालनमा आउनेछ। सीमान्तकृत, उपेक्षित, उत्पीडित जाति, वर्ग, लिङ्ग र समुदायका समस्यालाई सञ्चारमाध्यम उजागर गर्ने उद्देश्य राखिएको यो च्यानल व्यावसायिक, सामाजिक, सांस्कृतिक तथा राष्ट्रिय हित प्रवर्द्धन गर्ने हरेक घटनालाई तत्कालै प्रसारण गर्ने दावी गरिएको छ। सुनसरीसहित झापा र मोरङका १७ उद्यमशील र क्रियाशील पत्रकारको प्रयासमा २ करोडको प्रारम्भिक लागतमा टेलिभिजन स्थापना हुन लागेको हो।

### प्ले इट अनलाई बाईबाई

नेपाल टेलिभिजन टुबाट प्रसारण भैरहेको सांगीतिक कार्यक्रम 'प्ले इट अन' बाट भिजे निशा अधिकारी बाहिरिएकी छिन्। कान्तिपुर टेलिभिजनमार्फत भिडियो जक्की बनेकी अधिकारी पछिल्लो समयमा 'प्ले इट अन' मा सक्रिय

### पवित्र रिश्तामा सचिनको मृत्यु

जीटिभीबाट प्रसारण भैरहेको लोकप्रिय धारावाहिक 'पवित्र रिश्ता' मा मानवका भाइका रूपमा अभिनय गरिरहेका सचिनको मृत्यु हुने भएको छ। सचिनको एउटा खतरनाक दुर्घटनामा परेर मृत्यु भएको प्रसंग श्रृंखलामा प्रस्तुत हुने क्रममा छ। अर्चनाकी भाउजूको झूटो प्रहरी रिपोर्टका कारण मानव तथा उनको सम्पूर्ण परिवारले नै जेल जानुपर्‍यो। जेलबाट फर्किएपछि श्रावणीका बुबाले सचिन तथा श्रावणीको इन्गेज्मेन्ट टुटाउँछन्। सचिनको विदेश जाने भिसा पनि रद्द हुन्छ। सोही क्रममा सचिनको एउटा दुर्घटनामा परेर निधन हुन्छ। धारावाहिकमा सचिनको भूमिका राज सिंहले निर्वाह गरिरहेका छन्।

### सानो पर्दामा आम्दानी घटेपछि

कुनै बेला भारतीय टेलिभिजनमा काम गर्ने सानो पर्दाका कलाकारको आम्दानी देखेर बलिउडकर्मीहरू पनि ईर्ष्या गर्थे, तर पछिल्लो समयमा परिस्थिति ठ्याक्कै उल्टिएको छ। अर्थात्, हिन्दी धारावाहिकमा काम गर्ने कलाकारहरूको आम्दानी ह्वात्तै घटेको छ। केही समयअघिसम्म प्रतिदिन ५० हजारदेखि १ लाख भा.रु.सम्म पारिश्रमिक लिने कलाकारहरू अहिले ३० हजार अथवा त्योभन्दा कम पारिश्रमिकमा काम गर्न बाध्य भएका छन्। सानो पर्दाकी लोकप्रिय बुहारी स्मृति ईरानी कुनै बेला प्रतिदिन १ लाख भा.रु. कमाउँथिन्, तर अहिले उनले 'मणिबेन डटकम' का लागि करिब ३० हजार भारुमै काम गरिरहेकी छिन्। राजश्री ठाकुर, साक्षी तंवर, सिजेन खान तथा इकबाल खानजस्ता लोकप्रिय अनुहार सानो पर्दाबाटै हराएका छन्। अपूर्व अग्निहोत्री, जूही परमार, चेतन हंसराज तथा श्वेता तिवारी पनि रियालिटी शोका कारणमात्र सानो पर्दामा टिकिरहेका छन्। सानो पर्दाका नयाँ कलाकारको अवस्था पनि उस्तै छ। स्टार प्लसको धारावाहिक 'बिदाइ' मा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेकी सारा खान तथा पारुल चौहानले पनि करिब १५ हजार भा.रु.मा काम गरिरहेका छन्। 'बालिका वधू' की अविका गोरको दैनिक पारिश्रमिक करिब २० हजार भा.रु. भएको बताइन्छ। जबकि बलिउडतर्फ आकर्षित राजीव खंडेलवाल तथा मोना सिंहजस्ता कलाकारले आज पनि कुनै रियालिटी शो सञ्चालन गर्न प्रतिश्रृंखला १ लाख भा.रु.भन्दा बढी माग गर्छन्।



● विदेशबाट ●

## जम्का भेट



जतिबेला प्रशान्त तामाङ इन्डियन आइडलको फाइनल राउन्डमा प्रतिस्पर्धा गर्दै थिए, त्यहीबेला दार्जीलिङ सोनादाका कर्मा शेर्पा पनि जी सारेगमप बांगलाको फाइनलमा थिए। प्रशान्तप्रति सबैको ध्यान खिचिएको बेलामा उनी ओझेलमा परे पनि उनको प्रतिभाबाट धेरै जनाले परिचित हुने अवसर पाए। एसएमएसमा आधारित नभै निर्णायकहरूको निर्णयका आधारमा उत्कृष्ट हुने उक्त रियालिटी शोमा उनी उत्कृष्ट तीनभित्र पर्न सफल भए। उक्त प्रतियोगितामा २२ हजार ७ सय ७५ मध्येमा उत्कृष्ट तीनभित्र परेका कर्मा यतिबेला गायनक्षेत्रमै करियर बनाउने लक्ष्यका साथ अघि बढेका छन्। मध्यमवर्गीय परिवारका २६ वर्षीय यी तन्नेरी चाँडै पहिलो नेपाली गीतिसंग्रह श्रोतामाझ ल्याउने तयारीमा छन्। सिलिगुडीमा भेटिएका कर्मासँग साप्ताहिकका विदुर खतिवडाको जम्काभेट :

**जी सारेगमपको यात्रामा तपाईंले कत्तिको सपोर्ट पाउनुभएको थियो ?**

सपोर्ट एकदमै थियो, तर अन्तिम 'जजेज राउन्ड' मा म उत्कृष्ट तीनभित्र मात्र पर्न सफल भए। मेरो स्वरलाई स्थान दिन त्यसबेला दार्जीलिङ तथा सिक्किमका नेपालीको योगदान महत्त्वपूर्ण छ। अर्को कुरा, मैले कर्ण दासको त्यो प्रेमको बलिदान म कसरी भूल्न सक्छु गीत गाएर नेपाली भएको पहिचान पनि दिएको थिएँ।

**अहिलेसम्मको यात्राका दौरान अघि बढ्न कत्तिको गाह्रो अनुभव भएको छ ?**

गाह्रो रहेछ, मैले अहिले त थुप्रै स्टेज प्रोगाम पाइरहेको छु। अहिलेसम्म चारवटा प्रतिस्पर्धामा पाएको सफलताका कारण यात्रा केही सहज भएको छ। ओपन भोकल कन्टेस्ट दार्जीलिङ, जीडीएनएसको स्वरश्री-२००६, दार्जीलिङ कार्निभल आइडल-२००४ मा म प्रथम भएको थिएँ भने सारेगमप जी बंगलामा टप थ्रीमा आए।

**बलिउडमा भविष्य देख्नुभएको छ ?**

अहिले म स्ट्रगलको फेजमा छु, सम्भव नै छैन त भन्दिनँ तर मैले बलिउडमा स्थान पाउन अझै मेहनत गर्नुपर्छ। सारेगमपमा रहँदा गजल गायक तलत अजिज, कुमार सानु, अल्का याग्निकले तिमीले मेहनत गर्‍यौ भने अघि बढ्न सक्छौ भनेर प्रेरणा दिनुभएको थियो। बैंगलोरमा दुई वर्ष मुस्लिमहरूसँग बसेको हुनाले मलाई हिन्दी टोनको समस्या छैन। अहिलेसम्म हिन्दी, नेपाली, बंगलाका अतिरिक्त मलयालम, कन्नड तथा तमिल भाषामा पनि गीत गाउन सक्ने भएकाले अवसर पाउछु भन्ने आशा छ।

**एल्बम निकाल्ने तयारी कस्तो छ ?**

अहिले काठमाडौंमा गोपाल रसाइलीले नेपाली गीतहरूको संग्रहका लागि एरेन्जमेन्ट गरिरहनुभएको छ। केही दिनमै भोकलका लागि काठमाडौं आउँछु।

**एल्बममा कुन प्रकारका गीत छन् ?**

यो एल्बममा नेपालमा बस्ने नेपालीहरूले भिन्न स्वाद पाउनुहुनेछ। कस्तो प्रकारका गीत हुन्छन् भन्यो भने त अर्कोले पनि त्यस्तै एल्बम गरिहाल्ला, यद्यपि मेरो एल्बममा सुफी शैलीका नेपाली गीत हुनेछन्।

**तपाईंको लक्ष्य नेपाली संगीत उद्योगमै प्रतिस्पर्धा गर्ने हो ?**

पहिलो कुरा म नेपाली हुँ, त्यसकारण नेपालीहरूको पर्याप्त माया पाइन्छ भन्ने मेरो विश्वास छ। नेपाली पार्श्वगायनमा पनि मेरो स्वर फिट हुन्छ भन्ने सोचेको छु। भर्खरै भुवन केसीले आफ्नो आगामी चलचित्रका लागि अवसर दिने आश्वासन दिएर जानुभएको छ, म आशावादी छु।

**इन्डियन आइडलमा किन प्रतिस्पर्धा नगर्नुभएको नि ?**

मलाई खरो प्रतिस्पर्धामा उत्रन मन लाग्छ, इन्डियन आइडल हेरी सारेगम धेरै स्ट्यान्डर्डको रियालिटी सो हो। ममा हिरोहोन्डा सारेगामाको विजेता बन्ने चाहना छ।




# प्यार इम्पोसिबल

यसराज फिल्म्सको ब्यानरमा निर्माण गरिएको चलचित्र 'प्यार इम्पोसिबल' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ। वर्ष २०१० को पहिलो शुक्रबार प्रदर्शन भएर वर्षकै पहिलो चलचित्र बन्ने सौभाग्य 'प्यार इम्पोसिबल' सहित 'दुल्हा मिल गया' तथा 'हेलो ! हम लल्लन बोल रहें हैं' ले पनि पाउँदैछन् ।

रोमान्स तथा कमेडी श्रेणीमा राखिएको 'प्यार इम्पोसिबल' को निर्देशन जुगल हंसराजले गरेका हुन् । जुगल यसअघि अभिनेताका रूपमा कार्यरत थिए । यो चलचित्रमा प्रियंका चोपडा, उदय चोपडा, डिनो मोरियो, अनुपम खेर आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । सलिम-सुलेमानद्वारा संगीतबद्ध यो चलचित्रका गीत अनुष्का मनचन्दा, सलिम मर्चेन्ट, विशाल डाड्लानी, नेहा वासिन, बेन्नी दयाल आदि गायक-गायिकाले गाएका छन् ।

चलचित्रको कथाअनुसार क्यालिफोनिर्यास्थित एउटा विश्वविद्यालयमा अध्ययनरत अलिशा (प्रियंका) आफ्नो सौन्दर्यका कारण चर्चित छिन् । उनीजस्ती सुन्दर युवती विश्वविद्यालयभरिमै कोही छैनन् । सबै युवा उनलाई पाउन चाहन्छन् र उनलाई एक झलक हेर्नैका लागि घण्टौं पर्खनसमेत तयार छन् । अभय (उदय) पनि अन्य युवकहरूझैं मनमनै अलिशालाई मन पराउँछन् । आफ्नो कम्प्युटर प्रोग्राम तथा म्याक स्टोरको तुलनामा उनी अलिशाकै बारेमा बढी सोचिरहन्छन् । अभय निकै साधारण युवक हुन्, जो मोटो सिसा भएको चस्मा लगाउँछन् । अनौठो व्यवहार प्रदर्शन गर्ने उनी अरूसँग सामना गर्न पनि डराउँछन् । समय बित्दै जाँदा हिम्मत गरेरै अभयले अलिशासमक्ष प्रेमप्रस्ताव राख्छन् । अलिशाले उक्त प्रस्ताव स्वीकार गर्ने सम्भावना रत्तिभर थिएन र गरिनन् पनि । अभयले बुझे यो माया असम्भव छ अर्थात् प्यार इम्पोसिबल ! अभय र अलिशाको बाटै अलग हुन्छ । चलचित्रको उत्तरार्द्धमा पुगेपछि कथाले नयाँ मोड लिन्छ । अभय र अलिशा पुनः एक-अर्काका सामुन्ने आइपुग्छन् । त्यस पछि के हुन्छ ? थाहा पाउन चलचित्र नै हेर्नुपर्नेछ ।

## डे ब्रेकर्स



आज शुक्रबार सार्वजनिक हुने हलिउडको नयाँ चलचित्र 'डे ब्रेकर्स' लाई ड्रामा, साइन्स फिक्सन, सस्पेन्स थ्रिलर तथा हरर श्रेणीमा राखिएको छ । १ घण्टा ३८ मिनेट लामो यो चलचित्रको निर्देशन माइकल स्पेरिग तथा पिटर स्पेरिगले संयुक्त रूपमा गरेका हुन् । पिटर ब्लक तथा जेसन कन्स्टेनटाइन निर्माता रहेको यो चलचित्रको छायांकन लाइन्स गेट स्टुडियोमा गरिएको छ । चलचित्रमा इथान हायक, विलेम डाफी, साम निल, इसाबेल लुकास, क्लाउडिया कार्भान, माइकल डोर्म्यान, विन्स कोलोसिमो, जे लागा आइया, बेन सिमर आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । लाइन्स गेट स्टुडियोमा छायांकन गरिएको यो चलचित्रको विश्वव्यापी वितरण पनि लाइन्स गेटले नै गर्दैछ । चलचित्र रक्तपातयुक्त हिंसाका दृश्य समावेश गरिएकाले बालबालिकाले यो चलचित्र हेर्न सक्दैनन् ।

चलचित्र डे ब्रेकर्समा सन् २०१९ को कथामा आधारित छ । चलचित्रमा नायक हायकले एडवार्ट डाल्टनका रूपमा एउटा अनुसन्धानकर्ताको भूमिका निर्वाह गरेका छन् । प्लेगले विश्वका सम्पूर्ण मानिसलाई लामखुट्टेमा परिणत गर्ने विध्वंसकारी कार्य गरेपछि अनुसन्धानकर्ताहरू अचानक व्यस्त हुन्छन् । प्लेगको आतंकबाट मानवजातिलाई बचाउन गरिएको द्वन्द्वका आकर्षक दृश्ले चलचित्रलाई रोमाञ्चक बनाएको छ । हरर तथा एक्सन चलचित्रका पारखीहरूका लागि 'डे ब्रेकर्स' रोमाञ्चक चलचित्र हुनसक्छ ।

● चलचित्र ●

# दानवीर



कुनै गाउँको एउटा सोझो युवककी बहिनीमाथि खलनायकहरूको कुदृष्टि पर्छ । सहरमा पनि उसकी प्रेमिका र उसको दाइको खलतत्त्वहरूले हत्या गर्छन् । अन्यायमा परेको त्यो सोझो केटोले अन्ततः बदलाको बाटो अँगाल्छ । आज शुक्रबार काठमाडौं उपत्यकाका विश्वज्योति चलचित्र भवनलगायत दर्जनौं चलचित्र भवनबाट एकैपटक सार्वजनिक हुन लागेको चलचित्र 'दानवीर' को कथासार यही नै हो । एकपछि अर्को चलचित्र निर्माण गरिरहेका निर्माता चिरञ्जीवी बस्नेत तथा उनीजस्तै गरी एकपछि अर्को चलचित्रको निर्देशन गरिरहेका निर्देशक सोभित बस्नेतले एकसाथ निर्माण गरेको चलचित्र 'दानवीर'लाई बस्नेतद्वयले विशुद्ध मनोरञ्जक चलचित्र भनेका छन् । चलचित्रको मूल नायक अर्जुन कार्की भए पनि यसमा राजेश हमाल, रमित ढुंगाना, जयकिशन बस्नेत आदिले अभिनय गरेका छन् । त्यस्तै चलचित्रमा झरना थापा, गरिमा पन्त, कञ्चन रेग्मी, दिनेश डिसी, सुवास गजुरेलसहितका दर्जनौं कलाकारको भीड जम्मा गरिएको छ । शम्भुजित बासकोटाको संगीत रहेको उक्त चलचित्रलाई द्वन्द्वप्रधान चलचित्र पनि भनिएको छ । दानवीरका द्वन्द्व निर्देशक हिमाल केसी तथा सोभित बस्नेत हुन् । काठमाडौं, चितवन, पोखरा आदि स्थानमा छायांकन गरिएको यो चलचित्रमा एउटा हात्तीलाई पनि अभिनय गराइएको छ ।





सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
तस्बिर : नरेन्द्र मालाकार/ईपाइला डटकम
रञ्जना
बस्नेत

गोरो वर्णकी रञ्जना नेपाली चलचित्रमा नायिका बन्ने उद्देश्यले गोरखाबाट राजधानी आएकी धेरै भएको छैन । दुई वर्षअघि एसएलसी उत्तीर्ण गरेर उच्च शिक्षा हासिल गर्नुका साथै अभिनयमा करियर बनाउन राजधानी आएकी रञ्जनाले यो अवधिमा चलचित्र नै अभिनय गर्न त भ्याएकी छैनन्, तर त्यसका लागि प्रशस्त पूर्वाधार तयार पारिसकेकी छिन् । काठमाडौं आएको केही समयपछि नै नृत्यको प्रशिक्षणमा व्यस्त रञ्जना अहिले आफ्नो यही कौशल प्रदर्शन गर्न विदेशसम्म पुगेकी छिन् । एउटा सांस्कृतिक कार्यक्रममा नृत्य प्रदर्शन गर्न सात समुद्रपारि पुगेकी रञ्जनाले स्वदेश फर्किएपछि चलचित्रमा व्यस्त हुने योजना बनाएकी छिन् ।

५ फिट ४ इन्च अग्ली रञ्जना स्लिम छिन् । 'डाइटिङ गरेर चाहिं होइन नि,' उनी आफ्नो स्लिम फिगरको रहस्य खोल्दै भन्छिन्– 'फुर्सदमा पनि नृत्यको अभ्यास गरिरहने भएकाले मेरो शरीर स्लिम भएको हो ।' आधा दर्जन म्युजिक भिडियोमा आफूलाई प्रस्तुत गरिसकेकी रञ्जनाले एउटा चाउचाउको विज्ञापनमा समेत मोडलिङ गरेकी छिन्, जुन अहिले विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण भैरहेको छ । उक्त विज्ञापनको प्रसारणसँगै उनले थप केही विज्ञापनमा मोडलिङ गर्ने प्रस्ताव पनि पाइसकेकी छिन् । महाराजगन्जमा बसोबास गर्ने प्लस टुकी यी छात्रा आफूमा भएको आत्मविश्वासकै कारण कम समयमै ग्ल्यामरको क्षेत्रमा स्थापित हुन सकेको बताउँछिन् । आफ्ना शरीरका अंगमध्ये आँखा राम्रो लाग्ने बताउने रञ्जनाले भविष्यमा सफल नायिका बन्ने लक्ष्य लिएकी छिन् ।

– कृष्ण




WHITE MISCHIEF
ULTRA PURE VODKA

२०६६ माघ
JAN-FEB 2010

| आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S | आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ 15 | २ 16 | ३ 17 | ४ 18 | ५ 19 | ६ 20 | ७ 21 | ८ 22 | ९ 23 |
| १० 24 | ११ 25 | १२ 26 | १३ 27 | १४ 28 | १५ 29 | १६ 30 | १७ 31 | १८ 1 | १९ 2 | २० 3 | २१ 4 | २२ 5 | २३ 6 |
| २४ 7 | २५ 8 | २६ 9 | २७ 10 | २८ 11 | २९ 12 | | | | | | | | |

A little mischief. A lot of fun.




UNITED SPIRITS NEPAL PVT. LTD.

DRINK RESPONSIBLY

## सातको स्वर



### प्रमोद खरेल

**मेरो माया यस्तो छ है.. गीत कुन शैलीमा आधारित छ ?**

यो पप शैलीमा आधारित विशुद्ध प्रेमगीत हो । यो आफूले प्रेमिका पाइसकेपछिको भावना समेटिएको गीत हो ।

**तपाईंका अन्य गीतभन्दा यो गीत कुन कुराले पृथक् छ ?**

अन्य गीतको तुलनामा यसको गायन शैली फरक छ । लोक तथा शास्त्रीय संगीतलाई सुरेश अधिकारीले राम्रोसँग फ्युजन गरेका छन् ।

**गीतको कुन पक्ष आकर्षक मान्नुहुन्छ ?**

गीतको प्रस्तुतीकरण आकर्षक छ । फरक-फरक मुडमा गाइएको छ ।

**गीतका लक्षित वर्ग को हुन् ?**

आधुनिक शैलीका गीत मन पराउने सबै उमेरका श्रोताका लागि यो गीत विशेष बन्न सक्छ ।

**म्युजिक भिडियो पनि लोकप्रिय भएको हो ?**

यसको भिडियो कम समयमै लोकप्रिय भएको छ । भखरै विवाह गरेका जोडीमार्फत प्रदीप कसपालले भिडियोलाई जीवन्तता प्रदान गरेका छन् ।

### तालको बीचमा एल्बम

कुनै ठूला होटल वा सभाहलमा कृति सार्वजनिक गर्ने चलन व्यापक छ, तर गएको साता पोखरामा भने नितान्तै भिन्न तवरले एउटा गीतिएल्बम सार्वजनिक कार्यक्रम गरियो । दार्जीलिङ निवासी गायक विमल गुरुङका भावहरू नामक गीतिएल्बमको विमोचन फेवातालको बीच भागमा रहेको बाराही मन्दिरलाई पृष्ठभूमि पारेर गरिएको थियो । विमोचन समारोहका अतिथि थिए– साहित्यकार सरुभक्त एवं गीतकारद्वय विनोद गौचन र प्रकट पंगेनी शिव । आठवटा गीत समाविष्ट यो एल्बमका गीतहरू मिलन सिजापति, राम सिटौल, सुमन योन्जन तथा गायक स्वयंले लेखेका छन् भने संगीत अर्जुन पोखरेल एवं राम सिटौलाको छ ।

### संगीतमा ग्लोबल वार्मिङ

जलवायु परिवर्तनका सम्बन्धमा संगीतमार्फत जनचेतना जगाउने उद्देश्यले राजधानीमा अन्तरकलेज संगीत प्रतियोगिता हुने भएको छ । पोजेटिभ भ्वाइस इन्टरटेन्मेन्ट समूहले आयोजना गर्ने यो प्रतियोगितामा १८ वटा कलेजका सांगीतिक समूहले भाग लिनेछन् । 'सेभ द प्लानेट' नारा राखिएको यो प्रतियोगिताको पहिलो छनौट प्रतियोगितामा आगामी माघ २ तथा ९ गते हुँदैछ । प्रथम चरणको प्रतिस्पर्धाबाट छनौट भएका उत्कृष्ट नौवटा सांगीतिक समूहबीच फागुन १ गते निर्णायक प्रतिस्पर्धा गराइनेछ । प्रतिस्पर्धामा प्रथम स्थान हासिल गर्ने समूहका लागि रेगल म्युजिकले एउटा गीतिसंग्रह तयार पारिदिनेछ भने दोस्रो तथा तेस्रो स्थान हासिल गर्ने समूहले नगद २० हजार तथा १५ हजार रुपैयाँ पाउनेछन् । प्रतियोगिताका लागि प्रत्येक सांगीतिक समूहले प्रस्तुत गर्ने दुई गीतमध्ये एउटा आफ्नै सिर्जना हुनुपर्नेछ भने अर्को जलवायु परिवर्तनसम्बन्धी आफ्नै अथवा अन्य गीत प्रस्तुत गर्नुपर्ने आयोजकहरूले बताएका छन् ।

## म्युजिक अपडेट

### मुटुरोगीको सहयोगमा

तनहुँका मुटुरोगी बालक बुद्धिराम परियारको उपचारका लागि सहयोग राशि जुटाउने उद्देश्यले गत शनिबार राजधानीमा एउटा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय नाचघरमा आयोजित सांस्कृतिक कार्यक्रम पन्चैबाजाको धुनसहित प्रारम्भ भएको थियो । कार्यक्रममा लोकगायिका बलीसरा थापाले 'चरीले गुड छाडेजस्तै भो' भाकाको लोकगीत प्रस्तुत गरेको उक्त कार्यक्रममा लोकगायक खड्ग गर्बुजा, रामा मण्डल आदिले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए । नरेन्द्र आलेको मयूर नृत्यले कार्यक्रमको रौनक बढाएको थियो । 'झ्याइँकुटी झ्याइँ' श्रृंखलाका निर्देशक तथा हास्यकलाकार दमन रुपाखेतीको हास्यप्रस्तुतिले रमाइलो बनेको उक्त कार्यक्रममा आकर्षक नृत्यसमेत प्रदर्शन गरिएको थियो ।

### यात्राको विमोचन

गायक दीप श्रेष्ठले गाएका पछिल्ला आधुनिक गीतहरूको एकल संग्रह 'यात्रा' गत साता सार्वजनिक भएको छ । करिब चार वर्षपछि एकल गीति संग्रहमार्फत झुल्किएका गायक श्रेष्ठ अघिल्लो साता राजधानीमा आयोजित विमोचन समारोहमा खुसी देखिन्थे । विमोचन समारोहमा गायक श्रेष्ठले आफ्नो सांगीतिक करियरमै पहिलो पटक अन्य संगीतकारद्वारा संगीतबद्ध गीति-संग्रहमा एकल गायन गरेको बताएका थिए । यो संग्रहका सबै गीतमा संगीतकार राजु सिंहले संगीत दिएका छन् । संग्रहका सबै गीत गीतकार योगेन्द्रमणि दाहालले रचना गरेका हुन् । म्युजिक डटकमले बजार व्यवस्थापन गरेको उक्त संग्रहको विमोचन समारोहमा आलोक नेम्वाङद्वारा निर्देशित 'अचानो...' गीतको म्युजिक भिडियो प्रिमियर गरिएको थियो । विमोचित संग्रहमा आठ गीत तथा दुई ट्र्याक समावेश छन् ।

### लन्डनमा नेपाली ब्यान्ड

लन्डनमा भएको सांगीतिक समूहहरूको प्रतिस्पर्धा ब्याटल अफ ब्यान्ड्स २०१० मा एउटा नेपाली सांगीतिक समूहले पनि सहभागि हुने अवसर पाएको छ । उक्त प्रतिस्पर्धामा नेपालका तर्फबाट सांगीतिक समूह इक्वेल्सले सहभागिता जनाउन लागेको हो । नेपाली प्रतिनिधित्वका लागि स्थानीय ४० भन्दा बढी सांगीतिक समूहबीच भएको प्रतिस्पर्धामा सूत्र, जिन्दावाद, अल्ट एफफोर, इक्वेल्स तथा कालभैरव छनौट भएका थिए, जसबाट निर्णायक चरणको प्रतिस्पर्धामा इक्वेल्सले बाजी मारेको छ । प्रतिस्पर्धाका लागि लन्डन जानुअघि समूहले भोलि शनिबार राजधानीमा 'गुड लक टु इक्वेल्स' शीर्षकको कन्सर्टमा सहभागिता जनाउँदैछ । कन्सर्टमा इक्वेल्ससँगै कवबेव, एमटी ८८४८, ताण्डव आदि समूहले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन् ।

### लोकदोहोरी प्रतियोगिता

तमु ल्होसारका अवसरमा गत साता टुँडिखेलमा खुला लोकदोहोरी प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा कृष्ण दोहोरी साँझले प्रथम स्थान हासिल गर्दै नगद ५० हजार रुपैयाँको पुरस्कार जितेको छ । प्रतियोगितामा तनहुँ तमु समाजले दोस्रो स्थान हासिल गर्दै नगद २५ हजार रुपैयाँ जितेको छ । तेस्रो स्थान हासिल गर्ने तमु सांस्कृतिक प्रतिष्ठानले १५ हजार रुपैयाँको पुरस्कारमा चित्त बुझाएको छ । तमु ल्होसार मूल आयोजक समितिद्वारा आयोजित प्रतियोगितामा सात मुहाने देउराली समूहका गणेश गुरुङ उत्कृष्ट गायक तथा गंगा-जमुना दोहोरीकी मञ्जु गुरुङ उत्कृष्ट गायिका घोषित भएका छन् ।

### रोयल्टीमा सम्झौता

रोयल्टी संकलन समाजले संगीतिक क्षेत्रका तीनवटा संस्थासँग सहकार्य गर्न एउटा सम्झौता गरेको छ । समाजले संगीत उद्योग संघ, नेपाल गायन समाज तथा नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजसँग रोयल्टी लिने-दिने विषयमा स्वीकृति लिएको करारनामा-पत्रमा अघिल्लो बिहीबार आयोजित कार्यक्रममा हस्ताक्षर गर्दै सम्झौता गरेको हो । कार्यक्रममा म्युजिक नेपालले आफूसँग आबद्ध कलाकारको २०६६ वैशाखदेखि असारसम्मको रोयल्टी २ लाख २५ हजार ३ सय ६६ रुपैयाँ प्रदान गर्ने सहमति गरेको छ । म्युजिक नेपालका सन्तोष शर्माले रोयल्टी संकलन समाजसँग उक्त सम्झौता गरेका हुन् । शर्माले साउनदेखिको बाँकी रकम २२ लाख पनि चाँडै समाजलाई बुझाउने तयारी गरेको बताएका छन् । कार्यक्रममा प्रतिलिपि अधिकार रजिस्टार वीरबहादुर राईले रोयल्टी संकलन समाजलाई सुचारु गराउन सरकारबाट ९ लाख रुपैयाँ निकासा गरिएको जानकारी गराउँदै संगीत विकास बोर्ड गठनको मागका सम्बन्धमा मन्त्रालयलाई जानकारी गराएको बताए ।

### गायिकाको दुःखेसो

गायिका समला हमुड राईको स्वर यति सुरिलो छ कि उनका गीत सुन्ने श्रोताहरू उनी दुईवटा वैशाखीको सहारामा मात्र हिंडडुल गर्न सक्छिन् भन्ने कुरा पत्याउन गाह्रो मान्छन्, तर वास्तविकता यही हो । केही समयअघि मात्र पहिलो गीतिसंग्रह 'ए माया सरर' तयार पारेकी गायिका राई यतिबेला पूर्वी नेपालका विभिन्न सहरमा आफैं बजार खोजिरहेकी छिन् । तीन महिनाको छँदै आगोले पोलेर देब्रे खुट्टा गुमाएकी खोटाङ जाल्पाकी राई एउटा खुट्टा नभए पनि रत्तिभर विचलित नभएको बताउँछिन् । एसएलसी उत्तीर्ण गरेपछि सांगीतिक क्षेत्रमा प्रवेश गरेकी गायिका राईले तीन महिनाअघि मात्र पहिलो गीति संग्रह 'ए माया सरर' श्रोतामाझ ल्याएकी हुन् । पूर्वी नेपालमा आफ्नो गीतिसंग्रहले राम्रो व्यापार गरिरहेकोमा दंग परेकी गायिका राई यतिबेला गीतिसंग्रहको एउटा पनि म्युजिक भिडियो तयार पार्न नसकेकोमा दुःखी छिन् । रेडियो नेपालबाट समेत स्वरपरीक्षा उत्तीर्ण गरेकी गायिका राईले पोखरामा सम्पन्न अलिमियाँ तारामा समेत उत्कृष्ट पाचौं स्थान हासिल गरेकी थिइन् ।

## अफबिट



**श्री इडियट्स** : केही समयअघि हेटौंडामा सम्पन्न महोत्सवको सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेपछि तस्बिरका लागि पोज दिँदै बायाँबाट गायकद्वय रोज मोक्तान र सीताराम पोखरेल तथा गायिका रेश्मा सुनुवार ।

## विदेशबाट

### नोल्स नै सर्वोत्कृष्ट

बेलायती प्रशंसकहरूमाझ गरिएको एक सर्वेक्षणमा गायिका बेयोन्स नोल्सलाई विश्वकै सर्वश्रेष्ठ पप गायिका चुनिएको छ । कन्ट्याक्ट म्युजिक डटकमले गरेको उक्त सर्वेक्षणमा १ लाखभन्दा बढी मत परेको थियो । उक्त सर्वेक्षणमा नोल्सले बिटनी स्पेयर्स तथा मेडोनासहित अन्य नौ जना गायिकलाई पछि पारेकी थिइन् ।

### पूर्व स्पाइस गर्ल्सको योजना

सांगीतिक समूह स्पाइस गर्ल्सकी पूर्व गायिका भिक्टोरिया बेकहमले आगामी तीन दशकसम्म आफू फेसन उद्योगमा रहिरहने योजना सार्वजनिक गरेकी छिन् । फिमेल फस्टको एउटा रिपोर्टमा जनाइएअनुसार केही समयअघिदेखि मात्र फेसन उद्योगमा प्रवेश गरेकी भिक्टोरियाले कम समयमै आफ्नो स्थान सुरक्षित गरिसकेकी छिन् । 'म यो उद्योगमा २५-३० वर्षसम्म काम गर्न चाहन्छु, उनी भन्छिन्– 'संगीतको तुलनामा फेसन उद्योगमै नाम र दाम भएको अनुभव गर्न थालेकी छु ।'

### रिहान्नाको संकल्प

पाश्चात्य संगीतकी लोकप्रिय गायिका रिहान्नाले नयाँ वर्ष २०१० को प्रारम्भै आफ्ना सबै नराम्रा बानी त्याग्ने संकल्प गरेकी छिन् । रिहान्नाका अनुसार उनले अबदेखि धेरै सपिङ नगर्ने तथा बढीभन्दा बढी समय आफ्ना परिवारका सदस्यलाई दिने संकल्प गरेकी हुन् । कन्ट्याक्ट म्युजिक डटकमका अनुसार रिहान्नाले नयाँ वर्षको अवसर पारेर आफ्नो संकल्पका बारेमा आमसञ्चार माध्यमलाई जानकारी गराएकी थिइन् । उनको थप संकल्प छ– 'म हरेक दिन बिहान चाँडै उठ्छु र दैनिक मर्निङ वाक पनि गर्छु ।' २१ वर्षीया यी पप गायिकाको वर्ष २००९ सुखद रहयो ।



## नजिकबाट



### पूर्ण राई

| | | |
|---|---|---|
| जन्ममिति | : | मंसिर ८ गते |
| घरमा बोलाउने नाम | : | पूर्ण |
| परिचय | : | गायक |
| जन्मस्थान | : | सोलुखुम्बु |
| रुचि | : | संगीत सुन्ने, भ्रमण |
| प्रकाशित एल्बम | : | पहिलो भेट |
| सांगीतिक गुरु | : | भानुभक्त ढकाल, रविन दास श्रेष्ठ, गुरुदेव कामत |
| मनपर्ने परिकार | : | सादा |
| पकाउन जानेको परिकार | : | नेपाली परिकारहरू |
| मनपर्ने रंग | : | नीलो |
| मनपर्ने पहिरन | : | टिसर्ट जिन्स |
| मनपर्ने मौसम | : | वसन्त ऋतु |
| मनपर्ने गीत | : | मुटु जलिरहेछ (भक्तराज आचार्य) |
| रिस उठेको बेला | : | शान्त हुने |
| मनपर्ने आफ्नै बानी | : | सबैसँग मिलनसार |
| पहिलो चर्चित गीत | : | पहिलो भेट |
| सबैभन्दा बढी माया | : | मातृभूमि र जन्मदिने आमाबाबु |
| पहिलो पटक बजाएको बाजा | : | बाँसुरी |



## राष्ट्रपतिको पाँचौं विवाह

दक्षिण अफ्रिकाका ६८ वर्षीय राष्ट्रपति ज्याकोव जुमाले पाँचौं विवाह टोबेका माडिवासँग गरे । जुलु जातिमा बहुविवाहलाई मान्यता प्रदान गरिँदै आएको छ। जुलु वेशभूषामा सजिएर विवाह गरेका जुमाकी एउटी श्रीमतीले पारपाचुके गरेकी थिइन् भने अर्कीले आत्महत्या गरेकी थिइन् ।

● पहिलो विश्व ●

## यौन सामग्रीको खपत बढ्यो



गत वर्ष विश्वव्यापी रूपमा देखा परेको आर्थिक मन्दीको असर विभिन्न क्षेत्रमा परेको थियो । आर्थिक मन्दीको प्रभावमा परेपछि कतिपय व्यक्तिले आफ्नो खर्चमा समेत व्यापक कटौती गरेका थिए । मूलतः युरोप र अमेरिकामा देखिएको यो आर्थिक मन्दीमा भने ब्रिटिस पुरुषहरूले भने यौनजन्य सामग्री खरिददेखि यौन मनोरन्जनका लागि दिल खोलेर खर्च गरेको तथ्य फेला परेको छ । वान पोल सर्वेले विश्वव्यापी रूपमा देखा परेको आर्थिक मन्दीको समयमा यौनजन्य क्रियाकलापमा कति खर्च भयो भनेर गरेको सर्वेक्षणमा ब्रिटिस पुरुषहरूले ४ अर्ब २० करोड पाउन्ड बराबर खर्च गरेको पाइयो । अधिकांश पुरुषले यौन सामग्री किनेर, निर्वस्त्र नृत्य हेर्न गएर, फोन सेक्स गरेर, वयस्क म्यागजिन किनेर तथा अनलाइन पोर्नोग्राफी हेरेर पैसा खर्च गरेका थिए । त्यसबाहेक लाखौं पुरुषले नियमित रूपमा यौनकर्मीकहाँ जाने गरेको बताए । ब्रिटिस पुरुषहरूले पछिल्लो वर्ष अत्यधिक खर्च निर्वस्त्र नृत्य हेर्नमा गरे । एकपटक निर्वस्त्र नृत्य हेरेको ६० पाउन्ड पर्ने हुँदा सर्वेक्षणमा सहभागी भएका २९ प्रतिशत पुरुषले नियमित रूपमा स्ट्रिप क्लब जाने गरेको बताए । यस्ता पुरुषको संख्या हेर्दा गत वर्ष करिब १ अर्ब ५० करोड पाउन्ड स्ट्रिप क्लबमा गएर खर्च भएको देखिन्छ । ब्रिटिस पुरुषहरूले आफ्नो मोबाइल फोनमा वयस्क दृश्यहरू पनि डाउन लोड गरेका थिए । एक अनुमानअनुसार गत वर्ष ५० करोड पाउन्डबराबरका वयस्क दृश्य डाउनलोड गरिएको थियो । ४ हजार ५ सय पुरुषमा गरिएको सर्वेक्षणमा १३ प्रतिशत पुरुषले गत वर्ष अनलाइन पोर्नोग्राफी साइटमा शुल्क तिरेर सदस्यता लिएका थिए । यसरी सदस्य बन्नेहरूले ३८ करोड ७० लाख पाउन्ड तिरेका थिए ।

## निर्वस्त्र भए पनि हेल्मेट लगाउनुस्



न्युजिल्यान्डमा बढ्दै गएको वातावरणमैत्री अभियानले निर्वस्त्र घुमिफिर र साइकलयात्रालाई बढावा दिँदै गएको छ । निर्वस्त्र अभियानका अभियानकर्ताहरूले शरीरमा कुनै पोसाक लगाउनु हुँदैन भन्ने कुरामा जोड दिइरहेका छन् । यसबीच न्युजिल्यान्ड प्रहरी भने अहिले निर्वस्त्र साइकल अभियनकर्ताहरूविरुद्ध कठोर बन्दै गएको छ । अभियानकर्ताहरूले निर्वस्त्र हिंड्डुल गर्न पाउनुपर्छ भन्ने अभियानलाई जसरी अघि बढाउँदै लगेका छन् न्युजिल्यान्ड ट्राफिक प्रहरीहरू सवारी चालकको सुरक्षालाई लिएर हेल्मेट भए पनि लगाउनुपर्ने नियमलाई कडाइका साथ लागू गरिरहेका छन् । हालै न्युजिल्यान्ड प्रहरीले निर्वस्त्र साइकल चालकलाई पक्राउ गरेपछि यो अभियानले तीव्रता पाएको हो । निर्वस्त्र अभियानकर्ताले अरूलाई उत्तेजना बढ्ने किसिमको क्रियाकलाप गर्न नपाएजस्तै सवारी चालकले आफ्नो र अरूको सुरक्षालाई ध्यान दिनुपर्छ भन्ने अडान प्रहरिको छ ।

## अन्त्यमा...



स्वीडेनका युवतीहरूमा विपरीतलिंगीहरूप्रति भन्दा समानलिंगीहरूप्रति आकर्षण बढ्दै गएको पाइएको छ । स्वीडेनको मोल्मो युनिभर्सिटीले गरेको पछिल्लो सर्वेक्षणबाट उक्त नतिजा आएको हो । सर्वेक्षणमा सहभागी ८ सय ५५ युवायुवतीमध्ये ३१ प्रतिशत युवतीले विपरीत लिंगीले आकर्षण गरे पनि समान लिंगीहरूले पनि आकर्षण गर्ने गरेको बताए । सर्वेक्षणका क्रममा ७ प्रतिशत युवाले यस्तो किसिमको प्रवृत्ति आफूमा रहेको बताए । अनलाइनमार्फत गरिएको उक्त सर्वेक्षणमा ३९ प्रतिशत युवती तथा ८ प्रतिशत युवाले दुवै लिंगीसँग यौन आनन्द हुने बताए भने १३ प्रतिशत युवती र ८ प्रतिशत युवाले दुवै लिंगीसँग यौनसम्बन्ध राखेको बताए । उक्त सर्वेक्षणमा १८ देखि २४ वर्षका युवायुवती सहभागी थिए ।

# नयाँ वर्षमा घोष्टपार्टी





धरान- आबुइ... आम्बो..., ओभर डेन्जर...- भन्ने आवाजहरू बिहीबार निर्वाणा कन्ट्री क्लबमा लगातार सुनियो । मानौं त्यस दिन सबैलाई बिल्कुलै फरक अनुभूति भैरहेको थियो । भूत बङ्गलाको जस्तो प्रवेशद्वार अनि पार्टीस्थल जाने बाटो बीचबीचमा भूतको हाउगुजीले आमन्त्रितहरू डराइरहेका थिए । केही युवा जोडीलाई त त्यसले बहाना नै थपेको थियो । घोष्टपार्टी नाम र वेलकम टु हेल लेखिएका ठूल्ठूला शब्द, घोष्ट मास्क लगाउनेहरूको भीड, भूतको चित्र लाइभ पर्दाका साथै रूखमा झुन्डयाइएको कङ्कालको पुत्लाले पूरै वातावरण भूतमय देखिन्थ्यो । बिहीबार अंग्रेजी नयाँ वर्षलाई स्वागत गर्न धरान उक्त घोष्टपार्टीमा उर्लिएको थियो ।

सबेरै सुरु भएको पार्टीमा डिजे तेन्जिङको आगमन भयो । उनले सकेसम्म लेटेस्ट गीत बजाए । पुसको चिसो पलाएको समयमा जब घडीले बाह्र बजेको सूचना दियो एकाएक पार्टीस्थलमा पटका र बमका आवाज आकाशै उज्यालो हुने गरी पड्किए । त्यसपछि पार्टीका सहभागीहरू नयाँ वर्षलाई स्वागत गर्न लागे । बेलुकी पाँच बजे प्रारम्भ भएको घोष्टपार्टी मध्यरात दुई बजेसम्म चलेको थियो । पार्टी लभर्स धरानले आयोजना गरेको घोष्टपार्टी सबैले रुचाए ।

–भीषण राई

## बैंकर्स नाइट

बुटवल- अंग्रेजी नयाँ वर्षका अवसरमा बुटवलमा पहिलो पटक 'बैंकर्स नाइट' सम्पन्न भएको छ । द बैंकर बुटवलको आयोजनामा हाटबजारलाइनको कान्ति मावि ग्राउन्डमा शनिबार साँझ आयोजित नाइटमा रूपन्देहीका दर्जनौं बैंकमा कार्यरत अफिसरदेखि कर्मचारीहरू सांगीतिक मनोरन्जनसँगै एक-आपसमा घुलमिल हुँदै रमाए । पुसको खपिनसक्नु जाडोका बीच आयोजित नाइटलाई विभिन्न ब्यान्डका कलाकारको प्रस्तुतिले तताएको थियो । जमिनै थर्किने साउन्ड र आँखै तिरमिराउने रेजर लाइटसिस्टमले झकिझकाउ कार्यक्रममा साँझ जति छिप्पिँदै गयो बैंकरहरू उति बढी खुलेर डान्स फ्लोरमा जम्न थाले । साँझ ५ बजे प्रारम्भ भएको कार्यक्रममा गायक सनुप पौडेल, वीरेन्द्र अग्रहरी तथा स्थानीय ब्यान्ड वसन्त एन्ड द क्रिउले दुई दर्जनभन्दा बढी नेपाली, हिन्दी पप एवं रिमिक्स गीत प्रस्तुत गरेर सहभागीलाई जाडो बिर्साउँदै नचाएका थिए ।







# श्रेया बनिन् मिस टिन नेपाल



**साप्ताहिक समाचार**

न्यू इयर इभ अर्थात् ३१ डिसेम्बरको साँझ छिप्पिँदै गएसँगै प्रज्ञाभवन बाहिर न्यू इयर इभ मनाउने मुड बनिरहेको थियो। प्रज्ञाभवनको डबलीमा भने मिस टिन नेपालको प्रतिस्पर्धाको गर्मी बढ्दै गएको आभास हुन्थ्यो। काठमाडौं जेसिसको आयोजनामा मिस टिन नेपाल प्रयोगिताको सातौं संस्करणका रूपमा सञ्चालित प्रतिस्पर्धामा सहभागी २४ जना प्रतिस्पर्धीले आ-आफ्नो क्षमता, प्रतिभा एवं प्रस्तुतीकरणबाट निर्णायक मण्डललाई प्रभावित गर्न सक्दो प्रयास गरे तर २४ जनाबाट प्रारम्भ भएको प्रतिर्स्धा बेस्ट ड्रेस राउन्ड, टपटेन र टप फाइभपछि अन्ततः निर्णायक प्रश्नको सामना गरिसकेपछि आफ्नो प्रभावलाई सफतलामा परिणत गर्न सफल भइन्- श्रेया पौड्याल। उनले गत वर्षकी विजेता अनामिका गुरुङको हातबाट यो वर्षको मिस टिन नेपालको ताज पहिरिन्। प्रभा अमात्यको कोरियोग्राफीमा सञ्चालित प्रतियोगितामा मोनिका केसी तथा इभिता ताम्राकार क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप चुनिए।

कुटुम्ब क्रिएसनले तयार पारेको सिल्भर हाइलाइट सहितको रातो रंगको स्लिभलेस लङ गाउनमा परिचय दिदै अघि बढेको प्रतियोगिता बेस्ट ड्रेस राउन्डमा नेपाली ढाका, हाकु पटासी आदि फ्याब्रिक प्रयोग गरी परिमार्जित शैलीका वन पिस, नी-लेन्थ, लङ स्कर्ट, टप तथा कर्स्ट गाउनको बाहुल्यता थियो। अन्तिम प्रतिस्पर्धाभन्दा केही दिन अघि सम्पन्न ट्यालेन्ट राउन्डका उत्कृष्ट ७ जनाले अन्तिम प्रतिस्पर्धाका दिन पुनः आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए। जसमध्ये डाली डाली फूल फुल्यो... गीतमा नृत्य प्रतिभा प्रस्तुत गरेकी आशिका दाहालले मिस ट्यालेन्ट अवार्ड जितिन्। यसैगरी सविना पोखरेलले मिस फोटोजेनिक, मोलिका रिमालले मिस पर्सनालिटी, जिस्मा प्रधानले मिस पपुलरको उपाधि हात पारे। फ्रेन्डसिपतर्फको उपाधि अनु रेग्मीले तथा इभिता ताम्राकारले बेस्ट ड्रेसको अवार्ड जितिन्।

# रौनक मिस नेवाःको

**साप्ताहिक समाचार**

पृष्ठभूमिमा बजेको सांगीतिक धुनसँगै मञ्चको पर्दा उघारियो र प्रतिस्पर्धीहरूको आकर्षक स्वागत नृत्यले गति लियो। परम्परागत संस्कृतिको झल्को दिने र आधुनकि शैलीको साल्सा नृत्यको दुवैथरी संयोजनमा रोहिया महर्जनले तयार पारेको स्वागत नृत्यको तालमा कम्मर मर्काएसँगै मिस नेवाः प्रतिस्पर्धाको पाँचौं संस्करणको उपाधि दौड अघि बढ्यो। त्यसपछि प्रतिस्पर्धीहरूले आईसीका फेसन डिजाइनहरूले तयार पारेका फरक-फरक सिलहट्स, कट्स, डिजाइन एवं रंग संयोजनका आकर्षक गाउनमा सजिएर नेपाल भाषामै आ-आफ्नो परिचय दिए।

त्यसपछि कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफीमा प्रतिस्पर्धीहरूले बेस्ट ड्रेस राउन्डमा नेवार संस्कृति, कला एवं परम्परा झल्काउने विभिन्न परम्परागत एवं परिमार्जित शैलीका पहिरनहरू प्रस्तुत गरे। तेस्रो चरणमा आइपुग्दा प्रतिस्पर्धीहरूको संख्या ३६ बाट १६ जनामा सीमित भयो। त्यसपछि प्रश्नोत्तर चरण हुँदै ७ जनाबीच उपाधिका लागि अन्तिम भयो। पुरुषले मस्तिष्क र महिलाले मनले सोचेर काम गर्छन् भन्ने भनाइप्रति तपाईं सहमत हुनुहुन्छ ? भन्ने निर्णायक प्रश्नको उत्तर दिने क्रममा प्रतियोगी नम्बर ११ को ट्याग



भिरेकी योगिता महर्जनको जवाफ थियो- महिलाहरूले आफ्नो मनको कुरा मात्र मानेर अघि बढ्ने दिन गए, पुरुषले जस्तै तिनले पनि मस्तिष्क र मन दुवैको उत्तिकै प्रयोग गर्ने गरेका छन्। योगिताले आफ्नो त्यही तर्कका आधारमा पाँचौं संस्करणको मिस नेवाःको मुकुट पहिरिनन्।

योगितालाई गत वर्षकी मिस नेवाः आकाश बज्राचार्यले विजेताको मुकुट पहिऱ्याएकी थिइन्। उपाधिसँगै योगिताको पोल्टामा ल्यापटप तथा ५० हजार नगद पुरस्कार राशि पनि पऱ्यो। दोस्रो स्थानमा सविना डंगोल र तेस्रो स्थानमा एलिशा श्रेष्ठ रहे। उनीहरूले क्रमशः नगद पुरस्कार ३० हजार र १० हजार रुपैयाँ प्राप्त गरे। एलिसाले भने बेस्ट ड्रेसको उपाधि पनि प्राप्त गरिन्। ट्यालेन्ट राउन्डमा दोलखा भाषाको गीत गाउँदै नृत्य पनि प्रस्तुत गरेकी विनु मानन्धरले मिस ट्यालेन्टको मुकुट पहिरिन्। अनलाइन र एसएमएस भोटिङका आधारमा नीलिमा शाहीले भ्यूअर च्वाइसको अवार्ड प्राप्त गरिन्। अन्य उपाधितर्फ निक्की महर्जनले पर्सनालिटी, अनुर मानन्धरले फोटो जेनिक, संगीत शाक्यले बेस्ट हेयर, सञ्जु रञ्जितले बेस्ट स्माइल, श्रृष्टि श्रेष्ठले बेस्ट स्किन, शिखा श्रेष्ठले चार्मिङ, मनिका महर्जनले बेस्ट नेपाल भाषा, सरू श्रेष्ठले डिसिप्लिन तथा विपना श्रेष्ठले फ्रेन्डसिपको उपाधिमा कब्जा जमाए। प्रतियोगितामा दोलखा, तेह्रथुम, ओखलढुंगा तथा धादिङबाट सहभागिता जन्माएका विपना श्रेष्ठ, शिखा श्रेष्ठ, वर्षा राजभण्डारी तथा सरू श्रेष्ठलाई आ-आफ्नो क्षेत्रको एम्बेसडरका रूपमा पुरस्कृत गरिएको थियो।

# प्रतिभा प्रदर्शनमा टिन सुन्दरीहरू

**साप्ताहिक समाचार**

विवाह हुँदाको खुसी, आफू ठगिंदाको पीडा, अस्मिता लुटिएपछिको वेदना र त्यसपछि चेलीबेटी बेचबिखन विरुद्ध लड्ने अठोट, यी सबै कुरालाई दिव्य प्रभाले आफ्नो अभिनयमार्फत् देखाएकी थिइन्। विदेशमा भविष्य खोज्न जानेहरूप्रति समर्पित फरक खालको नृत्य प्रस्तुति थियो प्रीति गोतामेको। श्रृष्टि न्यौपानेले बुझाउन खोजेको एब्स्ट्राक्ट चित्रकलामा हिंसा, शान्ति, खुसी, वेदना आदि सबैलाई रंग र ब्रसमार्फत् समेटिएका थिए। बबी कार्कीले सुन्दर शब्दहरूको संयोजनमा आफ्नो जन्मभूमि नेपालको वर्णन गरिन्। वक्तृत्वकलामा आफ्नो क्षमता प्रदर्शन गर्ने क्रममा भावना, अदीति तथा दीपिकाले पनि आ-आफ्नो आत्मविश्वास प्रदर्शन गरे। सरू महर्जनले बाँसुरीको धुन सुनाइन् भने सुनिता गिरीले भ्वाइलिनमा, सुदेश्ना प्रधानाङले गितारमा र सोनी अधिकारीले कि-बोर्डमा सांगीतिक प्रतिभा प्रस्तुत गरेका थिए।

ऋद्धि-सिद्धि मिस टिन-२०६६ मा सहभागी ३० जना टिन सुन्दरीमध्ये केहीले ट्यालेन्ट राउन्ड अन्तर्गत आफ्नो प्रतिभा देखाउने क्रममा उल्लेखित दृश्यहरू देखिएको थियो। नक्सालस्थित होटल क्राउन प्लाजामा सम्पन्न ट्यालेन्ट राउन्डमा अधिकांश प्रतिस्पर्धीले नृत्य प्रस्तुत गरेका थिए भने केहीले गायनमार्फत् आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए। अभिनय, चित्रकला र कविता वाचन पनि प्रतिभा प्रदर्शनको माध्यम बनेको थियो। केहीले वाद्यवादन त केहीले वक्तृत्व कला देखाएका थिए। आत्मविश्वास र क्षमता अभिवृद्धि, व्यक्तित्व विकास, प्रस्तुतीकरण लगायतका कुरामा करिब ४ साताको प्रशिक्षणमा संलग्न यी टिन सुन्दरीहरूले भोलि प्रज्ञा भवनमा सम्पन्न हुने अन्तिम प्रतिस्पर्धामा



उपाधिका लागि आ-आफ्नो दावेदारी प्रस्तुत गर्नेछन्। मुभी हाउसको आयोजना तथा अश्विनी झाको कोरियोग्राफीमा सम्पन्न हुने यो प्रतिस्पर्धाको भोलि शनिबार दिउँसो दुई बजेदेखि कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्नेछ।

# सोनाली बनिन् मिस लिटिल पोखरा

पोखरा- उद्घोषिका सुरक्षा गुरुङको उद्घोषणसँगै आकर्षक पहिनरमा स-साना बालबालिका ऱ्याम्पमा देखापरे। पालैपालो उनीहरूले दिएको परिचयसँगै सुरु भयो मिस लिटिल क्विन पोखरा-२०६६। वयस्क र युवायुवतीको मात्र सौन्दर्य प्रतियोगिता हेरेर दिक्क भएका स्थानीय दर्शकहरूलाई यी स-साना बालबालिकाहरूको सौन्दर्य प्रतियोगिताले भिन्नै अनुभूति दिएको महसुस हुन्थ्यो। ४ देखि १२ वर्षसम्मका बालबालिकाले भाग लिएको कन्टेस्टमा शनिबार पोखराको




दीपेन्द्र सभागृह भरिभराउ थियो।

बुटिक डिजाइनरले तयार पारेको नेपाली संस्कृति झल्कने पहिरनदेखि अत्याधुनिक पहिरनसहित ड्रेस राउन्डमा प्रस्तुत भएका बालबालिकाको क्याटवाक देखेर सभाहल गुन्जायमान भएको थियो। हुन पनि केही बालबालिकाले त व्यावसायिक मोडलले झैं ऱ्याम्पमा क्याटवाक गरेका थिए। केही अग्ली र हिस्सी परेकी बालिकामाथि धेरै दर्शकको नजर परिसकेको थियो। उनी प्रतियोगितामा अरू प्रतियोगीभन्दा फुर्तिली देखिएकी थिइन्। धेरैले उनकै पक्षमा हुटिङ गरे। दर्शकको अनुमानसँगै निर्णायक समितिको निर्णय ठ्याक्कै मेल खायो। आफ्ना १७ जना प्रतिस्पर्धीलाई पाखा लगाउँदै सेन्टमेरिज स्कुलकी ९ वर्षीया सोनाली थापा मिस लिटिल क्विन पोखराको मुकुट पहिरिन सफल भइन्।

द लुक्स फेसन होम्सले आयोजना गरेको प्रतियोगितामा अन्जुली बोडिङ स्कुलकी शुभेच्छा गिरी फस्ट रनर्सअपका साथै फोटोजेनिक घोषित भइन्। ज्ञानुबाबा स्कुलकी परिन्दा गुरुङले सेकेन्ड रनर्सअपसँगै इन्टेलिजेन्सको टाइटल पाइन्। दर्शक छनौटको उपाधि कुमुदिनीकी एलिना बरालले प्राप्त गरिन्। प्रतियोगितामा मिस ट्यालेन्ट अन्जलीमाया गुरुङ, पर्सानालिटी प्रतिमा गुरुङ, पर्फर्मेन्स अन्जु लामा, बेस्ट वर्क रोजिना तामाङ, मोस्ट स्वीट स्नेहा राना, क्युटमा राहिल मुखिया तथा कन्फिडेन्ट विजेता सोनाली बने। कुल १८ जना बालिका सहभागी भएको प्रतियोगिताको कोरियोग्राफी सुरक्षा गुरुङले गरेकी थिइन्।

# सकियो प्रदर्शनीको रमाइलो

बुटवल- दुई सातादेखि बुटवलमा जारी एघारौं राष्ट्रिय औद्योगिक प्रदर्शनीको रमाइलो सकिएको छ। 'स्वदेशी उत्पादन प्रयोग गरौं, नेपाली हुनुमा गर्व गरौं' नाराका साथ बुटवल-१२ बुटवलमण्डपमा पुस ९ गते सुरु भएको प्रदर्शनी अवलोकन, किनमेल एवं सांस्कृतिक कायक्रममा रमाउन रूपन्देही तथा छिमेकी जिल्लाहरूबाट ३ लाखभन्दा बढी दर्शक आए र १० करोडभन्दा बढीको कारोबार भयो। स्वदेशी उत्पादनको प्रदर्शन एवं व्यवसाय प्रबर्द्धन, उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष संवाद गराउने आदि उद्देश्यसहित आयोजित प्रदर्शनीमा औद्योगिक उत्पादन, कृषि, हस्तकला, गार्मेन्ट, घरेलु तथा महिला उद्यम आदिका ३ सयभन्दा बढी स्टल थिए।



प्रदर्शनीमा ढाका कपडाको फेसन, घर बनाउने किफायती प्रविधि (सिसेफ), माइक्रो हाइड्रोपावर, अर्गानिक खेती, कफी र फलफूल, हुलासको मुस्ताङ जीप आदि अवलोकनकर्ताको मुख्य आकर्षण बनेको आयोजक रुपन्देही उद्योग संघका अध्यक्ष एजाज आलमले बताए। राष्ट्रिय स्तरका दुई दर्जन कलाकारले फरक-फरक प्रस्तुतिमार्फत प्रदर्शनीलाई तताए। राष्ट्रिय स्तरको दोहोरी, अन्तरविद्यालय लोकनृत्य, प्रदर्शनी आइडल, अञ्चलस्तरीय भलिबल, स्थानीय विभिन्न आदिवासी जनजातिको कला-संस्कृतिको प्रस्तुति, परम्परागत परिकार आदिले पनि दर्शकहरूलाई तान्यो।

लोकदोहोरीका हस्तीहरू बद्री पंगेनी, राजु परियार, कृष्ण देवकोटा, विष्णु खत्री, पुरुषोत्तम न्यौपाने, खुमन अधिकारी, सिजनाविरही थापा, देविका केसी, मन्जु महत, पार्वती जीसी, तोलाचन ठकुरी, लोकपपका रामचन्द्र काफ्ले, आधुनिक गायक हेमन्त शर्मा तथा रोइला गायक शिरीष देवकोटाले उपस्थित दर्शकलाई धीत मरुन्जेल नचाए। हास्यकलाकार जितु नेपाल, मनोज गजुरेल तथा दीपक थापाको समसामयिक विषयमा प्रस्तुत व्यङ्ग्यले पर्याप्त मनोरन्जन प्रदान गऱ्यो। त्यस्तै बालउद्यान, विद्युतीय पिङ, सर्कस र जादु आदिमा झुम्मिनेहरू पनि उत्तिकै रहे। घरेलु तथा साना उद्योग विभाग, व्यवसाय तथा निकासी प्रवर्द्धन केन्द्र, जिल्ला विकास समिति रूपन्देही र बुटवल नगरपालिका सहआयोजक रहेको प्रदर्शनी १२ दिनसम्म चलेको थियो।

**–टोपराज शर्मा**

# फिदिममा 'राई इज किङ'



पाँचथर- 'राई इज किङ' भन्दै चिच्याइरहेका दर्शकको खचाखच भीडबाट निस्किएर मञ्चमा उक्लँदा आधुनिक गायक राजेश पायल राईले भने- 'मलाई फिदिम धेरै मन पर्‍यो, आई लभ यु फिदिम ।' फिदिमलाई मन पराएर सुरुमै दर्शकको माया बटुल्न खोजेका यी अविवाहित गायकले दर्शकलाई हौस्याउँदै बोले- 'राम्री भेटे ल्याउनू भन्नु भा'छ ममीले, कोही तयार हो ?'

त्यसपछि त के चाहियो र ? दर्शकलाई निर्णायक मानेर माया बटुल्न खप्पिस राजेशले सुरुमा उनीहरूकै रोजाइका गीत गाए । पायलले हालसालै बजारमा ल्याएको आफ्नो एल्बम 'दर्शन नमस्ते' का चर्चित गीत गाएर दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरे ।

स्थानीय सुरमाला कला केन्द्र तथा वरदान संगीतालयले खोटाङका गायक पायललाई पहिलो पटक पाँचथर ल्याएको हो । स्थानीय खेलमैदानमा बत्तीको प्रबन्ध नभए पनि शनिबार झमक्कै रात पर्दासम्म कन्सर्ट चलिरहेको थियो । बीच-बीचमा दर्शकको 'फीड ब्याक' खोजिरहने गायकले दर्शकदीर्घामै गएर नाच्दै गीत गाएका थिए । आफू नायक राजेश हमालको फ्यान बताउँदै राजेश एक दर्जनभन्दा बढी गीत नाच्दै गाउँदा पसिनाले निथ्रुकै भिजेका थिए । उनले दर्शकलाई आफूसँगै गाउन मात्र लगाएनन्, जीउ मर्काई-मर्काई नाच्न पनि बाध्य बनाए ।

'सागरसरि चोखो माया' र 'मोहनी लाग्ला है' गीतमा पाँचथर तारा रोजी सम्बाहाम्फे र रीतु राईले उनलाई साथ दिएका थिए । धरानको गरिमा डान्स सेन्टरले प्रस्तुत गरेको गुरुङ जातिको रोइला नृत्य तथा स्थानीय कलाकार जगत रानामगरले प्रस्तुत गरेको हाक्पारे पनि दर्शकले औधी मन पराएका थिए ।

**–लवदेव ढुंगाना**

## आर्थर डाँडाखर्क महोत्सव

पोखरा- पञ्चासेको फेदमा रहको पर्यटकीय गाउँ आर्थर डाँडाखर्कमा आगामी माघ १ देखी ६ गतेसम्म आर्थर डाँडाखर्क महोत्सव हुने भएको छ । स्थानीय पञ्चासे युवाक्लबद्वारा आयोजित महोत्सवमा विभिन्न सांस्कृतिक, मनोरञ्जनात्मक एवं खेलकुदका कार्यक्रमहरू हुने महोत्सवका संयोजक मनोज गुरुङले जानकारी दिए । महोत्सवमा पुग्ने पर्यटकहरूका लागि गाउँमा होम स्टेको व्यवस्था छ ।

गुरुङ, ब्राह्मण, दलित तथा ठकुरी जातिको बसोबास रहेको आर्थर डाँडाखर्कबाट मनोरम हिमश्रृंखलाको अवलोकन गर्न सकिन्छ । स्थानीय पञ्चकोसी उच्च माविको प्राङ्गणमा हुने आर्थर महोत्सवलाई सफल पार्न कुस्मा, पोखरा तथा काठमाडौं बसाइँ सरेका आर्थरेहरूसमेत कम्मर कसेर लागेका छन् । महोत्सवमा पुग्न पोखराको पृथ्वीचोकबाट महोत्सवस्थलसम्मकै गाडी उपलब्ध हुनेछ । स्याङ्जाको पर्सेभाटिबा, वाङसिङ हुँदै आर्थरसम्म जाने मोटरबाटो बनिसकेको छ । पोखराबाट कुस्मा जाने क्रममा बाटैमा रहेको दोबिल्ला भन्ने ठाउँबाट करिब दुई घण्टाको पैदल यात्राबाट पनि आर्थर पुगिन्छ ।

**त्रिभुवन पौडेल**

## चिसो रातलाई तताए कलाकारहरूले

पाँचथर- मध्यपुसको ठिहीमा जंगली पहिरनमा फिदिमस्थित खेलमैदानको मञ्चमा उक्लिएका हास्यकलाकार सुलेमान संकर, गायकहरू डम्बर नेपाली, प्रकाश बस्नेत तथा दिलीप सलभले स्थानीय सयौं दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गरे । मंगलबार राति भएको कार्यक्रममा कलाकारहरूले चार घण्टासम्म प्रहसन एवं गीतहरू प्रस्तुत गरेका थिए । 'मेरी बास्सै' टेलिसिरियल र 'इकु : द जंगलम्यान' चलचित्रमा जस्तै जंगली पहिरन भिरेर अर्धनग्न रूपमा मञ्चमा उक्लिएका सुलेमानले दर्शकलाई प्रशस्त मनोरञ्जन प्रदान गरे । एक महिनाअघिसम्म फिदिमको छाब्दी बाराही चलचित्र हलमा उनको फिल्म हेरेका दर्शकले नायकलाई दुरुस्तै भूमिकामा पाउँदा इकु, इकु, इकुपिताङ भन्दै साथ दिएका थिए ।

छाब्दी बाराही चलचित्र मन्दिरले कलाकारहरूलाई यहाँ जुटाएको थियो । चर्चित गीत 'तर अन्तिमपल्ट भेट्न आऊ...' गीतका गायक डम्बर नेपालीका साथै प्रकाश बस्नेत, दिलीप सलभ आदिले दर्शकहरूलाई जुरुक-जुरुक उचालेका थिए । डम्बरले आफ्नो मेलोडी एल्बमको 'आज आकाशमा एउटा तारा देखिन...', 'के सम्झी खेल्यौ...', 'संसारकी राम्री ठान्थें तिमिलाई...', 'तर अन्तिमपल्ट भेट्न आऊ...' आदि चर्चित गीत गाएका थिए । दर्शकले 'वान्स मोर' भने पनि उनले दोहोर्‍याएर गीत गाएनन् ।

बस्नेतले भने लोक, पप र कमेडी गीतबाट श्रोता एवं दर्शकको मन छोए । दिलीपले उनको आफ्नै एल्बमको पपगीत गाउँदा भो, भो भन्ने दर्शकलाई 'दाजुकी साली, भाउजूकी बहिनी, ए सोल्टिनी' गाएर नाच्न बाध्य पारे ।

# खगेन्द्रलाई हेर्ने र फोटो खिचाउनेको घुइँचो



स्याङ्जा- 'आउनुहोस्, आउनुहोस्, यो मौका फेरि नआउन सक्छ ।' माइकमा खगेन्द्रको प्रचार सुन्नेहरू एकपटक मात्र होइन, पटक-पटक दोस्रो स्याङ्जा महोत्सवमा पुग्ने गरेका छन् । गेटमै राखिएको प्रचण्ड, रेखा थापा र परिवारसँग खिचिएको उनको तस्बिरले सबैको ध्यान खिचेको छ ।

विश्वकै सबैभन्दा होचा र कम तौल भएका खगेन्द्र थापामगरलाई हेर्नेहरूको भीड लागेको छ । बच्चादेखि वृद्धसम्मले खगेन्द्रका लागि नै भनेर टिकट काट्ने गरेका छन् । शिला गुरुङले भनिन्- 'महोत्सव त पछि पनि हेर्न पाइन्छ, तर उनलाई नपाइन सक्छ ।' सुरुमा खगेन्द्रको हात छुनसमेत डराएकी गुरुङ अहिले खगेन्द्रसँग यति घुलमिल भैसकिन् कि खगेन्द्रले शिलालाई साली भन्ने गरेका छन् ।

ढाकाको टोपी, दौरा-सुरुवाल र छालाको जुत्तामा ठाँटिएर खुकुरी भिरेका खगेन्द्र आर्कषणको केन्द्र बनेका छन् । चार दिनमा उनलाई टिकट काटेर ७ हजारभन्दा बढी दर्शकले हेरेको खगेन्द्र थापामगर प्रतिष्ठानका अध्यक्ष मीनबहादुर रानामगरले बताए । उनले भने- 'सुरुमा त हामीले फोटो खिच्न दिएका थिएनौं, तर दर्शकका साथै फोटो खिच्ने माग पनि बढ्यो ।' अहिले उनलाई हेर्न आउनेहरू उनीसँग फोटो नखिचाई फर्कंदैनन् । खानेकुरा र पैसा लिएर खगेन्द्रलाई भेट्न आएका बालबालिका उनीसँग हात मिलाउन तँछाडमछाड गर्छन् । दिएको पैसा र खानेकुरा ढोगेर राख्ने खगेन्द्रलाई सबैले चासोका रूपमा हेरेका छन् ।

१८ वर्षको उमेरमा २० इन्च उचाइ र साढे चार केजी वजन भै विश्वको होचो र कम तौलको व्यक्तिका रूपमा गिनिज बुक अफ वल्ड रेकर्डसम्म नाम अंकित गराउन लागेका थापामगरलाई हेर्न गाउँ-गाउँदेखि मानिस सदरमुकाम आएका छन् । चण्डीभन्ज्याङबाट दिनभर हिंडेर आएकी सरिता लामिछानेले भनिन्- 'रेडियोमा सुनेर हेर्न आएको ।' टेलिभिजनमा खगेन्द्रलाई देखेकी लामिछानेले प्रत्यक्ष देख्दा झन् सानो र अचम्मको लागेको अनुभव सुनाइन् ।

खगेन्द्रको स्वभाव पनि आफ्नै शैलीको छ । सानो स्वरमा बोल्ने खगेन्द्रको शान्त स्वभावले गर्दा फोटो खिचाउन रहर लागेको दर्शकहरूले बताए । हातमा सुन्तला खेलाउँदै र चाउचाउ खाँदै यता-उता गर्ने खगेन्द्रले दर्शकलाई आफ्नो बारेमा लेखिएको स्मारिका पनि देखाउने गरेका छन् । उमेरअनुसार शारीरिक वृद्धि हुन नसकेका खगेन्द्र गिनिज बुक रेकर्डको अन्तिम चरणमा पुगेको प्रतिष्ठानका अध्यक्ष मीनबहादुर रानामगरले जानकारी दिए । प्रतिष्ठानका अध्यक्ष थापामगरले खगेन्द्रलाई गिनिज बुकमा अंकित गर्न सरकारले चासो नदेखाएको गुनासोसमेत पोखे । उनले भने- 'सरकारले नै पहल गरे हामी अलि बलिया हुने थियौं कि ?' सरकारको कुरा चाँडै सुनिने हुँदा गिनिज बुकमा नाम लेखाउन सरकारको सहयोग चाहिएको मीनले बताए ।

हाल चीनका २९ दशमलव २ इन्चका पिङपिङको नाम होचा व्यक्तिका रूपमा गिनिज बुकमा अंकित छ । खगेन्द्रको नाम गिनिज बुकमा लेखाउन प्रतिष्ठान चार वर्षदेखि लागिपरेको छ । बाग्लुङको धुल्लु बासकोटमा घर भएका खगेन्द्र बहुप्रतिभाका धनी भएको उनकी आमा धनमाया थापामगरले बताइन् । उनले भनिन्- 'ऊ भलिबल पनि खेल्छ ।'

खगेन्द्रले घर बनाएर आफूजस्तै युवतीसँग विवाह गर्ने धोको साँचेका छन । पोखराको सरस्वती बोर्डिङमा एलकेजीमा अध्ययनरत खगेन्द्रले भने- 'घर बनाउन पाए बिहे गर्न हुन्थ्यो ।' उनलाई हेर्न आउने दर्शकहरूले समेत उनीसँग विवाह, प्रेमजस्ता विषयमा अन्तरंग कुराकानी गर्ने गरेका छन् ।

**–वसन्ती बाँस्तोला**

"Freedom for Learning"
के तपाई Math, Science /Test नदिई S.L.C. तथा ८ महिना मा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा Sept. 2010 को लागि भर्ना खुल्यो !
विदेश पढ्न जान सजिलो ।
NIOS का बिशेषताहरू:
→5 Subjects पढे पुग्ने ।
→Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
→नेपाल तथा World wide मान्यता ।
→नेपालीमा पनि Exam दिन पाइने ।
→SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
→Nepal Goverment, HSEB र TU द्वारा Equivalent
→6/6 महिनामा Exam दिन पाईने । → नेपालीबाट पनि Exam दिन पाईने ।
Tuition Classes are also available for April 2010 of Eng., Eco., B/s, A/c.
WISDOM EDUCATION FOUNDATION
4238086/2340337 Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

Wanted
America, France, India हुँदै नेपालमा पनि विस्तारित एक Project लाई थप कर्मचारी आवश्यकता ।
संख्या: 10 Gents & Ladies
तलब: 10000+ Saving fund
योग्यता: SLC/PCL
U.S. 5543056, 9841466409 9803897872 Gwarko, Lalitpur
UPI 9841881312 9849115602 सानेपा चोक
नोट: बुझ्न आउदाँ Document अनिवार्य छ



MODELS WANTED
MR.& MISS RAJDHANI 2010
Mega Contest of The Year
We are looking for fresh faces from all over the Nepal
LIVE ON TV
Contact to
Dinesh Shahi
9841013449
9803527322



सजिलै पास गरौं
कक्षा-8
निःशुल्क अन्तिम भर्ना खुल्यो
५,६,७,८ फेल भई विविध कारणले विद्यालय छोडेका विद्यार्थीहरुले २०६६ सालको जिल्ला स्तरीय परीक्षा कक्षा-८ मा सामेल भई २०६७ सालमा SLC दिन पाउनेछन्।
स्याङ्जा नमूना मा. वि. सोह्रखुट्टे 4361712 बानेश्वर 9841203836 चितवन :०५६-५२५११८
वृद्ध नमूना मा. वि. गोङ्गबु 4365955 धरान : ०२५-५२८४१८

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧Housekeeping ✧Front Office ✧Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation) ✧Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧Tour & Travel Mgmt
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

उ द् घो ष ण
ANCHORING (RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art / MC
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
Videography / Camera / Technician
Rs. 1000 Discount on this winter.

The Media's Collection
Bagbazar (Opp. to Petrol Pump)
Ph: 4233042 Pokhara:-061- 530569
Also in Banepa and Itahari
Job opportunity for the best



# ब्यान्डसँगै तातेको धरान

धरान- खुला बगरकोटमा बिहीबार आयोजित सांगीतिक कार्यक्रममा संगीतप्रेमीहरूको बाक्लो भीड थियो। बाँझगरा एभरेस्ट लाइनस्थित बगरकोटमा आयोजित सांगीतिक कार्यक्रममा सबै उमेर समूहको उपस्थिति उत्तिकै देखिन्थ्यो। कार्यक्रम सुरु भएपछि भीड ह्वात्तै बढेकाले थामिनसक्नु भयो।

त्यो दिन धराने कन्सर्टप्रेमीहरूलाई स्थानीय ब्यान्डहरूले निकै उफारे। दुर्व्यसनबाट बचौं भन्ने नाराका साथ प्रयास क्लब धरानको आयोजनामा सञ्चालित प्रस्फुटन लाइभ कन्सर्टमा सबै जना रमाए। बीच सडकमा आयोजित सांगीतिक कार्यक्रममा धरानका तपस्वी, त्रिनेत्र तथा दिव्यदृष्टि ब्यान्डको प्रस्तुति आकर्षक रह्यो। ब्यान्डहरूले रक, मेटल, पप आदि फरक स्वादका गीत प्रस्तुत गरे। कार्यक्रममा सविन राईले पनि आफ्ना नयाँ-पुराना गीत प्रस्तुत गरेका थिए भने युनाइटेड मल्टी आर्ट्स र देवश्री डान्स सेन्टरका कलाकारले पनि दर्शकको साथ पाए। अंग्रेजी नयाँ वर्षको दिन परेकाले पनि उनीहरू अरू बेलाभन्दा भिन्न तरिकाले प्रस्तुत भएका देखिन्थे। साँझ छ बजेदेखि राति बाह्र बजेसम्म चलेको कन्सर्टमा युनिक हेल्थ क्लबका सुमन श्रेष्ठ, निमेश शाक्य तथा भर्खरै मिस्टर युनिक बनेका रिकि शाक्यले बडी बिल्डिङ सो गरेका थिए।

## गितारवादक प्रतियोगिता

पोखरा- तकाम फिल्म्स प्रालि तथा गिटार मायस्ट्रोको संयुक्त आयोजनामा गितारवादक प्रतियोगिता हुन लागेको छ। नेपालमै पहिलो पटक हुने लागेको प्रतियोगिताका लागि देशभरबाटै प्रतियोगीहरू छनौट भैरहेका छन्।

कास्की, तनहुँ, गोर्खा, लमजुङ, स्याङ्जा, बाग्लुङ, पर्वत, म्याग्दी, मनाङ, मुस्ताङ तथा पाल्पाका गितारवादकहरूको छनौट पुस २८ गते पोखरामा हुनेछ। 'काठमाडौंबाहिरबाटै १ सय जना छनौट गरिनेछ,' कार्यक्रम संयोजक केशव ढकालले भने, 'यो नितान्त नौलो प्रतियोगिता हो। छनौट भएकालाई राजधानीमा लगेर प्रशिक्षण दिई उत्कृष्ट २० मा परेकालाई खाना र बस्नको व्यवस्थासमेत आयोजकले गर्ने भएका छन्।' प्रतियोगितामा उत्कृष्ट हुनेलाई १ लाख रुपैयाँ, २ हजार डलरबराबरको गितार म्युजिक एल्बम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सांस्कृतिक तथा सांगीतिक कार्यक्रमहरूमा सहभागी गराइने ढकालले बताए।

पुस २८ गते होटल बाराही पोखराबाट अडिसनको कार्यक्रम सुरु हुनेछ। प्रतियोगिताका निर्णायकहरूमा निमा रुम्बा, सुनित कंसाकार, इमान सिंह तथा गरिमा गुरुङ छन्। यसअघि काठमाडौं र धरानको अडिसन सम्पन्न भैसकेको छ।

–शिव शर्मा

## मिस मंगोलले थापिन् सम्मान

आदिबासी जनजाति युवतीहरूलाई समेटेर पहिलो पटक आयोजित मिस मंगोल प्रतियोगिताकी विजेता श्रृष्टी राजकर्णिकार राजधानीमा आयोजित एक कार्यक्रममा सम्मानित भएकी छिन्। एक्सन इन्टरटेनमेन्ट प्रालिले आयोजना गरेको मिस मंगोल प्रतियोगिताको उपाधि विजेता श्रृष्टिलाई राजकर्णिकार समाजले सम्मान गरेको हो। सम्मानबाट आफू निकै हौसिएको र आफ्नो भाषा-कला-संस्कृतिको प्रवर्द्धनको क्षेत्रमा सक्रिय भएर अघि बढ्न थप प्रेरित भएको श्रृष्टिले बताएकी छिन्। कार्यक्रममा राजकर्णिकार समाजबाट एसएलसी, प्रमाणपत्र तह, स्नातक तथा स्नाकोत्तर तहमा उत्कृष्ट नतिजा ल्याउनेहरूलाई पनि सम्मान गरिएको थियो। पहिलो मिस मंगोल प्रतियोगिताकी विजेता सम्मानित भएको समयमा दोस्रो मिस मंगोल प्रतियोगिताको तयारी पनि अघि बढेको छ। दोस्रो मिस मंगोल आगामी फागुन महिनाको अन्तितिर हुनेछ।

## विन्टर मिग मेनिया पार्टी



धरान- एउटै ठाउँमा कन्सर्ट र डान्स पार्टीको मज्जा मिल्ने भएकाले पनि उपस्थितहरू पूरै बिन्दास थिए। विन्टर मिग मेनिया म्युजिक जाम एन्ड पार्टीको छुट्टै स्वाद थियो। बन्द हलमा आयोजित मिक्स कार्यक्रममा नझुम्ने कोही थिएनन्। धरानका तीनवटा ब्यान्डले लगातार गीतहरू प्रस्तुत गर्दा हलमा उपस्थित संगीत पारखीहरूको मन आनन्दित भैरहेको देखिन्थ्यो। उक्त अवसरमा अल्ट्रा मेलोडी, माइलस्टोन तथा दिव्यदृष्टि ब्यान्डले विभिन्न शैलीमा डेढ दर्जन अंग्रेजी-नेपाली गीत सुनाएका थिए। वान्स मोरको त बाढी नै लागेको थियो। पहिलो भागको कन्सर्ट सकिएलगत्तै दोस्रो खण्डको डान्स पार्टीमा झुम्ने पालो थियो।


त्यसपछि डिजे डबल बीले हाइ भोल्टेज साउन्डमा सेलेक्टेड म्युजिक प्ले गरिहाले। बन्द कोठामा रङ्गीबिरङ्गी लाइटको समिश्रण र घन्किएको आवाजले उपस्थितहरूलाई ननाची धरै भएन। वैशाली लिम्बूले संयोजन गरेको कार्यक्रममा पार्टी क्रेजीहरू थपिएका थपिएकै कारण कार्यक्रम रातको एघार बजेसम्म लम्बिएको थियो।

–भीषण राई

## सांगीतिक कार्यक्रममा लठ्ठ धरान

धरान- शनिबार पब्लिक उच्च माविको खुला चौर दर्शकको भीडले खचाखच थियो। राष्ट्रिय स्तरका कलाकारहरूको विभिन्न सांगीतिक प्रस्तुति एवं प्रहसन प्रस्तुत हुने भएकाले पनि भीड बढेको कुरा बुझ्न कठिन थिएन। लिम्बू भाषा लिपी केन्द्रको सहयोगार्थ आयोजित सांगीतिक कार्यक्रममा उपस्थित दर्शकले पर्याप्त मनोरञ्जन प्राप्त गरे। युनाइटेड मल्टी आर्ट्सको 'सुन्दर शान्त नेपाल' स्वागत नृत्यबाट सुरु भएको कार्यक्रममा नेपाली तारा दीपक लिम्बूले आफ्ना आधा दर्जन गीत प्रस्तुत गरे। स्टेजमा दीपकले गीत प्रस्तुत गरिरहँदा वान्स मोर भन्नेहरूको खाँचो थिएन। गायक डम्बर नेपालीले पनि दर्शकको मन जितेका थिए।

स्थानीय गायक नवराम राईले प्रस्तुत गरेको गीतमा पनि दम थियो। उक्त अवसरमा रमेश लगायतका अन्य आधा दर्जन कलाकारले पनि गीत प्रस्तुत गरे। कार्यक्रमको बीचबीचमा युनाइटेड मल्टी आर्ट्सका भिन्नभिन्न नृत्यले दर्शकको वाहवाही पाएको थियो। लिम्बू भाषा लिपी केन्द्रको आयोजनामा सञ्चालित सांगीतिक कार्यक्रमको मुख्य आकर्षणका रूपमा रहेका कलाकारद्वय दीपकराज गिरी र दीपाश्री निरौलाको अनुस्पस्थिति भने खल्लो भयो। कुहिरोका कारण प्लेन अवतरण हुन नसकेकाले दीपक र दीपा कार्यक्रममा उपस्थित हुन सकेनन्।





# पूर्वाञ्चलको केन्द्र धरानमा महोत्सव

धरान विकासमा फड्को मार्न सफल छ। त्यही धरानमा पूर्वाञ्चल महोत्सवको तयारी भैरहेको छ। लुकेर बसेको कलाकौशल, हस्तकला, वैज्ञानिक कृषि प्रविधि, स्थानीय स्रोतबाट उत्पादित वस्तुको व्यापार प्रचार-प्रसार गर्ने उद्देश्यले यो महोत्सव हुन लागेको हो।

धरान बजार पूर्वाञ्चलको एउटा प्रमुख केन्द्र हो। धरान सदावहार विजयपुर डाँडाको काखमा छ। यो सहरलाई पेन्सनवाला ब्रिटिस गोरखा सैनिकहरूले बासस्थानका रूपमा प्रयोगमा ल्याएका छन्। त्यही भएर यहाँ धेरैजसो परिवारको मुख्य पेसा सेनासँग सम्बन्धित छ। धरानमा बनाइएको सैनिक क्याम्पमार्फत ब्रिटिस सेनामा भर्ना लिने प्रबन्ध मिलाइने गरिएको छ। सेनामा रुचि राख्ने युवाहरू, यो डाँडामा हरेक दिन दगुर्दै कठोर अभ्यास गर्न आइपुग्छन्। पेन्सन पाकेकाहरू भने महिना दिनमा पेन्सन बुझ्न जाने गरेका छन्।

धरान मकालु क्षेत्रको पदयात्राको प्रस्थान बिन्दु पनि हो। मकालुलाई संसारका कठिन पदमार्गहरूको सूचीमा राखिएको छ। यहाँबाट अरुण उपत्यका, सिफटान भन्ज्याङ हुँदै सगरमाथा, मकालु र ल्होत्से हिमालहरू अवलोकनका लागि जान सकिन्छ।

विजयपुरको मध्यभागमा दन्तकालीको मन्दिर छ। यहाँ स्वस्थानीमा वर्णन गरिएकी सतीदेवी दाँत पतनको भएको विश्वास गरिन्छ। दन्तकालीको मन्दिरसँगै पिण्डेश्वर बाबाको मन्दिर छ। त्यसै गरी विजयपुरमै अग्ला बाँसको घारीमा बुढासुब्बाको मन्दिर छ। यो मन्दिरमा कुनै मूर्ति छैन। मन्दिभित्र तीनवटा माटोका ढिस्कालाई पवित्र मानी पूजा-अर्चना गरिन्छ। यहाँ कहिल्यै काग आउँदैन, यहाँ रहेका बाँसमा टुप्पा नहुनुलाई आश्चर्यका रूपमा हेरिन्छ। किंवदन्तीअनुसार एक सिकारीले आफ्नो गुलेली त्यहाँ गाडेका थिए। गुलेलीको बाँस पलाएर ठूलो भएपछि उम्रिँदा टुप्पो नरहेको भन्ने जनविश्वास रहँदै आएको छ।



धरान बसपार्कबाट आठ किलोमिटरमा विष्णुपादुका छ। कोका नदीको किनारमा विष्णुपादुकाको मन्दिर छ। यहाँ रहेको एउटा ढुङ्गामा भगवान् विष्णुको पैतलाको चिह्न रहेको विश्वास गरिन्छ। नेपालीहरूले यो मन्दिरलाई भारतको गयाजत्तिकै पवित्र मान्ने गरेका छन्।

हिन्दूहरूको चार क्षेत्रमध्ये एक बराह क्षेत्र धरान नजिकै छ। कोसी टप्पु आरक्षण क्षेत्र पनि यहाँबाट नजिक छ। आधुनिक धरानमा भने सप्तरंगी पार्क, भानुमार्ग, सहिदपार्क आदि पनि छन्। शिक्षाक्षेत्रमा धरानको नाम कहलिएको छ। मेडिकल जनशक्ति उत्पादन गर्ने बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, खाद्य विज्ञानको अध्यापन गर्ने नेपालको पहिलो क्याम्पस हात्तीसार क्याम्पस तथा कृषि इन्जिनियरिङ कलेजमा पढ्न देशका विभिन्न भागबाट विद्यार्थीहरू आएर धरानमा अध्ययन गरिरहेका छन्। पुस २२ गतेदेखि प्रारम्भ भएको महोत्सवले धरानका विविध क्षेत्रको जानकारी प्रदान गर्नेछ।

**टिकौलीमा रत्ननगर महोत्सव**

'समग्र चितवनको गौरव र गरिमामय प्रस्तुति भन्ने मूल नाराका साथ रत्ननगर महोत्सव हुन लागेको छ। यही पुस २७ गतेदेखि माघ ५ गतेसम्म रत्ननगरको टिकौलीमा महोत्सव हुन लागेको हो। महोत्सवमा कृषि मेलाअन्तर्गत माछा र केरालाई विशेष रूपमा प्रदर्शन गर्न लागिएको छ। सो क्षेत्रका पर्यटकीय गन्तव्यहरूको जानकारीसहितको पर्यटन मेला महोत्सवको अर्को विशेषता हो।

महोत्सवमै विविध सांस्कृतिक कार्यक्रम, अटो मेला, घरजग्गा मेला, सँचना प्रविधि मेला तथा शैक्षिक मेलालाई समेत समेटिने भएको छ। सोही अवसरमा राष्ट्रिय स्तरका व्यावसायिक सेमिनारसमेत हुनेछन्।

**पश्चिम नेपालमा महोत्सव नै महोत्सव**

पुसको अन्तिम साता पश्चिम नेपाल महोत्सवमय हुने भएको छ। पश्चिम क्षेत्रका पर्यटकीय गन्तव्यहरूको प्रचारका लागि कार्यक्रमहरू हुन लागेका हुन। यस अवधिमा तनहुँको माने भन्ज्याङ महोत्सव पुस २४ गतेदेखि ८ दिनसम्म चल्नेछ। कास्कीको रूपाकोटमा पुस २८ देखि माघ २ गतेसम्म महोत्सव हुनेछ। माघ १ र २ गते म्याग्दीमा परिकार महोत्सव हुनेछ। पोखराको ढुङ्गेसाँघुमा माघेसंक्रान्तिको भव्य मेला लाग्दैछ भने पुस २२ गतेदेखि दैलेख महोत्सव सुरु भएको छ।

**पूर्वाञ्चल महोत्सव हुने**

बिर्तामोड- बिर्तामोडको चाहना समूहले पूर्वाञ्चल महोत्सव गर्ने भएको छ। महोत्सव संयोजक भूपालमान राईले यही माघ १३ गतेदेखि माघ २३ गतेसम्म कृषि उपज बजारस्थलमा महोत्सव आयोजना गरिने बताएका छन्।

१ सय १ वटा स्टल रहने महोत्सव कृषि, खेलकुद, पर्यटन उद्योग तथा व्यापारको सम्बर्द्धन एवं प्रबर्द्धन गर्ने उद्देश्यसाथ आयोजना गर्न लागिएको समूहका अध्यक्ष विपिन मानन्धरले बताए। महोत्सवको अनुमानित खर्च १७ लाख ४० हजार रुपैयाँ रहेको कार्यक्रममा जानकारी दिइयो। महोत्सवका लागि विभिन्न समिति तथा उपसमितिहरूसमेत गठन गरिएको छ। समूहले गरेको भेलाले १ सय १ सदस्यीय मूल समिति र २१ सदस्यीय कार्यसम्पादन समिति गठन गरेको हो।



# स्वस्थ शिशुको उपाधि लक्ष्मीलाई

पर्वत- काठमाडौंलगायत देशका प्रमुख सहरहरूमा मिस नेपाल, मिस टिन, मिस नेवा आदि प्रतियोगिता आयोजना हुँदै आए पनि पर्वतमा भने फरक किसिमको 'स्वस्थ शिशु प्रतियोगिता' सम्पन्न भएको छ । गत बिहीबार अस्पतालमा बोली नफुटेका र आमाको दूध चुसिरहेका १७ दिनदेखि ५९ महिनाका शिशुहरूको ताँती लागेको थियो । गाउँगाउँदेखि स्वथ्य शिशु प्रतियोगितामा सहभागिता जनाउन सबै बच्चालाई सिँगारपटार गरेर ल्याइएको थियो ।

जिल्ला स्वाथ्य कार्यालय पर्वतले पोषण सप्ताहअन्तर्गत 'स्वस्थ शिशु' प्रतियोगिता आयोजना गरेपछि अस्पताल परिसर बच्चैबच्चाले भरिएको थियो । उक्त प्रतियोगिता हेर्न सयौं सर्वसाधरणको भीड लागेको थियो । गत वर्षदेखि कुपोषणविरुद्ध आयोजना गरिँदै आएको उक्त प्रतियोगितामा विभिन्न गाविसका ५५ जना शिशुले सहभागिता जनाए ।

प्रतियोगिमा ७ महिनाकी लक्ष्मी पौडेल, १९ महिनाकी आयुषी आचार्य, ७ महिनाका सविन पुन र १४ महिनाका योगेश रानाले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वनाको उपाधि जित्न सफल भए । उक्त अवसरमा तौल, उमेर, उचाइ, कपाल आदि शारीरिक अंगहरूको जाँच गरिएको थियो ।

स्वाथ्यकर्मीहरूले शिशु लिएर प्रतियोगितामा भाग लिन आएका आमाहरूलाई कुपोषणलाई निर्मूलीकरण गर्न साग, दाल, फलफूल, गेडागुडी आदि भिटामिनयुक्त खानेकुरा ख्वाउनेबारेमा जानकारी गराए । उपाधि जित्ने सबै शिशुलाई अस्पतालका प्रमुख डा. झलक शर्मा गौतमले दोसल्ला ओडाई न्याना लुगा र हात धुने साबुन प्रदान गरे । गौतमले अर्को वर्षदेखि शिशु ताजको व्यवस्था गरी प्रतियोगितालाई ठूलो बनाउने बताए ।

**–विमल खतिवडा**

# बेपर्वाह झुम्मिए दर्शक



काँकडभिट्टा- दिन ढल्कँदै जाँदा मौसम चिसिँदै थियो । तर, दर्शकलाई त्यसको कुनै पर्वाह थिएन । उनीहरू बेपर्वाह झुम्मिएका थिए गीतको भाका अनि संगीतको सुरमा । सन् २०10 को पूर्वसन्ध्यामा स्थानीय युवा सशक्तीकरण समाज नेपाल (यस नेपाल) ले आयोजना गरेको 'रक एक्पो-२००९'मा दर्शकले पर्याप्त मनोरञ्जन लिए । निर्धारित समयभन्दा ढिलै सुरु भए पनि कार्यक्रमबाट दर्शकहरूले चाहेजति मनोरञ्जन पाए । विभिन्न ब्यान्डले दर्जनभन्दा बढी गीत सुनाउँदा दर्शकहरू हौसिएका थिए ।

गत वर्ष राजधानीमा सम्पन्न 'स्पाइट ब्यान्ड च्यालेन्ज'को विजेता 'अनुप्रस्थ ब्यान्ड'को गीत सुन्न सयौं तन्नेरी काँकडभिट्टाको निर्माणाधीन टाउन हलमा उपस्थित थिए भने 'अनुप्रस्थ'ले करिब आधा दर्जन गीत सुनाएको थियो । कार्यक्रममा क्वेबर, ग्रहण तथा दुष्टजस्ता घरेलु ब्यान्डले पनि दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गरे ।

नेपालको पछिल्लो पुस्ता पप, रक, हिपहप हुँदै मेटल संगीततिर आकर्षित छ । त्यही मेटल संगीतको स्वाद चखाउन स्थानीय ब्यान्ड 'दुष्ट' सफल भयो । ग्रहण र क्वेवरको गीतले पनि दर्शकलाई पट्यार लगाएन बरु चिसो मौसमको पर्वाह नगरी ज्याकेट खोलेर नाच्न प्रेरित गऱ्यो । बिर्तामोडको मयूर कलाकेन्द्रका कलाकारको नृत्यको पनि अधिकांश दर्शकले प्रशंसा गरे ।

**–पर्वत पोर्तेल**

# हङकङमा नयाँ वर्षको उमंग



हङकङ- आफ्ना हुन् वा अरूका सबै चाडपर्व उस्तै लाग्छन् हङकङे युवाहरूलाई । चाहिएको छ त मात्र रमाइलो गर्ने बहाना । सारा विश्व नयाँ वर्षलाई स्वागत गर्ने धुनमा मग्न रहेका बेला यी कसरी अछुतो रहन सक्थे र ? सन् २००९ लाई बिदा गर्न बिहीवार रात चिम सा चोयस्थित स्टार फेरिमा आयोजित भव्य समारोहमा हजारौं दर्शकसँगै नेपाली युवाहरू पनि रमे । पर्यटकको समेत ओइरो लाग्ने यो बेलामा भीड थामिनसक्नुको थियो । मध्यरात जब समुद्रसँगै टासिएका गगनचुम्बी भवनहरूबाट आतिसबाजी गरियो, सबैले 'हयाप्पी न्यू इयर' भन्दै शुभकामना साटासाट गरे ।

न्यू इयर इभ मनाउन प्रख्यात पर्यटकीय थलो वानचाई र सेन्ट्रलमा युवादेखि पाकासम्मका लस्कर उत्तिकै थियो । दर्जनौं बार, पब र डिस्को रहेको हङकङमा चर्को संगीतको धुनमा कम्मर मर्काउनेहरूमा नेपालीहरूसमेत कम थिएनन् । जब अंग्रेजी धुनका बीचमा एकैपटक नेपाली धुन घन्किन्थे, तब युगल जोडीहरू लरबरिँदै डान्स फ्लोरमा पुग्थे । नयाँ वर्षका अवसरमा आइतबार नेपाली युवाहरूको समूहले वानचाइस्थित 'रक स्कुल डिस्को एन्ड बार' मा डान्स पार्टी आयोजित गरे । युवाहरूको उल्लेख्य उपस्थिति रहेको उक्त डान्स पार्टीमा बेस्ट ड्रेसअप र बेस्ट कपल डान्सरलाई पुरस्कारसमेत प्रदान गरियो ।

आइतबारै सिद्धार्थ परिवार हङकङले मंकी हिलस्थित बीबीक्यु स्थलमा बीबीक्युसहितको सांस्कृतिक कार्यक्रम आयोजित गऱ्यो । शुभकामना आदानप्रदानसँगै बिंगो र नृत्य प्रतियोगिता आयोजना गरिएका समारोहमा सहभागी झन्डै राति ११ बजेसम्म नाचगान गर्दै रमाइलो गरे । त्यसो त अंग्रेजी नयाँ वर्ष र गुरुङहरूको महान् चाड ल्होछार सँगै परेकाले कतिपयलाई ल्होछारमै अंग्रेजी नयाँ वर्षको शुभकामना दिने अवसर जुऱ्यो । गत आइतबार काउलुन पार्क पियाजामा तमु ट्हो हयुलद्वारा आयोजित ल्होछार महोत्सवमा गुरुङ संस्कृति झल्कने गीतसंगीत, वेशभूषालगायत डोरी तान्ने प्रतियोगिता सम्पन्न गरिए ।

# दीप र खेमराजको हंगामा



सुनसरी- इटहरी र आसपासका बासिन्दाले यसपालि अंग्रेजी नयाँ वर्षमा दुई चर्चित कलाकारको साथ पाए । चिसो सिरेटोको परवाह नगरी उनीहरूका गीतमा पूर्वेली दर्शकहरू रातभर जागै बसे र नयाँ वर्षको स्वागत गरे । 'म जन्मिएको ठाउँमा पहिलो पटक आएर' गीत गाउनुअघि वरिष्ठ गायक दीप श्रेष्ठले भने- 'नयाँ वर्ष २०१० को स्वागत गर्न पाउँदा जीवनकै सबैभन्दा सुखद क्षण भएको छ र तपाईंहरूलाई भेट्ने मेरो वर्षौंको योजना पनि पूरा भएको छ ।'

'यो मेरो इटहरीमा मात्र नभएर पूर्वकै पहिलो एकलजस्तै प्रस्तुति हो,' झन्डै एक दर्जन गीत गाएर वाहवाही र 'वान्समोर' पाई रौसिएका श्रेष्ठले चिसो मौसममा श्रोता र दर्शकलाई न्यानो प्रदान गरे । द जक्सन ग्रुपको आयोजनामा भएको कार्यक्रममा दीपले हरेक गीत गाउँदा दर्शकदीर्घा मौनतामा भुलेको देखिन्थ्यो ।

श्रेष्ठ र उनलाई साथ दिन आएका लोकगायक खेमराज गुरुङले बिहीबारको रात गीत गाएरै नयाँ वर्षको स्वागत गरे । नयाँ वर्ष २०१० को अवसर पारेर इटहरीस्थित चिन्तन चौतारी कला होटलमा दीपले १० वटा गीत गाए । खेमराजले पनि झन्डै एक दर्जन गीत सुनाए । कार्यक्रममा दीप र खेमराजबाहेक धरानस्थित मुनलाइट नृत्य केन्द्रका कलाकारले आधा दर्जनभन्दा बढी प्रस्तुति दिए ।

**–शंकर खरेल**

# देशलाई प्लटिङ गरेर घडेरीमा परिवर्तन गरिएको छ

**पृष्ठ ५ बाट जारी**

जनतालाई विशेष अधिकार दिने व्यवस्था संघीयतामा नगए पनि गर्न सकिन्छ । विकेन्द्रित राज्यव्यवस्थाअन्तर्गत केन्द्रका शक्तिहरू स्थानीय स्तरमा सार्न सकिन्छ ।

**भारत, अमेरिकाजस्ता देश संघीयतामा गएरै विकसित भएका छन्, नेपालले संघीयता अपनाउँदा के बिग्रन्छ र ?**

के बिग्रन्छ भन्ने कुराले नै सबै कुरा बिग्रन्छ । अमेरिका-भारतजस्ता देश किन संघीयतामा गए भने संघीयताले उनीहरूमा रहेको भिन्न-भिन्न सार्वभौमसत्तालाई थोरै भए पनि जोड्यो । यसले विदेशीसँग लड्न सहयोग पुऱ्यायो । भारत-अमेरिका दुवै बेलायती उपनिवेशबाट मुक्त भएका राष्ट्र हुन् । यी उपनिवेशमा भिन्न-भिन्न देश पनि थिए । अमेरिकामा १३ भिन्न राज्य थिए । भारतमा कस्मिर, निजाम, गोवाजस्ता भिन्न राष्ट्र थिए । यी भिन्न देशलाई एउटा देशमा जोड्न संघीयताले सहयोग गऱ्यो । तर हामी एउटा नेपाललाई भिन्न देशजस्तै मानेर टुक्राउन थालेका छौं । विश्वमा १ सय ७० मुलुकमा संघीयता छैन । किनभने ती देशको प्रकृति नेपालको जस्तै छ । हामी ती देशको उदाहरण नदिएर खाली भारत-अमेरिकाको उदाहरण दिन्छौं । ती देश किन संघीय मोडलमा छन् भन्ने विश्लेषण गर्दैनौं । संघीय मोडल भारतका लागि पनि भार हुन थालेको उदाहरण त अहिले राज्यका लागि लडिरहेका वर्गबाटै देख्न सकिन्छ । पाकिस्तानको संघीय स्वरूपलाई व्यवस्थापन गर्न नसक्दा बंगलादेश टुक्रिएको घटना ताजै छ । यस्तो देख्दादेख्दै हामीले संघीय स्वरूप स्वीकार गर्नु आफ्नो खुट्टामा आफै बञ्चरो हान्नु हो ।

**तपाईंले संघियताको विरोध गर्दा नेपाली कांग्रेस तथा एमालेजस्ता ठूला दलका कार्यकर्ता आकर्षित हुन थालेका छन् । यसले संघीयताका पक्षधरहरू माओवादीमा जाने तर संघीयता विरोधीहरू भने दस ठाउँ बाँडिने सम्भावना छ । यसबाट माओवादी राजनीतिलाई फाइदा पुग्छ भन्ने लाग्दैन ?**

अहिले जातीय रूपमा संघीयताको कुरा माओवादीले बडो जोडले उठाइरहेको छ । यसबाट विभिन्न क्षेत्र एवं जातका व्यक्तिलाई माओवादीले ठीक कुरा गऱ्यो भन्ने लागेको हुनसक्छ । यसबाट उसलाई क्षणिक लाभ पनि होला, तर लेखेर राख्नुहोस्, संघीयतामा जाँदा देश नै निषेधमा पर्छ । माओवादी यो देशमा एउटा पार्टी मात्र हो । देश नै नभएपछि माओवादीले कहाँ राजनीति गर्छ ? फेरि राजनीति भनेको क्षणिक लोभ वा स्वार्थले गरिने खेल होइन ।



**संविधानसभामा तपाईंजस्ता दुई–चार सभासद्ले संघीयताको विरोध गर्नुभएको छ, एक्लो वृहस्पति झूटा ठहरिन्छ भन्ने उखान त तपाईंले सुन्नुभएकै होला ?**

एकपटक पृथ्वी गोलो छ भनेर एउटा वैज्ञानिकले भन्दा उनले सरकारबाट मृत्युदण्ड पाएको कुरा त सुन्नुभएकै होला । उसलाई मृत्युदण्ड दिएर पृथ्वी चेप्टो भयो ? मेरो कुरा मधुरो अवश्य छ, तर सत्य छ । झूटा कुरा धेरैले बोल्दा सत्य हुने र सत्य कुरा एउटाले बोल्दा झूटो हुँदैन । यो वैचारिक लडाइँमा सत्यको जित हुन्छ ।

**तपाईं कराइरहनुभएको छ, तर देश संघीयतामा जाने निश्चित भैसक्यो, अब कराएर के अर्थ छ ?**

कुनै बेला युगान्डा, क्यामरुन, ग्वाटेमाला पनि यसरी नै संघीयतामा गएका थिए । आखिर ती देशमा संघीय शासनप्रणाली अफापसिद्ध भयो र उनीहरू केन्द्रीकृत राज्यप्रणालीमा फर्किए । हिजो सिंगापुर र मलेसिया एउटै देशका राज्य थिए, ती अलग केन्द्रीकृत राष्ट्रका रूपमा फर्किए । त्यही भएर अहिले आवेशमा हामी संघीयतामा गयौं भने पनि पछि हामीले केन्द्रीकृत राज्यप्रणालीमा फर्कनैपर्छ । किनभने हामी संघीयता थेग्ने अवस्थामै छैनौं । त्यसका लागि केही संघर्ष गर्नुपर्ला, तर हामीले एक दिन संघीयताबाट फर्कनै पर्छ ।

**संविधान बनेपछि नेपाली जनताले बन्द, हड्ताल एवं अशान्ति बेहोर्नुपर्दैन भन्ने मानिँदै थियो, तर तपाईंका कुराले त्यो सपनामात्र हुने भयो भन्ने बुझ्नुपऱ्यो, होइन ?**

मानव-सभ्यतामा यस्ता द्वन्द्व भैरहन्छन्, तर हामी माओवादी जस्तो तोडफोड, अरूलाई निषेध गर्ने खालको अमानवीय क्रियाकलाप गर्दैनौं भन्ने कुरा हामीले गरेका बन्दबाट प्रस्ट भैसकेको छ । यदि यस्ता बन्दले आर्थिक घाटा हुन्छ भने के कुरा बुझ्नुपर्छ भने संघीयताले देशलाई पार्ने घाटा सहनुभन्दा तत्काल यस्ता घाटा सहनु फाइदाजनक हुन्छ ।

**–अश्विनी कोइराला**

# सचित्र



तस्बिर : नवराज बाले

नाच न मेरी सुन्तली आँगनीमा छमछम : हास्य अभिनेत्री कुञ्जना घिमिरे एउटा पार्टीमा नाच्दै ।



कसको नाच राम्रो ? : एउटा पार्टीमा नाच्दै युवतीहरु।



आ-आफ्नै सुन्दरता : पूर्व मिस नेपाल माल्भिका सुब्बा, नायिका ऋचा घिमिरे, नायिका तथा मोडल निशा अधिकारी र पवनकली माम्पी घोष एउटा पार्टीमा ।



यसरी भइन्छ सदाबहार : नायक भुवन केसी नायिकाहरू सञ्चिता लुइँटेल, युना उप्रेती, उषा पौडेल, रेजिना उप्रेती, अरुणिमा लम्साल, पूर्व मिस नेपाल उषा खड्गी र रञ्जु लामिछानेसँग ।



कति मीठो म:म : हङकङको जोर्डनस्थित एक रेस्टुराँमा म:म खाँदै मिस पर्ल हङकङ दीपा गुरुङ ।                तस्बिर : निर्मल श्रेष्ठ



# फोरडीमा नयाँ धमाका

कमलपोखरीस्थित सिटी सेन्टरमा क्रेजी एम्युजमेन्ट प्रालिले सञ्चालनमा ल्याएको फोरडी सिनेघरमा चलचित्र परिवर्तन भएको छ । गत असार २६ गतेदेखि सञ्चालनमा आएको फोर डाइमेन्सनल सिने घरले ६ महिनापछि चलचित्र परिवर्तन गरेको हो । 'अहिले हामी स्पेसराइड र हन्टेड रेसवे चलाइरहेका छौं,' प्रालिका प्रबन्ध-निर्देशक अमृत अग्रवालले साप्ताहिकसँग भने- 'यसअघि चलाइएको इन्सेक्टोपिया र म्याजिमाइन चलचित्रलाई दर्शकले अत्यधिक मन पराएपछि उहाँहरूले नै नयाँ चलचित्र लगाउन आग्रह गर्नुभयो, त्यसकारण हामीले नयाँ चलचित्र ल्यायौं ।'

१५ मिनेट फुर्सद निकालेर हेर्न सकिने फोरडी फिल्मबाट दर्शकले रोमाञ्चक थ्रिलरको अनुभूति गर्न सक्छन्, त्यतिमात्र होइन, चलचित्रमा आफैं पात्र बनेर अभिनय गरेजस्तो महसुस हुन्छ । फोर डाइमेन्सल प्रविधिका चलचित्रमा दर्शकले पर्याप्त मनोरञ्जन पाउने भएकैले हुनसक्छ, यसप्रति नेपाली दर्शकको लगाव बढ्दै गएको अग्रवालले जिकिर गरे ।

अहिले परिवर्तन गरिएको स्पेसराइड फोरडी मुभी जम्मा ६ मिनेटको छ, जसमा दर्शकले हलको कुर्सीमा बसेको केही समयमै अन्तरिक्षमा पुगेको अनुभूति गर्छन् । चलचित्रको प्रारम्भमा दर्शक एयरक्राफ्टमा बसेको अनुभूति गर्छन्, त्यसपछि अन्तरिक्षयात्री बनेर ब्रह्माण्डको सयर प्रारम्भ भैहाल्छ । यसक्रममा दर्शकले विभिन्न ग्रह-उपग्रह, तारामण्डल तथा ग्यालेक्सीको यात्रा गर्छन् । यात्राका क्रममा उडेजस्तो, तीव्र गतिको हावाले हानेजस्तो, विभिन्न ग्रहमा अवतरण गरेजस्तो अनुभूति सँगाल्न पाइन्छ । प्रबन्ध निर्देशक अग्रवालका अनुसार एयरक्राफ्टसँग विभिन्न उल्का पिण्ड ठोक्किन आउँदा दर्शकहरू झसङ्ग हुन्छन् । त्यतिमात्र होइन, दुईवटा उल्का पिण्ड आपसमा टकराउँदा दर्शकमाझ पानीको छिर्का पर्छ । 'ब्रह्माण्ड पुगिसकेपछि फर्केर आउने बाटो नभेट्दा एयरक्राफ्ट खस्न लागेजस्तो हुन्छ' अग्रवालले भने- 'एकपटक त अबचाहिँ लगभग खस्यो, अब बाँचिँदैन जस्तो अनुभूति गर्छन् दर्शकले, तर एयरक्राफ्ट खस्दैन ।' यो चलचित्र ब्रह्माण्डका सम्बन्धमा जिज्ञासु दर्शकका निम्ति धेरै उपयोगी छ । स्कुले बालबालिकाले समेत मन पराउने स्पेसराइडमा थुप्रै नौला कुरा पाइन्छ ।

त्यसैगरी अर्को चलचित्र हन्टेड रेसवेमा दर्शकहरू भूतसँगको दौडमा सहभागी हुन्छन् । चलचित्रको प्रारम्भमा भूत आएर दर्शकलाई रेस गर्न च्यालेन्ज गर्छ । प्रबन्ध निर्देशक अग्रवालका अनुसार भूतको च्यालेन्जलाई आत्मसात् गरेर दर्शकहरू तीव्र गतिमा दौडन थाल्छन् । भूतले पछि-पछि पछ्याइरहेको हुन्छ । यस क्रममा दर्शकले जित्न नसकून् भनेर भूतले हड्डी फ्याल्ने, तर्साउने, घाँटी न्याक्ने, सर्पले आक्रमण गर्ने, दर्शक पुलबाट खस्ने, आगोमा खस्ने, बाटोमा दौडँदा माइलस्टोनमा ठोक्किनेजस्ता घटना घट्छन् । 'भूतसँगको यो प्रतिस्पर्धा यति रोमाञ्चक छ कि दर्शकले आफूलाई नियमित संसारमा छु भन्ने नै बिर्सन्छन्' अग्रवालले भने- 'प्रारम्भमा भूतको चुनौती आए पनि हरेक समस्यालाई सहजै सामना गर्दै अघि बढ्ने भएकाले यो अलौकिक यात्रा दर्शकका निम्ति नयाँ एडभेन्चर हुनसक्छ ।' भूतसँगको यो दौडमा अन्तत: दर्शक नै विजेता बन्छन् ।

किशोर तथा युवा वर्गलाई लक्षित गरेर सञ्चालनमा ल्याइएको '4-D फिल्म' हेर्न ३ सय रुपैयाँ शुल्क लाग्छ । तीन वर्षमुनिका शिशु, गर्भवती महिला तथा हृदयरोगीलाई यस्ता चलचित्र हेर्न वर्जित गरिएको छ । युरोपबाट सन् १९९४ मा विकास भएको यो प्रविधिअन्तर्गत 2-D र 3-D बेसमा निर्माण भएका चलचित्रलाई मोसन र फिजिकल इफेक्टका माध्यमबाट



हेरिन्छ । 2-D मा दर्शकले पर्दामा लम्बाइ र चौडाइ मात्र देख्छन् भने 3-D मा लम्बाइ, चौडाइ र उचाइ (गहिराइसम्म) हेर्न पाउँछन् । यस्तै 4-D मा लम्बाइ, चौडाइ र उचाइका अतिरिक्त मुभमेन्ट र फिजिकल इफेक्ट हुन्छ । मुभमेन्टअन्तर्गत चलचित्रअनुसार नै दर्शक बस्ने सिट दायाँ-बाया, अगाडि-पछाडि, तल-माथि र भुइँको समानान्तर रहेर मुभ हुन्छ । 4-D चलचित्रमा दर्शकले चलचित्रकै कथाअनुसार आफैं पात्र बनेर मुभ गर्छन्, त्यसक्रममा दर्शकको कुर्सी बिस्तारै मुभ भएर पर्दाभित्र प्रवेश गर्छ । यो मुभमेन्ट भयो, त्यस्तै फिजिकल इफेक्टअन्तर्गत साउन्ड इफेक्ट, लाइट इफेक्ट, वाटर इफेक्ट, स्मोक इफेक्ट, हिट इफेक्ट, लेग टिकलिङ (खुट्टामा छोए वा टोकेजस्तो अनुभूत हुने) हुन्छ ।

प्रबन्ध निर्देशक अग्रवालका अनुसार विद्यार्थीलाई लक्षित गरेर मंगलबार र बुधबार दिउँसो दुई बजेसम्म २५ प्रतिशत विद्यार्थी छुटको व्यवस्था मिलाइएको छ । त्यसका अतिरिक्त अब चाँडै नै यसअघि इन्सेक्टोपिया र म्याजिमाइन नहेरेका दर्शकहरूका लागि बोनस मुभीका रूपमा नियमित चलचित्रसँगै पुराना चलचित्र पनि देखाइनेछ । प्रालिले टिकटबाट आएको शुल्कको केही रकम जम्मा गरेर एउटा कोष खडा गरेको छ, जुन कोषबाट खेलुकद कार्यक्रमलाइ प्रायोजन गरिनेछ । त्यस्तै विश्वविद्यालयका विभिन्न संकायमा अध्ययनरत जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने योजना पनि रहेको अग्रवालले बताए ।

## • तालुमा आलु •



प्रकाश ओझा

एउटा ठूलो होटलमा एकैपटक दुईवटा डिनर पार्टी थियो । एकापट्टि पण्डितहरूका लागि मीठो शाकाहारी भोजन तयार गरिएको थियो भने अर्कोपट्टि रक्सीका थोक व्यापारीहरूको राष्ट्रिय सम्मेलन थियो । रक्सी व्यापारीहरूका लागि स्पेसल खानपिनको व्यवस्था थियो । सरप्राइज दिन तरबुजामा प्याल पारी त्यसभित्र स्कच ह्वीस्की राखिएको थियो ।

बेलुकी दुवैतर्फ डिनर भयो तर छक्क परे, किनकि गल्तीले स्कच ह्वीस्की राखिएको तरबुजा पण्डितहरूलाई दिइएको थियो । म्यानेजर डरायो र एउटा वेटरलाई बोलाएर सोध्यो- 'के भो ? तरबुजा खाएर पण्डितहरू रिसाए ?'

'एकरत्ति पनि रिसाएनन्,' वेटरले भन्यो- 'उनीहरू चुपचाप तरबुजा खाँदै बियाँचाहिँ गोजीमा हाल्दै छन् ।'

०००

एउटा युवक सेनामा भर्ती भयो । भर्ती भएको छ महिनापछि गाउँबाट उसकी प्रेमिकाको चिठी आयो, जसमा लेखिएको थियो- 'तिमी गएपछि मेरो यहाँ अर्कै केटासँग प्रेम भयो, अब म ऊसँगै विवाह गर्छु, तसर्थ तिमीलाई मैले दिएको मेरो फोटो फिर्ता पठाइदेऊ ।'

युवक केही दिन त दुःखी भयो, आफ्नो बेइज्जत भएको महसुस गऱ्यो अनि आफूसँगै भर्ती भएका युवकका प्रेमिकाका एक सयवटा तस्बिर भेला पाऱ्यो र त्यसमा आफ्नी प्रेमिकाको तस्बिर मिसाएर एउटा चिठी लेखेर पठायो । चिठीमा लेखिएको थियो...

'डियर, तिम्रो नाम त मैले कतै सुनेजस्तो लाग्छ तर अनुहार याद आएन, तसर्थ मैले मेरा आफ्ना सबै प्रेमिकाको तस्बिर पठाएको छु, तीमध्ये तिम्रो आफ्नो तस्बिर राखेर अरू तस्बिर फिर्ता पठाइदेऊ ।'

०००

गाउँगाउँ घुमेर निःशुल्क भ्याक्सेटोमी अप्रेसन गर्ने टोली दोस्रो वर्ष पनि त्यही गाउँमा पुग्दा सबै गाउँले पुरुष खेतमा गएर लुके । पछि कारण सोध्दा एउटा युवकले भन्यो, 'बजियाहरूले पोहोर साल आएर तार काटेर गए, यसपटक भेटेको भए त मिटर नै उखेलेर लान्थे होला ।'

०००

### मेरो कुरो

संसारमा तीन प्रकारका मानिस हुन्छन् जो गन्ती गर्न जान्दछन् अनि जो गन्ती गर्न जान्दैनन् ।

०००

होलसेल बरफ दोकानमा टाँसिएको नोटिस- 'पग्लिएको बरफमा पचास प्रतिशत छुट'

## • कविता •

### जिन्दगानी



हेर पानी जस्तै छल्क्यो जिन्दगानी
एकान्तमा रुन आजकल पल्क्यो जिन्दगानी
अहँ आँसु झार्दिन भनी मुटु बाँधे पनि
भग्नावशेष भै अनायासै बल्झ्यो जिन्दगानी
आफूभन्दा माया गर्ने साथी भेट्दा पनि
लावारिस बनी पीडासँग सल्क्यो जिन्दगानी
कति गाऊँ न्याउली बनी विरहीको भाका
आँसु पिउँदापिउँदै ढल्कियो जिन्दगानी
खै के नै रैछ र जिन्दगी चोटैचोट मात्र
सपनी बनी आँखाभरि झम्क्यो जिन्दगानी ।

**पार्वती आँसु**

### तिमीलाई लिएर

तिमीलाई लिएर कस्तो-कस्तो सपना देखें मैले
तर आज तिमी सपनाको दुश्मन किन पाएँ मैले
कति सम्झाएँ, कति बुझाएँ मेरो सपनाबारे
कति जलें, कति मरें चिन्ता भयो सपनाबारे
तिमी भने मतलब नराख्ने मनभित्र रोएँ मैले
तिमीलाई लिएर कस्तो-कस्तो सपना देखें मैले
जे भने नि, जे गरे नि कटु वचन गर्न छाडेनौ
वाचा कसम बिर्सेर कहिल्यै खुसी दिन पटक्कै जानेनौ
तिमी व्यंग्य बाँण हान्ने सिकारीझैं भोको पाएँ मैले
तिमीलाई लिएर कस्तो कस्तो सपना देखें मैले ।

**निमेष नेवाः**

### आए

तिम्रो समीपमा डराउँदै आएँ
चिच्चाएँ बेहोसीमै कराउँदै आएँ
मनको व्यथा उथलपुथल भयो
अनि त्यसमै चराउँदै आएँ
हिँड्दै थिएँ यसै मेटिगयो पाइला
तुवाँलो बढ्यो हराउँदै आएँ
फूल गोड्न बगैंचामा झरें
मालीलाई भनी अह्राउँदै आएँ

**वीरेन्द्रराज ढकाल**

### फूलहरू

फुल्दै गए फूलहरू आँखा वरिपरि
माया लाग्छ सबैलाई भुलूँ म के गरी
कतितिर आँखा लगाऊँ जङ्गल पहाड खोला
पापी फूल जताततै कसले रोप्या होला
मेरो नजर नभुलाए हुन्थ्यो घरीघरी
माया जति बाँड्यो उति हुन्छ छातीभरि
राम्रा-राम्रा फूलहरू हेर्नु मात्र भन्छन्
छोऊँ भन्छ तर पापी यो मन
फूलकै मात्र कुरा गर्दै हामी किन फुल्छौं
फूलसँगै मालीलाई हामी किन भुल्छौं
फूलहरू फुल्न देऊ बास्ना छरीछरी
खुसी भई बाँच्न सिक माया गरीगरी ।

**इन्द्रकुमार श्रेष्ठ**

### कस्तो भाग्य

सधैंभरि अर्काको भर पर्नुपर्ने कस्तो भाग्य
गरिबले खानै नपाई मर्नुपर्ने कस्तो भाग्य
गिट्टी कुट्दा हात फुट्या कसले देख्छ
सदासदा बालुवा गिट्टी भर्नुपर्ने कस्तो भाग्य
माछा पनि मार्नुपर्ने जस्तै बाढी आएपनि
पौडिएरै तामाकोशी तर्नुपर्ने कस्तो भाग्य
गास, बास, कपास छैन जीवनको आस छैन
सधैंभरि अर्काकै भर पर्नुपर्ने कस्तो भाग्य
साहू सधै पैसा माग्छ, तिरौं तिर्ने पैसा छैन
बस्दै आ'को आफ्नै डेरा, सर्नुपर्ने कस्तो भाग्य ।

**बद्री शिवाकोटी**

## • लघुकथा •



### स्वाइन फ्लु

तीन वर्षपछि राजु जापानबाट फर्कियो । वर्षौंपछि नेपाल फर्कन पाएकोमा ऊ निकै खुसी देखिन्थ्यो । 'मैले तालिम लिएको ठीकै भयो । सबैतिर स्वाइनफ्लुकै हाहाकार छ ।' उसले मनमनै सोच्यो ।

घरमा उसको भव्य स्वागत भयो । केहीबेर यताउताका कुरा भए । नेपालमै काम गर्ने योजना बनाएर छोरा फर्किएको थाहा पाउँदा घरका सदस्य भने निरास भए । 'म नेपालमा स्वाइन फ्लुसम्बन्धी काम गर्न चाहन्छु । मैले सबै किसिमको तालिम लिएको छु ।' छोरोले पैसा कमाउने योजना सुनाउँछ भन्ने आशामा रहेका बुबाले छोराको समाजसेवाको कुरा बुझेनन् । बरु प्रधानमन्त्रीसम्मलाई स्वाइनफ्लुको शंका हुनुको अर्थ उसले धेरै काम पाउने सम्भावना छ भन्ने बुझ्यो ।

केही दिनपछि राजुको विदेशको ह्याङओभर सकियो । जापानमा जस्तो नेपालमा स्वाइनफ्लुलाई समय दिने कसैलाई फुर्सद छैन भन्ने कुरा बुझ्न उसलाई गाह्रो भएन । मानिसहरू दुई छाक कसरी खाने ? कसरी सम्पत्ति कमाउने ? राजनैतिक दलको असमझदारीलाई कसरी समझदारीमा ल्याउने ? जस्ता चिन्तामा मग्न रहेछन् । नेपाल फर्किएको १५ औं दिनमा राजुले बुबासँग भन्यो, 'बुबा म जापान फर्कन्छु ।'

**रीता अधिकारी**

# क्यान इन्फोटेक यसै साता

• विदुर खतिवडा

राजधानीमा आयोजना हुने वर्षकै सबैभन्दा ठूलो सूचना तथा सञ्चार प्रविधी (आइसिटी) महोत्सव क्यान इन्फोटेकको १६ औं संस्करण आगामी बुधबार प्रारम्भ हुनेछ । पुस २९ गते बुधबार प्रारम्भ हुने यो मेला माघ ४ गतेसम्म सञ्चालन हुने आयोजक कम्प्युटर एसोसिएसन अफ नेपालले जनाएको छ ।

प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप क्षेत्रभित्र आयोजना हुने क्यान इन्फोटेक-२०१० मा सूचना तथा सञ्चार प्रविधिका सम्बन्धमा जानकारी हासिल गर्ने उपभोक्ताले प्रत्यक्ष लाभ उठाउन सक्ने क्यानले बताएको छ । 'सूचना सञ्चार तथा मनोरञ्जन प्रविधिको क्षेत्रमा विकास भएका पछिल्ला उपकरणहरू यसपटकको इन्फोटेकका प्रमुख आकर्षण रहनेछन् ।' आयोजक क्यानका अध्यक्ष सुरेशकुमार कर्णले साप्ताहिकसँग भने- 'इन्फरमेसन कम्युनिकेसन र इन्टरटेनमेन्ट (आइसिई अर्थात् आइस) प्रविधि सम्बद्ध उपकरणहरूको ६ दिन यो बृहत् प्रदर्शनीमा प्रविधी विकासकर्तादेखि यो क्षेत्रका व्यवसायी तथा उपभोक्ताले एउटै थलोमा अन्तर्क्रिया गर्ने अवसर पनि पाउनेछन् ।'



सन् १९९२ मा स्थापना भएको क्यानले सन् १९९४ देखि क्यान इन्फोटेक आयोजना गर्दै आएको छ । ब्लुस्टार होटलमा पहिलो पटक आयोजना हुँदा २ हजार ७ सय दर्शकले अवलोकन गरेको इन्फोटेकको गत वर्षको १५ औं संस्करण ३ लाख ५० हजार दर्शक जुटाएको थियो । 'हाम्रो अनुमानमा यसपटक ४ लाख मानिसले मेला अवलोकन गर्नेछन्,' क्यानका महासचिव विनोद ढकालले भने-'गत वर्ष नयाँ कार्यसमितीले नियमित आयोजना हुँदै आएको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रबाट भृकुटीमण्डपमा सरेर इन्फोटेक आयोजना गर्दा व्यवस्थापनमा केही कमजोरी देखिएको थियो, तर यसपटक इन्फोटेक व्यवस्थापनमा विशेष ध्यान दिइएकाले सहज ढंगले मेला अवलोकन गर्न सकिनेछ ।' मेलामा ह्याङ्गरमा समेत गरेर २ सय ५२ वटा स्टल रहने ढकालले बताए ।

'सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका नयाँ तथा पछिल्ला उपकरणबाट नेपाली उपभोक्तालाई साक्षात्कार गराउने उद्देश्य राखेर नै क्यान इन्फोटेक नियमित आयोजना हुँदै आएको हो ।' क्यानका द्वितीय उपाध्यक्ष किशोर पन्तले भने- 'यसपटकको मेलामा ल्यापटपको पछिल्लो संस्करण नेटबुक आकर्षणको केन्द्र बन्न सक्छ, त्यस्तै विभिन्न ब्रान्डका ल्यापटप तथा सेलुलर मोबाइल सेट, डिजिटल क्यामेरा, आइपडका पछिल्ला संस्करण पनि सार्वजनिक हुने तयारीमा छन् । आयोजकहरूका अनुसार मेलामा लेनोभो, एचपी, सोनी, सामसुङ, युम्याक्स, लजिटेक, सुक्याम, ब्रदर, क्यास्परस्की, तोसिबा, एचसिएल आदि थुप्रै ब्रान्डका पछिल्ला उत्पादन देखिनेछन् ।

क्यानले इन्फोटेकको १६ औं संस्करणलाई पृथक बनाउन पहिलो पटक अनलाइनबाटै इन्फोटेक हेर्न पाउने सुविधा मिलाएको छ । 'इन्टरनेटको पहुँच भएका उपभोक्ताहरू जो मेलामा आइपुग्न सक्दैनन्, उनीहरूका निम्ति इन्फोटेकलाई अनलाइन अवलोकन गर्ने अवसर जुटाएका हौं'- उपाध्यक्ष पन्तले भने- 'त्यसैगरी नेपाल प्रहरीले भर्खरै तयार गरेको साइबर सेलको स्टल पनि इन्फोटेकमा राख्नेछ, जसमा अनलाइन वा प्रविधिको माध्यमबाट आउने धम्कीका बारेमा उपभोक्ताले उजुरी दिन पाउनेछन् ।' पन्तका अनुसार सूचना प्रविधिका विषयमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूका लागि पनि यसपटकको मेला लाभदायक सावित हुनेछ ।

प्रधानमन्त्री माधवकुमार नेपालले डिजिटल प्रविधिको माध्यमबाट इन्फोटेकको उद्घाटन गर्ने क्यानले जनाएको छ । उद्घाटन समारोहमा क्यान युएसए तथा क्यान जापानका प्रतिनिधिले भिडियो कन्फरेन्सिङको माध्यमबाट प्रत्यक्ष अनलाइन शुभकामना दिनेछन् । इन्फोटेकको उद्घाटनलाई नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्ने छ । उद्घाटन समारोहलाई पनि अनलाइनमार्फत विश्वभरका मानिसले प्रत्यक्ष अवलोकन गर्न सक्नेछन् ।

'मेलालाई भव्य बनाउन अन्य थुप्रै कुरामा ध्यान दिइरहेका छौं,' अध्यक्ष कर्णले भने- 'सम्पूर्ण तयारी भोलिसम्म भैसक्ने भएकाले पनि त्यस विषयमा इन्फोटेककै दिन यहाँहरूले थाहा पाउनुहुनेछ ।' क्यानका अनुसार प्रविधि सम्बद्ध उपकरणहरूको व्यावसायिक जानकारी दिन कम्पनी तथा आधिकारिक विक्रेताहरूले इन्फोटेकलाई नै कुर्ने गरेका छन् । 'व्यवसायीहरू प्रतिस्पर्धाका कारण पनि इन्फोटेकमा ल्याउन लागेको नयाँ प्रविधिका बारेमा अहिले नै केही बताउन चाहँदैनन्', महासचिव ढकालले भने- 'सूचना तथा सञ्चार प्रविधि क्षेत्र यति बृहत् छ कि सबै क्षेत्रमा आइटीको सम्बन्ध छ, यसकारण मेला भर्न आउने सबै पेसा र वर्गका मानिसले आफ्नो आवश्यकताका सामग्री तथा आवश्यक ज्ञान हासिल गर्न सक्छन् ।'

**अन्तर्राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि सम्मेलन**

क्यान इन्फोटेककै अवसर पारेर क्यानले प्रत्येक वर्ष अन्तर्राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि सम्मेलनको आयोजना पनि गर्दै आएको छ । सन् २००० देखि आयोजना हुँदै आएको सम्मेलनमा नेपाली सूचना प्रविधि क्षेत्रको विकासका निम्ति तयार गर्नुपर्ने रणनीतिका बारेमा सहभागीहरूबीच बृहत् अन्तर्क्रिया हुने गरेको छ । सम्मेलन आयोजक उपसमितिका संयोजक नरेशप्रसाद श्रेष्ठका अनुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सूचना प्रविधि विज्ञहरूले यसपटकको सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दैछन् । सम्मेलनमा भिडियो कन्फरेन्सिङका माध्यमबाट अमेरिका, जापान तथा कोरियाबाट समेत कार्यपत्र प्रस्तुत हुनेछ । श्रेष्ठका अनुसार १५ देखि २० वटा विषयमा कार्यपत्र प्रस्तुत हुनेछन् । १ सय ५० जना सहभागी रहने सम्मेलनमा सूचना प्रविधि उद्योगका मार्फत राष्ट्र विकासमा उल्लेख्य योगदान पुऱ्याएका अमेरिका, कोरिया, जापान, चीन तथा भारत आदि राष्ट्रमा प्राप्त उपलब्धिका सम्बन्धमा व्यापक छलफल हुनेछ ।

साथीहरू ढिलै भए पनि ह्याप्पी न्यू इयर । विशेषतः हिन्दूहरूको महान् चाड माघेसंक्रान्तिको अवसरमा सम्पूर्ण साथीभाइहरूमा हार्दिक शुभकामना ।

**रञ्जित**

बेलुका ५:३० बजेतिर सुन्धाराबाट सामाखुसी हुँदै म्हैपी जाने माइक्रोबसमा चढेकी, अघिल्लो सिटको अघितिर मेरो सम्मुख भएर बसेकी, कलेजको ड्रेस (कालो स्वीटर र धर्के पाइन्ट) लगाएकी, घाटीमा स्कार्फ बाँधेकी, कपाल छाडेकी र कलेजको ब्याग बोककी बहिनीलाई rajav_biraj@yahoo.com मा इमेल गरी मित्रता गास्न अनुरोध छ ।

**कालो ट्र्याक, नीलो जिन्स पाइन्ट र कालो मास्क लगाउने केटा**

रामप्रताप, रामप्रसाद, सुवास, उपेन्द्र, संजीव, प्रवीण, सुप्रिया, गंगा, वर्षा, खगेन्द्र, रजिता, सुष्मा, भावना, प्रेमु, रोजी, सुनिता, लक्ष्मी, रीता, आशा, सिर्जना एवं रीतुमा शैक्षिक सफलताको शुभकामना ।

**सुबोध**

दीपा, जन्म दिनको लाखौंलाख शुभकामना ।

**डी.आर.एन,**

राकेश, एक्काइसौं शताब्दीमा आएर पनि जातको कुरा गरेर मेरो पवित्र प्रेमलाई यसरी ठुक्याइदिनुभयो, ठीकै छ, मलाई त तपाईंले बगाइदिनुभयो आँसुको खोलामा, तपाईंलाई कहिल्यै आशु झार्नु नपरोस्, तपाईंको दाम्पत्य जीवन सुखमय बितोस्, मेरो तर्फबाट धेरै-धेरै शुभकामना । कहिलेकाहीं भेट हुँदा बोलिदिनुहोला ।

**शा.**

प्रमि., यो अधुरो जिन्दगीको सुमधुर सम्झनाका साथै लाखौंलाख माया । किन

## ● सन्देश ●




## सूचना

**१४ फेब्रुअरी अर्थात् फागुन २ गते विश्वभर मनाइने प्रेमदिवसका अवसरमा आफ्ना प्रेमी-प्रेमिका एवं आफन्तजनलाई शुभकामना सन्देश पठाउन चाहनुहुने पाठक एवं शुभचिन्तकहरूले आफ्नो सन्देश कुपनसहित माघ २२ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ ।**

यति निष्ठुरी भयौ तिमी आजभोलि ? तिम्रो केही खबर पाएको छैन । तिमी जहाँ भए पनि एकपटक भेट है ।

**आदित्य**

गीता, यो पवित्र हृदयबाट असीमित मायाका तरंग तिमीलाई । सम्झनाका अन्त्यहीन श्रृंखला तिमीलाई । खै कहाँ गयौ आजभोलि ? तिमीले फोन पनि गर्न भुलेजस्तो लाग्छ, तर पनि म तिमीमा कुनै खोट लगाउन चाहन्नँ । केवल म दुःखी भएको बेला तिमी आई खुसी दिनु ल ।

**विष्णु**

स्नेहा, जन्मदिनको लाखौंलाख शुभकामना, तिम्रो जन्मदिनमा आउन नपाए पनि मैले तिमीलाई भुलेको छैन । हाम्रो लभ परेको पनि थाहै नपाई सातौं वसन्त पार गर्न थालिसकेछ । म तिम्रा लागि अब सात वर्ष मात्र होइन, म सातै जुनीसम्म पनि कुर्नेछु । तिम्रा निम्ति कुमार नै रहनेछु ।

**प्रेम**

इनरुवावासी सम्पूर्ण इष्टमित्रमा मीठो सम्झना एवं प्रेम ।

**लोमश खतिवडा**

## कुनै पूर्वाग्रह छैन

## ● जीवनको गोरेटोमा ●



मलाई साथीहरूले जिस्क्याउँदा-जिस्क्याउँदै मेरो तिमीसँग एकोहोरो माया बस्यो । मैले तिमीसँग कुरा गर्दा हरेक केटाको मन जल्थ्यो, तर हाम्रो राम्रो सम्बन्ध थियो मित्रताको । मैले कहिल्यै सोचिनँ, तिमी मेरी नै हौ, तर समयले पाइलो चालेको थाहा पाइएन । सायद तिमी पनि मलाई माया गर्थ्यौ । म कहिलेकाहीं तिमीसँग बोल्दिनथें तर तिमीले फोन गरेर मलाई किन नबोलेको भनेर गाली गर्थ्यौ । म तिम्रो राम्रो साथी थिएँ तर तिम्रो बन्न सकिनँ । आज पनि तिमी मलाई दोष दिन्छौ, म स्विकार्छु तिम्रा हरेक दोषलाई ...

हाम्रो त्यो रमाइलो अतीतलाई म कहिल्यै भुल्न सक्दिनँ । संसारमा मजस्तो मानिस हुँदा रहेछन्, जसले आफ्नो पहिलो मायालाई कहिल्यै बिर्सँदैन । तिम्रो एउटा तस्बिर हेरेर मैले आफ्नो पहिलो प्रेमको अनुभूति पाइरहेको छु । म तिमीलाई कति माया गर्छु, यो त तिमीलाई थाहा छैन । तिम्रो उपहारको एक-एक प्रमाण हामीसँग कलेज पढ्ने साथीहरू नै हुन् ।

हो, उनले तिमीलाई भनेकी थिइन्, मभन्दा राम्रो केटा त कति पाइन्छ कति ! तर ..........मेरो सपना तिमीले तोड्यौ । तिमीबाट टाढा हुन मलाई तिम्रै कर थियो । तिमीलाई म साथ दिन्थें तर त्यो साथले तिम्रो जन्मनाता तोडिन्थ्यो ।

हाम्रो कलेजमा देखादेख हुन्थ्यो तर तिमी बोल्दैनथ्यौ, त्यसपछि तिमीले आफ्नो हैसियत देखाउन र बुझाउन थाल्यौ । अनि विभिन्न साथीबाट शब्द-शब्दको वाण अप्रत्यक्ष रूपमा प्रहार गर्न थाल्यौ । मैले तिम्रो हरेक प्रहारलाई निस्तेज पार्न आफ्नो कोण-प्रतिकोण बनाउँदै लगें । अरूको कुरा सुनेर एक पटक मसँग कुरा गरिनौ । म हेर्न सक्दिनँ, कसैले तिम्रो सिउँदोमा सिन्दूर भरेको, तर गल्ती मेरै भयो, किन मैले तिमीलाई भनिनँ ? आज पनि तिम्रो तस्बिर छातीमा राखी धेरै बेर रुने गरेको छु ।

याद गर, तिमीविना पनि मेरो बेग्लै संसार छ जुन म तिमीविना नै सजाउन सक्छु । यो संसारमा विश्वास गर्नेहरूको पनि केही अस्तित्व छ । तिम्रो एक-एक चिनो मैले सजाएको छु जुन तिमीबाटै मैले लिएको थिएँ ।

थाहा छ मलाई, तिम्रो मन बदलिएको छ । म तिमीलाई धेरै मन पराउथें तर आज तिम्रो विश्वासघातले टाढा भएँ । जीवनको अन्तिम क्षणसम्म पनि तिमीलाई बिर्सन सक्दिनँ, किनभने तिमी मेरो पहिलो माया थियौ । मैले चाहेरै पनि तिमीलाई भुल्न सकिरहेको छैन ।

मैले मित्रतामा नमीठो घात पाएँ । अब म तिम्रो घरको गल्ती पनि हिँड्न छाडिसकेको छु । लाग्छ अफसोच भनौं वा दुर्भाग्य हामीबीचको नमीठो अतीतले मेरो नयाँ जिन्दगीको बाटोमा नरमाइलो विझाइरहेको छ । आज मेरा लागि यो संसार नै विरानो भैसकेको छ । के लेखीदियो भाग्यदाताले मेरो भाग्यमा ? मेरो जिन्दगीको प्रत्येक परीक्षा तिम्रो कारणले असफल भैरहेको छ, तर पनि तिमीप्रति ममा कुनै पूर्वाग्रह छैन ।

**-नवीन**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ........................................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव :.................... वैवाहिक स्थिति : ....................

अभिरुचि : ....................वर्ण : ....................

इमेल : ........................................

ठेगाना :........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................

........................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



श्यामकुमार श्रेष्ठले प्लस टु उत्तीर्ण गरेका छन् । २२ वर्षीय श्रेष्ठ नोकरी गर्छन् । नम्र स्वभावका अविवाहित श्यामकुमार ५ फिट ७ इन्च अग्ला छन् । गहुँगोरो वर्णका श्रेष्ठ पत्रमित्रतामा अभिरुचि राख्छन् । श्री स्वा.वा.खा. कार्यालय स्वयम्भूमा कार्यरत श्यामकुमार दुख-सुखमा साथ दिने, धूम्रपान-मद्यपान नगर्ने, धनी तथा गरिबबीच भेदभाव नगर्ने मित्रको खोजीमा छन् । उनलाई shyam_sh_07@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



हाँसेर बोल्ने स्वभावका भाइचुङ तामाङ ५ फिट २ इन्च अग्ला छन् । २४ वर्षीय भाइचुङ गोरो वर्णका छन् । फुटबल खेल्न रुचाउने उनी खेलकुदप्रेमी साथीको खोजीमा छन् । तामाङलाई धरान १५/१६ चण्डेश्वरी मार्गमा पत्रचार गर्न सकिन्छ ।



प्लस टु उत्तीर्ण जीवन गौतम हाल नोकरी गरिरहेका छन् । २३ वर्षीय गौतम ५ फिट ६ इन्च अग्ला छन् । नम्र स्वभावका जीवन अविवाहित छन् । उनी पत्रमित्रतामा अभिरुचि राख्छन् । जातभातको भेदभाव नगर्ने, दुःख-सुखमा साथ दिने, रगतको नाताभन्दा भावनाको नातालाई बढी महत्त्व दिने जो-कोही उनीसँग मित्रता गाँस्न सक्छन् । गौतमलाई स्वा.वा.खा. कार्यालय स्वयम्भू-१५ मा सम्पर्क गर्न सकिन्छ । उनको इमेल ठेगाना gautamgiban_@yahoo.com हो ।



नयाँ साथी बनाउन रुचाउने अनामिका थापा मिलनसार स्वभावकी छिन् । ११ कक्षामा अध्ययनरत थापा ५ फिट अग्ली छिन् । १८ वर्षीय अनामिका गहुँगोरो वर्णकी छिन् । अविवाहित अनामिका जस्तोसुकै सुख-दुःखमा साथ दिने साथीको खोजीमा छिन् । उनलाई देउराली ४ बेलडाँगी, नवलपरासीमा सम्पर्क गर्न सकिन्छ ।



भुवन जिसी 'साहसी' १९ वर्षका भए । ५ फिट ३ इन्च अग्ला जीसी आईकम प्रथम वर्षका विद्यार्थी हुन् । गहुँगोरो वर्णका भुवन नम्र अनि मिलनसार स्वभावका छन् । अविवाहित जीसीलाई नयाँ-नयाँ ठाउँको भ्रमणमा रुचि छ । नयाँबानेश्वरका स्थायी बासिन्दा भुवन दुःख-सुखमा साथ दिने, मनको भावना बुझ्ने, केही दिनका लागि मात्र नभै सधैंका लागि एउटा असल साथीको खोजीमा छन् ।



अध्ययनका साथै नोकरी पनि गरिरहेका दीपककुमार बराल २६ वर्षका भए । ५ फिट ८ इन्च अग्ला दीपक बिएड तेस्रो वर्षका विद्यार्थी हुन् । मिलनसार स्वभावका दीपक अविवाहित छन् । गहुँगोरो वर्णका दीपक नयाँ-नयाँ साथी बनाउन चाहन्छन् । सिन्धुलीका दीपकलाई bdipak70@yahoo.com मा पत्रचार गर्न सकिन्छ ।

# पुरुषहरु महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?

पुरुषलाई महिला नभई नहुने भएकाले हो कि ?

**अलिभाइ सँयं** (१९), **तनहुँ**

पुरुषले अन्डरवेयर लगाएर हिंडेको कसले वास्ता गर्छ तर महिलाले लगाएको अन्डरवेयर त ?

**कमल जिसी** (२५), **बाग्लुङ**

पुरुषभन्दा महिला कुरा काट्न कति खप्पिस हुन्छन्, सम्पादकज्यूलाई थाहै रहेनछ ।

**टीकाराम अर्याल, गल्कोट**

महिलाबिना त पुरुषको जीवन नै चल्दैन... । त्यसमा पनि महिलाको चालचलनको के कुरा, ...म त मर्छु कि क्या हो ?

**राकेश श्रेष्ठ**

सम्पादकज्यू, तपाईंले गर्दा किन गर्नुहुन्छ ? तपाईंले जुन कारणले गर्नुहुन्छ म पनि त्यही कारणले गर्छु ।

**के. आर., स्याङ्जा**

महिलाभन्दा आफूलाई स्तरीय मान्ने पुरुषले मात्र त्यसो गर्छन् ।

**कमलबहादुर कुँवर**

यस्तो कुरा पनि सोध्न मिल्छ ? तपाईं आफै पुरुष भएर पनि नबुझ्ने ?

**नानु थापा मगर** (२०), **तनहुँ**

समय काट्न अनि आफू नै ठूलो हुँ भन्ने घमण्ड देखाउन ।

**एपी सुधा** (३५)

किनभने त्यसरी नै उनीहरूको शुद्धता अनि गुणस्तर थाहा हुन्छ । अर्को कुरा के छ भने पुरुषहरू जुठो फल खान रुचाउँदैनन् ।

**अन्दिप उप्रेती** (२०), **सर्लाही**

मचाहिँ ती पुरुषहरूमध्ये पर्दिन ।

**राम त्रिपाठी**

महिलाहरू सेक्सी हुन्छन् त्यसैले पुरुषहरू धेरै कुरा काट्छन् ।

**रजनी चौधरी, सप्तरी**

यसको खासै कारण त मलाई पनि थाहा छैन तर यो मानिसको जीवनको एउटा भाग नै होला ।

**रेशम सुनवार**

महिलाको हाउभाउ नै त्यस्तै प्रकारको हुन्छ त्यसकारण ।

**प्रवीण ज्ञवाली**

शारीरिक अंग नढाक्ने पहिरनका कारण हुन सक्छ ।

**एरिक बमजन**

यो कुरा त तपाईंले नै जान्नुभएको होला ।

**सन्दीप खनाल**


महिलाको चालचलन अनि चरित्रको कुरा नगरी कसको कुरा गर्नु त ?

**नारायण कुँवर**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पढेर जानिन्छ कि परेर ?
२. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
३. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
४. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
५. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
६. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
७. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
८. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
९. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
१०. तपाईं एक्लै हुादा के सोच्नुहुन्छ ?



## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : पहिलेदेखि मेरो महिनाबारी अनियमित छ । महिनाबारी भएको बेला कम्मर र पेट साह्रै दुख्छ, तर हाल आएर स्त्री रोग विशेषज्ञसँग देखाएँ । उहाँको सल्लाहअनुसार अल्ट्रासाउन्ड पनि गराएँ । उहाँले रिपोर्ट हेरेपछि हार्मोनको कमीले महिनावारी अनियिमित भएको बताउनुभयो अनि** evion 9R) $00 / feroddlic **नामक औषधी तीन महिनासम्म खाने सल्लाह दिनुभयो, तर पनि मेरो महिनावारी नियमित भएको छैन । मेरो उमेर २३ वर्ष छ । मैले के गर्नुपर्ला ?**

**उ.**



डा. राजेन्द्र भद्रा

**उत्तर : महिनावारी कसरी हुन्छ ?**

महिनावारी महिलाहरूमा हुने एक सामान्य प्रक्रिया हो । निषेचित डिम्बको डिम्बरोपण (पाठेघरको भित्तामा टाँसिने प्रक्रिया)का लागि बाक्लो भै तयार भएको पाठेघरको भित्री तह गर्भधारण नभएको स्थितीमा तुहिएपछि योनिमार्गबाट रगत आउनुलाई नै हामी महिनावारी, नछुने हुनु, पर सर्नु वा रजस्वला हुनु भन्छौं, तर यसको सञ्चालन विशेष गरेर अन्त:श्रावी प्रणाली (हार्मोनहरूको एक जटिल प्रणाली) बाट हुन्छ । चिकित्साक्षेत्रमा नलागेकाहरूलाई यो कुरा बुझ्न अलि गाह्रो पर्ने भए पनि पहिले यसलाई नै बुझ्ने प्रयास गरौं । मस्तिष्कको hypothalamus भन्ने भाग, पिटचुटरी ग्रन्थि र डिम्बाशयबाट निस्कने हार्मोनहरूले यसलाई सञ्चालन गर्छ । Hypothalamus बाट निस्कने gonadotropin releasing hormone (GRH) को प्रभावमा पिटचुटरी ग्रन्थिले follicular stimulating hormone(FSH) तथा luteinizing hormone (LH) निकाल्छ । प्रजनन अंगहरूले यी हार्मोनहरूको प्रभावमा काम गर्छन् । महिनावारीको चक्रलाई मुख्यतया तीन चरणमा बाँड्न सकिन्छ ।

पहिलो चरण (Follicular Phase) मा FSH को प्रभावले डिम्ब परिपक्व हुन्छ । सुरुमा प्रोजेस्टेरोन तथा इस्ट्रोजनको मात्रा कम हुने भएकाले पाठेघरको भित्री तह तुहिन्छ र ३-६ दिनसम्म रगत बग्छ । महत्त्व निकै भए पनि सामान्यत: ६० देखि ९० मिली मात्र रगत बग्छ । यो चरणको मध्य भागतिर इस्ट्रोजनको मात्रा बढ्छ जसले FSH सँग मिलेर डिम्ब निष्कासनका लागि तयारी गर्छ । इस्ट्रोजनका कारण पाठेघरको भित्री भाग बाक्लिन थाल्छ ।

दोस्रो चरण (डिम्ब निष्कासन) : डिम्बाशयबाट डिम्बको निष्कासन हुन्छ । यसो हुन इस्ट्रोजनको मात्रा बढ्छ र hypothalamus nfO{ LH cTolws मात्रामा निकाल्न मद्दत गर्छ ।

तेस्रो चरण (Luteal phase) भन्नाले डिम्ब निष्कासन भएदेखि अर्को महिनावारी सुरु नभएसम्मको समयलाई बुझाउँछ । डिम्बाशयवाट डिम्ब निस्किएको ठाऊँ (corpus luteum)ले प्रशस्त मात्रामा प्रोजेस्टेरोन र इस्ट्रोजन निकाल्छ अनि त्यसको प्रभावले पाठेघरको भित्री तह निषेचित डिम्बलाई ग्रहण गर्न अझ बाक्लो बनाई उपयुक्त बनाउँछ । यदि डिम्ब निषेचित भएन भने प्रोजेस्टेरोन र इस्ट्रोजनको मात्रा एक्कासि झर्छ । जसको असरले पाठेघरको भित्री तह फेरि तुहिन थाल्छ र अर्को महिनावारी सुरु हुन्छ ।

**महिनावारी किन अनियमित ?**

हाम्रो अन्त:श्रावी प्रणालीबाट निस्किएका हार्मोन तथा पाठेघरमा रहेका अन्य कतिपय गडबडीका कारणले महिनावारी अनियमित हुनसक्छ । कतिपय स्थितिमा यसरी महिनावारी गडबडी हुनुमा मानसिक कारणहरू पनि जिम्मेवार हुन्छन् भन्ने कुरा बिर्सनु हुँदैन । महिनावारीको बेलामा निस्कने Prostaglandin ले पाठेघरलाई खुम्च्याउँछ र यसैले स्वाभाविक रूपमा नै पीडा गराउँछ । त्यसैगरी महिनावारी अनियमित हुने कारणमा पाठेघर वा त्यसको वरिपरि कुनै संक्रमण भए वा संरचनागत खराबी भए महिनावारीका बेलामा कम्मर तथा तल्लो पेट दुख्ने हुन्छ ।

तपाईंले स्त्रीरोग विशेषज्ञसँग जँचाएर राम्रो गर्नुभएको छ । उहाँले नै तपाईंलाई सबैभन्दा राम्रो सहयोग गर्न सक्नुहुन्छ । तपाईंले सल्लाह दिइएबमोजिमको औषधी सेवन गरिसक्नुभएको र पनि कम वा निको नभएको जस्तो लागेको भए पुन: उहाँलाई नै यस विषयमा भन्नुहोस् । हुनसक्छ, तपाईंको समस्या कम गर्न दिइएको औषधी पर्याप्त नभएको हुनसक्छ र औषधी थप गर्नुपर्ने हुनसक्छ भने कहिलेकाहीं अर्को किसिमको औषधी पनि खानुपर्ने हुनसक्छ । त्यसबाहेक कहिलेकाहीं समस्याको निदान ठीकसँग नभएको हुनसक्छ र थप जाँच-पड्ताल गर्नुपर्ने हुनसक्छ ।

**दिइएको उपचारको कुरा**

तपाईंले औषधीको नाम त लेख्ने प्रयास गर्नुभएको छ तर यहाँ औषधीको नाम पूर्ण छैन । आशा गर्छु, तपाईंले चिकित्सकको लेखाइबाट नभै औषधीको प्याकेटमा छापिएको औषधीको नाम नै सही रूपमा उतार्नुभएको छ । यस्तो स्थितिमा विशेष गरेर औषधीको व्यापारिक नामको सट्टा त्यसमा भएको मूल सक्रिय रसायन अर्थात् औषधीको नाम तथा त्यसको मात्रा लेख्नुभए जवाफ दिन सजिलो हुन्छ । तपाईंले उल्लेख गर्नुभएको औषधीदेखि बाहेक उपचारका क्रममा चिकित्सकले अन्य के-कस्तो सल्लाह दिनुभएको थियो, थाहा भएन । औषधीको कुरा गर्दा सँक्ष्म पोषणमध्ये भिटामिन ई तथा लौह तत्त्व दिनुभएजस्तो लाग्छ ।

यसरी महिनावारी अनियमित तथा पीडायुक्त हुँदा भिटामिन 'ई' ले फाइदा पुग्ने देखिएको छ । हुनत तपाईंले आफ्नो शरीरको रगतमा हेमोग्लोबिनको मात्रा कति छ, लेख्नुभएको छैन । महिनावारी पीडायुक्त भएकालाई लौहतत्त्वको कमीले हुने रक्तअल्पताको उपचार गरे समस्या कम हुन्छ भनिन्छ । कतिपयले अझ पीडायुक्त महिनावारीको उपचारका लागि लौहतत्त्व दिएर समस्या कम हुन्छ भन्ने विषयमा वैज्ञानिक किसिमले अध्ययन हुन बाँकी रहेको कुरा व्यक्त गरेका छन् । कतिपयले थायमिन अर्थात् भिटामिन बी १, जिङ्क, तथा म्याग्नेसियमजस्ता कुराले पनि यसमा सहयोग पुग्ने कुरा गरेका छन् । यस्ता कतिपय कुराको वैज्ञानिक अध्ययन हुन बाँकि रहेको कुरा पनि आएका छन् । त्यसबाहेक पीडा कम गर्ने औषधीहरू, हार्मोनयुक्त औषधी वा गर्भनिरोधका साधनहरूको प्रयोग गर्ने गरेको पाइन्छ । त्यसबाहेक वैकल्पिक उपचार विधि जस्तै- एक्युपन्चर, एक्युप्रेसर तथा chiropractic care देखि लिएर जडिबुटीको प्रयोगसम्म यसको उपचारमा प्रयोग भएको पाइन्छ ।

अन्तमा के भनौं भने सही निदान अनुसार नै उपचार गर्नुपर्ने हुनाले स्त्रीरोग विशेषज्ञबाट पुन: जँचाउनुहोस् । अहिलेसम्मको उपचारबाट कुनै फाइदा नभएको कुरा पनि खुलस्त भन्नुहोस् ।

के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१-५३९१९४ वुटवल – ०७१-५४८८९३
भरतपुर – ०५६-५२०९६८ इटहरी – ०२५-५८४०८८
दाङ्ग– ०८२-५६२९८३, हरिओन सर्लाही – ०४६-५३०४८४
हेटौडा – ०५७-५२६०४६ सप्तरी, फत्तेपुर – ०३१-५५०११२

सुखी विवाहित जीवनको लागि
सेवाको १८ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं


LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

तु: आवश्यकता
URI, USI, Project NC कम्पनीलाई १५ औं शाखा विस्तारको लागी केही थप कर्मचारी आवश्यकता।
योग्यता- S.L.C. or Above
संख्या- 9 Gents/Ladies
तलब- १०,000+ T.A.+Bonus+संचयकोष
लोकेशन :-
01-6637290, 9841680647 (होस्टेलको सुविधा भएको) नयाँठिमी, शंखधरचोक, भक्तपुर
01-5532447, 9849195511 नखखु, ललितपुर
नोट: बुझ्न आउँदा Document साथमा हुनुपर्ने।

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
म्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
No Side effect 100% Guaranteed
केश
Before After
Herbal44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

आकर्षक व्यक्तित्व
✦ अनुहार गोरो बनाउन (Roop Amrit)
✦ डण्डीफोर तथा चायापोतो हटाउन (Cream)
✦ स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
✦ शरिरको उचाइ बढाउन (YOKO Height)
✦ अनुहारको चाउरीपना हटाउने Cream
✦ केश झर्न रोकी उमार्ने तेल (Herbal-44)
✦ रक्सी, चुरोटको कुलत छुटाउन (Anti Somoking & Alcohol)
✦ लिङ्गको लम्बाइ, मोटाइ, शिघ्र स्खलन रोक्न (Handsum up)
✦ शरीरको मोटापा घटाउन
✦ शरिरको बजन बढाउन (Japanese Diet)
Suna Belt, Home Jogger, BCM Machine
Acupuncture, Acupressure, Magnet (VASTU)
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
Thamel, Galkopakha
97213-19662, 9803087729

## बाटो पत्ता लगाउनुहोस्



## भन्न सक्नुहुन्छ ?

पहिलो मोटरसाइकलले एक घन्टामा ४० किलोमिटर, दोस्रो मोटरसाइकलले ६० किलोमिटर र तेस्रो मोटरसाइकलले ८० किलोमिटर को यात्रा तय गर्दा बराबर पेट्रोल खपत गर्छन् । ती मोटरसाइकलले ८ सय किलोमिटर टाढाको गन्तव्यसम्म एकसाथ पुग्न कति कति समयको फरकमा यात्रा गर्नुपर्ला ? त्यति दूरी तय गर्न ती मोटर साइकलले खर्च गर्ने पेट्रोलको अनुपात कति-कति होला ?

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | | ३ | ४ |
| | ५ | | | | ६ | | | | |
| | | ■ | ■ | | | ■ | ■ | | |
| | | ७ | | | ८ | | | | ९ |
| १० | | | | ११ | | | | | |
| | १२ | | ■ | | | ■ | १३ | | |
| | | | ■ | | | ■ | | १४ | १५ |
| १६ | | | ■ | १७ | | ■ | | | |
| | १८ | | | | १९ | | | | |
| २० | | | | | | २१ | | | |

**दायाँ**

१.आफूमाथिको शासन (५)
२.भित्ता फोडेर चोर्ने काम (५)
३. पानी, जल (२)
५.व्यासका पिता (४)
६.धार्मिक आचरण भएको (४)
७.हतियार, अस्त्र-शस्त्र (३)
८. वनविनाश गर्ने तीतेफ्तार (४)
१०.मानिसको मासु खाने (४)
११.ललितपुरमा रहेकी एक देवी (५)
१२.घर छाउने घाँस-फार (२)
१३.अखबार, समाचारपत्र (३)
१४.ढुंगा, पत्थर (२)
१६.समूहका लागि खाद्यसामग्री (३)
१७कर्णाली अञ्चलाको एक जिल्ला (२)
१८.विद्यालय, स्कुल (४)
१९.फूल (३)
२०.लाभ हुने काम, सप्रनु (४)
२१.सालको काठ, साल (३)

**तल**

१.अगाडितर्फको यात्रा (५)
२.मानिसको बलि दिएर गरिने यज्ञ (४)
३.ठिमीमा रहेकी एक प्रसिद्ध देवी (५)
४. रचना गर्ने व्यक्ति (४)
५.पियन, नोकर (४)
६.वज्राचार्य थरका इतिहासकार (४)
७.पालन-पोषण गर्ने काम (४)
८.बौद्ध धर्मको एक शाखा (४)
९.सूची, फेहरिस्त (३)
१०.अभिवादनको एक तरिका (४)
११.अरनिकोको नेपाली नाम (४)
१२.सेवा गर्ने नोकर (३)
१३.डराएर वा हारेर भाग्ने काम (४)
१४.ढुंगामा कुँदिएको अक्षर (४)
१५.जग्गा-जमिनको प्रमाणपत्र (४)
१६.कृत्रिम धाक, फुर्ती (३)
१७.चिठ्ठी बाँड्ने मानिस (३)
१८.प्राचीनकालको एक भाषा (२)
१९.सुकाएको अदुवा (२)

## पत्याउनु हुन्छ ?



चीनको आन्ही प्रान्तका एक किसानले नयाँ प्रविधिको प्रयोग गर्दै बढी तौलको च्याउ खेती गरेका छन् । उनले उत्पादन गरेको च्याउ न्यूनतम १० किलोग्रामदेखि अधिकतम २० किलोग्रामको छ ।



मनिलामा पाकशास्त्रका विद्यार्थीहरूले एकैपटक ५ हजार किसिमका परिकार प्रस्तुत गरेर नयाँ विश्व कीर्तिमान कायम गरेका छन् । यसअघि गिनिज बुक अफ वर्ल्ड रेकर्ड्समा ४ हजार ६ सय ६८ किसिमका परिकार प्रस्तुत गरेको कीर्तिमान थियो ।




जापानको एक खेलौना निर्माता कम्पनीले अमेरिकी डलरको आकारमा नुहाउने साबुनको विकास गरेको छ । १ सय डलरको आकारमा उत्पादन गरिएको उक्त साबुन नोटजत्तिकै पातलो छ ।




वर्ल्ड क्याट फेडेरेसनले वार्षिक रूपमा बिरालो प्रदर्शनको आयोजना गर्छ । क्यानाडामा गत साता सम्पन्न प्रदर्शनीमा २ सय ५० जातका बिराला सहभागी थिए ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# सहभागिता सार्थक तुल्याउने प्रयास






तस्बिरहरू : सुन्दर श्रेष्ठ

● राजु घिसिंग

काठमाडौं- सन् १९८४ देखि काठमाडौंबाट सुरु भएको दक्षिण एसियाली खेलकुद (साग) को पौडीमा नेपालले अहिलेसम्म एकपल्ट मात्र स्वर्णपदक जितेको छ। काठमाडौंमा सम्पन्न आठौं सागमा कम समयमा दूरी पार गरेका टिमहरू डिस्क्वालिफाइ भएपछि नेपालले पौडीको पहिलो साग स्वर्ण घरमै महिलातर्फको मिड्लेमा जितेको थियो। दिदी-बहिना रुना र रुबिना प्रधान तथा नयना शाक्य र स्तुति सिंहले नेपाललाई त्यो ऐतिहासिक पदक दिलाएका थिए।

त्यसअघि नेपालले काठमाडौंमै २५ वर्षअघि भएको पहिलो सागमा २ कास्यपदक हात पारेको थियो। अहिलेका मुख्य प्रशिक्षक ईश्वर कार्कीको टिमले नेपाललाई त्यो सफलता दिलाएका थिए। पहिलो र आठौं संस्करणबीचका ६ सागमा नेपालले कुनै पनि पदक जित्न सकेन र सहभागीतामै सीमित रहनुपर्‍यो। आठौं सागमा नेपालले पुरुषको २ सय मिटर रिलेमा पनि कांस्यपदक चुमेको थियो।

नवौं सागमा पाकिस्तानबाट रित्तो हात फर्किएको नेपाललाई कोलम्बोमा तीन वर्षअघि भएको दसौं सागमा भने शैलेसजंग राणा, एलिस श्रेष्ठ, किसिमलाल थारु तथा ओमबहादुर कुमारको टिमले फ्रिस्टाइलमा कांस्यपदक दिलाएको थियो। यही १ स्वर्ण र ४ कांस्यपदकबोहक नेपालको चुनौती पहिलो चरण अर्थात् हिट र कहिलेकाहीं फाइनल चरणमा समाप्त हुने गरेको छ। फाइनल चरण प्रवेश गर्नु नै नेपाली खेलाडीका लागि पदक जितेसरह बन्ने गरेको छ।

यसपालि ढाकामा नेपालले खाली हात नफर्कने लक्ष्य कोरेको छ। यो लक्ष्य पूरा हुन बंगलादेशी राजधानीमा भाग्यले पनि साथ दिनुपर्ने हुन्छ। ओलम्पिक कमिटिका कुनै पनि खेलकुद (साग, एसियाली खेलकुद र ओलम्पिक) मा स्वर्णसहित सर्वाधिक पदक एथ्लेटिक्स र पौडीमा हुन्छ। अन्तर्राष्ट्रिय प्रतियोगितामा दुवै खेलमा नेपालको स्थिति अत्यन्तै नाजुक छ। यसपल्ट पौडीमा १८ स्वर्ण, उति नै संख्यामा रजत र कांस्य पदक छन्।

दक्षिण एसियाली पौडीमा भारतीय खेलाडीले एकछत्र राज गरिरहेका छन्। उनीहरूसामु अन्य खेलाडीको चुनौती प्राय: स्वर्णपछिका रजत र कांस्य पदकमा हुने गरेको छ। ११ औं सागको पौडीको पदकतालिकामा नेपालको नाम लेखाउने आशा करिश्मा कार्कीमा केन्द्रित छ। पाँचौं राष्ट्रिय खेलकुदमा ऐतिहासिक १२ स्वर्ण चुमेकी करिश्मा एनएसजेएफ पल्सर वर्षका सर्वोत्कृष्ट खेलाडी पनि हुन्।

'अभ्यास राम्रो भैरहेको छ,' इन्जिनियरिङकी विद्यार्थी करिश्माले भनिन्, 'देशका लागि पदक जित्छु भन्ने आत्मविश्वास छ।' गत वर्षको बेइजिङ ओलम्पिकको अनुभवले पनि उनको आत्मविश्वास बढाएको छ। उनले ५० र १ सय मिटर बटरफ्लाईमा चुनौती पेस गर्नेछिन्।

मुख्य प्रशिक्षक ईश्वर कार्कीले करिश्मा र शैलेस राणासँग पदकको आशा गरेका छन्। 'करिश्माले १ सय मिटर बरटरफ्लाई तथा शैलेसले ५०, १ सय र २ सयमध्ये कुनै पनि स्पर्धामा कांस्यपदक जित्ने विश्वास छ र उनीहरू त्यो सफलताका लागि सक्षम पनि छन्,' ईश्वरकी छोरी करिश्माको यो पहिलो क्षेत्रीय प्रतियोगिता हो भने शैलेस कोलम्बो सागमा फ्रिस्टाइलको कांस्य जित्ने नेपाली टिमका सदस्य हुन्। शैलेस र शैला एकै परिवारका हुन्।

आठौं सागमा ऐतिहासिक स्वर्ण जितेको महिला टिमकी पौडीबाज नयना शाक्य लागातार पाँचौंपल्ट क्षेत्रीय खेल मेलामा सहभागी हुँदैछिन्। यसपालि साग खेल्ने सबै खेलाडीको नाममा धेरै वटा राष्ट्रिय कीर्तिमान कोरिएका छन्। ढाकामा पनि पदकभन्दा राष्ट्रिय कीर्तिमान तोड्ने अपेक्षा बढी गरिएको छ।

| पुरुष स्पर्धा | खेलाडी |
|---|---|
| बटरफ्लाई : | चन्द्रसिंह महतो |
| ब्याक स्ट्रोक: | पुष्पराज शाही |
| ब्रेस्ट स्ट्रोक: | बनिन सहन्स श्रेष्ठ |
| ब्रेस्ट स्ट्रोक: | शैलेस राणा |
| फ्रिस्टाइल: | प्रसिद्धजंग शाह |
| **महिला स्पर्धा** | **खेलाडी** |
| बटरफ्लाई : | करिश्मा कार्की |
| ब्रेस्ट स्ट्रोक : | विविधा रिमाल |
| ब्याक स्ट्रोक : | नयना शाक्य |
| फ्रिस्टाइल : | शैला राणा |
| मुख्य प्रशिक्षक : | ईश्वर कार्की |

## पौडी



## ५ प्रश्न



ईश्वर कार्की, राष्ट्रिय खेलकुद परिषद्का मुख्य पौडी प्रशिक्षक हुन्। पहिलो सागमा नेपालले कांस्यपदक चुमेको पौडी टिममा पनि उनी प्रमुख खेलाडी थिए। ११ औं सागको तयारीका सम्बन्धमा कार्कीसँग गरिएको छोटो कुराकानी :

**तयारी कस्तो भैरहेको छ ?**

विगतकै जस्तो छ। धेरै राम्रो भने होइन। सुविधाको अभावमा राम्रो तयारी हुन सकेको छैन, तर पाएको सुविधाअनुसार भैरहेको तयारी र अभ्यासलाई नराम्रो पनि भन्न मिल्दैन।

**काठमाडौंको चिसो मौसमले अभ्यास प्रभावित भएको हो ?**

पक्कै पनि। चिसोमा पौडी खेल्न नसकिने त होइन, तर धेरैबेर पोखरीमा बस्न सकिँदैन। त्यसैले दुई सातायता गोकर्ण फरेस्ट रिसोर्टको तातो पानीको स्वीमिङ पुलमा सोमबार, बुधबार र बिहीबार अभ्यास गरिरहेका छौं। साताका बाँकी दिन दशरथ रंगाशाला परिसरमै फिटनेसको ट्रेनिङ गराउछौं।

**ढाकामा पदक जित्ने सम्भावना कति छ ?**

हामीले दुई कांस्यपदक जित्ने लक्ष्य राखेका छौं। पौडीमा कमजोर रहेकाले हामी ठूलो र महत्त्वकांक्षी लक्ष्य राख्दैनौं। अहिलेसम्म नेपालले सागमा जितेको १ स्वर्ण र ४ कास्यको तथ्यांकले पनि हामी अन्तर्राष्ट्रिय पौडीमा निकैपछि वा कमजोर रहेको स्पष्ट हुन्छ।

**कुन खेलाडीमा तपाईंको आशा छ ?**

करिश्मा कार्की र शैलेस राणाले नेपाललाई पदक दिलाउने अपेक्षा गरेको छु। दुवै खेलाडी उत्कृष्ट छन्। गत वर्षको चैतमा भएको पाचौं राष्ट्रिय खेलकुदमा कीर्तिमान १२ स्वर्ण जितेर करिश्मा सर्वोत्कृष्ट खेलाडी भएकी थिइन्। पछिल्लो पल्टको सागमा फ्रिस्टायलतर्फको टिम स्पर्धामा नेपालले पाएको कांस्यपदकमा शैलेसको योगदान निर्णायकसरह थियो। उनको नाममा थुप्रै राष्ट्रिय कीर्तिमान बनेका छन्।

**सागमा नेपाली खेलाडीको स्तर कुन तहमा छ ?**

निर्विवाद रूपमा भारत नम्बर एक स्थानमा छ। त्यसपछि श्रीलंका र पाकिस्तानी पौडीबाज पनि हाम्रो तुलनामा राम्रा छन्। त्यसपछि बंगलादेश र नेपालको स्तर एउटै तहमा छ। हामी भुटान र माल्दिभ्सभन्दा अघि छौं।

### म्याट नटेके पनि
# पदकको आशा



**साप्ताहिक समाचार**

काठमाडौं- 'हाम्रा खेलाडी आर्मीको भद्रकालीस्थित मैदानमा अभ्यास गरिरहेका छन् तर त्यहाँ म्याट छैन, माटोमै खेल्दैछन्। राष्ट्रिय खेललकुद परिषद्लाई धेरैपल्ट माग गर्‍यौं तर म्याट पाइएन। हाम्रा खेलाडीले म्याटसमेत देख्न पाएका छैनन्। तैपनि माटोमा खेलेको भरमा पदक जितेर फर्कने लक्ष्य राखेका छौं।'

प्रशिक्षक शान्ति सिंहको माथिका भनाइ र नेपाली कबड्डीको सत्यता यही हो। खेलाडी र प्रशिक्षकहरू नेपाल कबड्डी संघका क्रियाकलापबाट चिन्तित छन्। उनीहरूको पीडा भने काठमाडौंको चिसो मौसम र सुविधाको अभाव हो। कञ्चनपुरस्थित कराँतेको म्याटमा अभ्यास गर्ने प्रशिक्षक शान्ति सिंहको पटक-पटकको प्रयास राखेपले अस्वीकार गर्‍यो। कञ्चनपुरमा भारतीय टिमसँग अभ्यास खेल पनि खेल्न पाइन्थ्यो, सिंहले भने- 'तर मेरो प्रयास सफल भएन।' महिला र पुरुष गरी दुई टिम स्पर्धामा दुई स्वर्णका लागि ११ औं सागमा कबड्डीको प्रतिस्पर्धा हुनेछ। सागमा ५ वर्षअघिदेखि नै निरन्तर सहभागीता जनाए पनि नेपालले अहिलेसम्म पदक जित्न सकेको छैन।

कबड्डीमा छिमेकी भारत र पाकिस्तानलाई विश्वस्तरीय प्रतियोगितामै बलियो मानिन्छ। वर्षमा एकपल्ट मुस्किलले घरेलु प्रतियोगिता खेल्न पाउने नेपाली खेलाडी उनीहरूको चुनौती पार गर्न सके त्यो खेलकै निकै दुर्लभ र अविश्वसनीय नतिजा हुनेछ। यस्तोमा नेपालले कांस्यको लक्ष्य राखेको छ।

नेपाल, बंगलादेश र श्रीलंका एउटै स्तरका टिम भएकाले कांस्य जित्नेमा प्रशिक्षक सिंहको आशा छ। चिसो मौसमले गर्दा दिउँसो २-३ घन्टा मात्र अभ्यास गर्न पाएको उनले गुनासो गरे, गर्मी ठाउँमा गरिएको अभ्यास राम्रो हुन्छ। विगतका टिमभन्दा यसपालि नेपाली टिम बलियो रहेको उनले बताए। पुरुषको तुलनामा महिला टिमको सम्भावना बलियो भएको उनको दाबी छ।

यसपालिको टिममा पुरुषतर्फ सेना र महिलामा पुलिसका खेलाडीको वर्चस्व छ। आर्मीका ६ खेलाडी पुरुष र ५ खेलाडी महिला टिममा परेका छन्। पुलिसका आधा दर्जन खेलाडीले महिला टिम हाँक्नेछन्। त्यस्तै पुरुषतर्फ धनुषाका ३ तथा बारा, कन्चनपुर, नवलपरासी, भक्तपुर र सप्तरीका १-१ खेलाडी छन्। महिलातर्फ नुवाकोट, धनुषा र मोरङका १-१ खेलाडीले अवसर पाएका छन्। त्यसमध्ये दुवै टिमका ४-४ खेलाडीको प्रदर्शन उत्कृष्ट भएको बताइन्छ।

**छनौट भएका खेलाडी पुरुष**

डम्बर बडुवाल, महेश बोहरा, भुवन खड्का, जय बोहरा, मन बहादुर रानाभाट, हेमबहादुर बस्नेत, सञ्जय श्रेष्ठ, कुवलदीप रावत, अमरदीप श्रेष्ठ, मुन्ना पटेल, धर्म सुनार, नरेस चौधरी, श्यामकृष्ण बासुकला तथा देवेन्द्र झा।

**वैकल्पिक :**

चेतनारायण चौधरी एवं युवराज श्रेष्ठ

**महिला**

संगीता गौतम, सरस्वती थापा, नेत्रकुमारी थापा, शान्ति मल्ल, निर्मला विष्ट, नितु गुरुङ, ककेशमाया बस्नेत, मीनु गुरुङ, कल्पना श्रेष्ठ, सुशीला मगर, रजनी गुरुङ, सन्जना तामाङ, अम्बिका मण्डल तथा रमिता थापामगर।

**वैकल्पिक :**

केली गुरुङ एवं रुक्मिणी चन्द

**प्रमुख प्रशिक्षक : शान्ति सिंह**

# विश्वकपमा युरोप- ३



● विश्वकप फुटबल विशेष ●

## स्पेन

युरोपबाट स्पेनले दोस्रो संस्करणको विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा स्थान सुरक्षित गरेको थियो । पहिलो सहभागितामै क्वाटरफाइनलमा प्रवेश गरेको स्पेनले लगत्तै सन् १९५० मा ब्राजिलले आयोजना गरेको चौथो विश्वकपमा आफूलाई चौथो स्थानमा पुऱ्यायो । त्यसपछिका दुई विश्वकपको छनौट चरण नै पार गर्न नसकेको स्पेनले दुई विश्वकपको फाइनल चरणमा प्रवेश पाए पनि पहिलो चरणबाटै घर फर्किएको थियो । सन् १९८२ मा पहिलो पटक विश्वकप फुटबलको आयोजना गरेको स्पेनले आफ्नो गृहमैदानको फाइदा उठाई आफूलाई दोस्रो चरणसम्म पुऱ्याउन सफल भयो । सन् १९७८ मा अर्जेन्टिनाले आयोजना गरेको विश्वकपदेखि लगतार आफूलाई विश्वकपको फाइनल चरणमा उभ्याएको स्पेनले सन् १९८६, १९९४ तथा २००२ को विश्वकपमा आफूलाई क्वाटरफाइनलसम्म पुऱ्याएको थियो । युरोपियन महादेशमा चर्चित लिग सञ्चालन गर्ने स्पेनले गत विश्वकपमा आफूलाई दोस्रो चरणसम्म पुऱ्यायो । पछिल्लो पटक सन् २००८ मा आयोजना भएको युरोपियन च्याम्पियनसिप जितेको स्पेन यो वर्ष हुने विश्वकपमा युरोपियन क्षेत्रको समूह ५ को विजेता भएर छनौट भएको हो । आफ्नो समूहका १० वटै खेलमा सफलता हात पारेको स्पेन यसपटक बलियो प्रतिद्वन्द्वी मानिन्छ । विश्वकप फुटबलको समूह एचमा परेको स्पेनको समूहमा स्वीजरल्यान्ड, होन्डुरस तथा चिली छन् ।

## इङ्ल्यान्ड

सन् १९६६ को विश्वकप फुटबल आयोजना गर्दा सफलता हात पारेको इङ्ल्यान्ड अझै पनि विश्वकपमा बलियो प्रत्याशी मानिन्छ । पहिलो, दोस्रो र तेस्रो संस्करणको विश्वकप फाइनलमा प्रवेश गर्न नसकेको इङ्ल्यान्डले त्यसपछि भएका विश्वकप फुटबलमा भने मिश्रित नतिजा हात पारेको छ । इङ्ल्यान्डले सन् १९९० को विश्वकपमा चौथो स्थान हात पार्नुका अतिरिक्त ६ पटक क्वाटरफाइनल खेलिएको छ । सन् १९७४, १९७८ तथा १९९४ को विश्वकप फाइनलमा छनौट हुन नसकेको इङ्ल्यान्डले पछिल्लो तिन संस्करणको विश्वकपमा भने आफूलाई राम्रै स्थानमा पुऱ्याएको छ । इङ्लिस प्रिमियर लिगले पाएको चर्चाका कारण इङ्ल्यान्ड विश्वकपमा सधैं बलियो प्रतिस्पर्धी मानिन्छ । जापान र दक्षिण कोरियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकप र सन् २००६ मा जर्मनीले आयोजना गरेको विश्वकप फुटबलमा इङ्ल्यान्ड क्वाटरफाइनलसम्म पुगेको थियो । यसपटक हुने विश्वकप फुटबल प्रतियोगितामा युरोपियन क्षेत्रको समूह ६ को विजेता बनेर १३ औं पटक छनौट भएको इङ्ल्यान्ड समूह 'सी' मा परेको छ । विश्वकपको रोमाञ्चक समूह मानिएको समूह 'सी'मा संयुक्त राज्य अमेरिका, स्लोभेनिया तथा अल्जेरिया पनि छन् ।

## इटाली

इटाली युरोपबाट सर्वाधिक विश्वकप जित्ने राष्ट्र हो । इटालीले सन् १९३४ मा आफैंले आयोजना गरेको दोस्रो संस्करणको विश्वकप फुटबलमा जित हात पारेको थियो । त्यसको चार वर्षपछि सन् १९३८ मा फ्रान्सले आयोजना गरेको विश्वकपमा जित हात पारेर उसले आफ्नो उपाधिको रक्षा गरेको थियो । त्यसपछि इटालीलाई विश्वकप हात पार्न ३४ वर्ष कुर्नुपऱ्यो । सन् १९८२ मा स्पेनले आयोजना गरेको विश्वकप जितेको इटाली अहिले पनि विश्वकप विजेता राष्ट्रका रूपमा परिचित छ । सन् १९३० र सन् १९५८ को विश्वकप फाइनल चरण मात्र खेल्न नपाएको इटालीले यो समेत १७ पटक विश्वकप फुटबलको फाइनल चरणमा आफूलाई प्रस्तुत गरेको छ । इटाली सन् १९७०, सन् १९९४ को विश्वकपमा उपविजेता भएको थियो भने सन् १९९० मा आफैंले आयोजना गरेको विश्वकप फुटबलमा तेस्रो स्थान हात पारेको थियो । इटालीको अर्को उल्लेखनीय सफलता सन् १९७८ को विश्वकपमा चौथो स्थानमा चित्त बुझाउनु पनि हो । विश्वकपको समूह 'एफ'मा परेको इटाली तुलनात्मक रूपमा सजिलो समूहमा छ । यो समूहमा पराग्वे, न्युजिल्यान्ड तथा स्लोभाकिया छन् ।

## नेदरल्यान्ड

नेदरल्यान्ड यो वर्ष आयोजना हुने विश्वकप फुटबलको फाइनल चरणमा युरोपबाट छनौट हुने पहिलो टिम हो । अन्तिम चरणको खेलमा नेदरल्यान्डले आफूले खेलेका ८ खेलमै जित हात पारेर विश्वकपको यात्रा सुनिश्चित गरेको थियो । धेरै पटक बलियो युरोपियन राष्ट्रको छाप छोडे पनि नेदरल्यान्डले विश्वकप उचाल्न भने पाएको छैन । जर्मनीले सन् १९७४ मा तथा अर्जेन्टिनाले सन् १९७८ मा आयोजना गरेको विश्वकपको फाइनलमा प्रवेश गरे पनि नेदरल्यान्डले आफूलाई उपविजेताकै रूपमा चित्त बुझाउनुपरेको थियो । नेदरल्यान्डले विश्वकपमा पाएको अर्को सफलता सन् १९९८ मा फ्रान्सले आयोजना गरेको विश्वकपमा चौथो स्थान प्राप्त गर्नु हो । सन् १९३४ देखि विश्वकपको यात्रा तय गरेको नेदरल्यान्डले आफूलाई ९ पटक फाइनलमा उभ्याइसकेको छ । सन् १९५० देखि आफूलाई विश्वकपको फाइनलमा प्रस्तुत गराउने प्रयास गरेको नेदरल्यान्डले २४ वर्षपछि फाइनल चरणमा प्रवेश पाएको थियो । लामो अन्तरालपछि फाइनलमा प्रवेश पाएको नेदरल्यान्डले आफूलाई उपविजेता बनाएर त्यो समयमा ठूलै तहल्का मच्चाएको थियो । पछिल्लो संस्करणको विश्वकपमा दोस्रो चरणबाटै घर फर्किएको नेदरल्यान्ड आगामी विश्वकपको ग्रुप अफ डेथमा परेको छ । फुटबलका पण्डितहरूले समूह 'ई' लाई तुलनात्मक रूपमा अरू समूहभन्दा कडा प्रतिस्पर्धा हुने समूह मानेका छन् किनभने यो समूहमा डेनमार्कलगायत जापान र क्यामरुन पनि छन् ।

# फर्कियो फुटबल सिजन

● राजु घिसिङ

काठमाडौं- सर्वाधिक नगद पुरस्कारको ब्रिटिस गोर्खाकपको प्रारम्भसँगै नेपालमा घरेलु फुटबल सिजन सुरु भएको छ । ललितपुरका दुई क्लब जावलाखेल र फ्रेन्ड्स क्लबको पुस ८ गतेको प्रतिस्पर्धा नयाँ सिजनको पहिलो खेल भयो ।

ब्रिटिस गोर्खा ग्रुपको प्रायोजनमा कुल २० लाख रुपैयाँ पुरस्कारको यो प्रतियोगिता पुस २९ गतेसम्म चल्नेछ । दशरथ रंगाशालामा ६ वर्षयता पहिलोपल्ट नकआउट प्रतियोगिता भएको हो । दुई वर्ष अन्धकार र शून्यतामा रुमल्लिएपछि ठूला क्लबलाई ब्रिटिस गोर्खा कपले एउटै मैदानमा खेल्ने अवसर जुरायो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) विवादपछि मिलन (२२ मंसिर, २०६५) सम्म दुई वर्ष ठप्प घरेलु फुटबल गतिविधिलाई यही प्रतियोगिताले ब्युँताउने अपेक्षा गरिएको छ । पछिल्लोपल्ट २०६३ सालमा सहिद स्मारक 'ए' डिभिजन लिग खेलेका १२ मध्ये ११ क्लब पुलिस, एपीएफ, थ्रीस्टार, मनाङ-मर्स्याङ्दी, एनआरटी, आरसिटी, संकटा, फ्रेन्ड्स, जावलाखेल, ब्वाइज युनियन र मच्छिन्द्र यो प्रतिस्पर्धामा भिड्दैछन् । त्यस्तै प्रतियोगितामा एन्फा यू-१६, पीएलए तथा पूर्वाञ्चल पनि सहभागी छन् । मध्य तथा सुदूरपश्चिमको संयुक्त टिमलाई पनि अवसर दिइएको छ । ब्रिटिस गोर्खा कप विजेताले १० लाख तथा उपविजेताले ५ लाख रुपैयाँ पाउनेछन् ।

माघ महिनामा फुटबलको ज्वरोले मोफसल तातिनेछ । माघ ६ देखि १६ गतेसम्म धरानमा बूढासुब्बा गोल्डकपको ११ औं संस्करण हुनेछ । पोखरामा आहा गोल्डकप १२-२३ माघमा गर्ने तयारी भैरहेको छ । मोफसलका सर्वाधिक प्रतिष्ठित यी दुई प्रतियोगितामा देश-विदेशका उत्कृष्ट १२-१२ क्लब सहभागी हुनेछन् । एन्फा विवादको समयमा यी दुई नकआउट प्रतियोगिताले मात्र निरन्तरता पाएका थिए ।

यसबीच बंगलादेशको राजधानी ढाकामा माघ १५ देखि २६ गतेसम्म हुने ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपालको २३ बर्षमुनिको राष्ट्रिय टिमले प्रतिस्पर्धा गर्नेछ । साग सकिएको तीन दिन नबित्दै माघ २९ गतेदेखि काठमाडौंमा लिग सुरु हुनेछ । दुई-वर्ष सम्भव नभएको लिगको सुरुआतसँगै नेपाली फुटबलले उचाइ लिने आशा गरिएको छ ।

आउँदो लिगमा पुराना एक दर्जन क्लबले नै तीन महिना लामो लिग खेल्ने बताइएको छ । गत वर्ष भएको पाचौं राष्ट्रिय खेलकुदमा जस्तै यसपालिको लिगमा पनि आर्मी र माओवादीको पीएलए स्पोर्ट्स क्लबबीच जुहारी चल्ने सम्भावना छ । ए डिभिजनका सबै क्लब सहभागी हुने भनिएको ब्रिटिस गोर्खा कपमा विभागीय टिम सेना आन्तरिक कारण जनाएर अनुपस्थित रह्यो । त्यसको मुख्य कारण थियो- पीएलएको प्रवेश ।

लामो समय फुटबलको तयारी गरेकाले पीएलएलाई खेल्ने अवसर दिइएको एन्फा प्रवक्ता ललितकृष्ण श्रेष्ठले बताए । यसले तीन विभागीय टिमलाई जस्तै ए डिभिजनमा एन्फाले सीधा प्रवेशको मौका दिने संकेत



गरेको छ । व्यवस्थापन विवादको समयमा भएको दुई 'बी' डिभिजन लिगबाट बढुवा पाएका आठ क्लबलाई पनि अहिले 'ए' डिभिजनको मान्यता छ ।

लामो समय चल्ने लिग क्लबका लागि सर्वाधिक महत्त्वपूर्ण हुनेछ । त्यसैले उनीहरूका लागि ब्रिटिस गोर्खा कप, बूढासुब्बा र आहा गोल्डकपले लिग तयारीका लागि राम्रो अभ्यासको अवसर दिनेछ । दुई महिनाको व्यस्तताले खेलाडीलाई स्तर भेटाउन पनि सहयोग गर्नेछ । पुस महिनाभरि चल्ने ब्रिटिस गोर्खा क्लब प्रतियोगिताले नै आउँदो 'ए' डिभिजन लिग खेल्ने क्लबका खेलाडीको सूची निश्चित गर्नेछ ।


साप्ताहिक Classified Advertisement

**रोजगार**

NGO संस्थालाई Basic Computer जानेका १३ कर्मचारी part time / full time job तलब- १३९००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

जर्मनी, फ्रान्स, नेदरल्याण्डको लागि Aupair girls बचत ४० देखि ५०,०००, ९७४१०५६८८६, ९८०३३८६७१२, ४२४५७६१

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१८८७५२३

Multinational Company लाई Basic Computer जान्ने १३ कर्मचारी मासिक १३५०० ग्यारेन्टी ४७२०१७७, ९८४९१५२०४७, ९८०८४३६७२५ महाराजगंज

लोकन्थलीको अफिसलाई कर्मचारी ६५००, ९७२१३०८६७८

**भर्ना**

सजिलै पास गरौ ६ महिनामै +2, ६ महिनामै SLC टेष्ट ग्यारेन्टी सहित SLC कक्षा- ८, कम्प्युटर स्यान्ड्रा ४३६१७१२ चितवन ०५६-५२५९१८

**सम्पर्क**

१००% ट्रायल ग्यारेन्टी कार, मोटर साइकल, स्कुटर सिकाइन्छ, ०१-५०००५०४, ९८४१६७२७०४

**उपचार**

रक्सी चुरोट छुटाउन यौनशक्ति बढाउन मोटोपना घटाउन बढाउन उचाई बढाउन ९८४९३६८१११

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाइट मोटोपना घटाउन बढाउन लिङ्गको साइज बढाउन ९८४१९८१९७६, ९८०३५०२२५९

Long John Cream लिङ्गको लम्बाई मोटाई बढाउने गुप्ताङ्ग टाइट गर्ने ९८०३५३८७०६

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

# अञ्चलस्तरीय भलिबलको उपाधि गुल्मीलाई



बुटवल- 'आम्मामा कस्तो रोमाञ्चक प्रतिस्पर्धा, भलिबलप्रति यति धेरै क्रेज ?'- हजारौं दर्शकका माझ बुधबार सम्पन्न अञ्चलस्तरीय भलिबल प्रतियोगिताको फाइनलमा प्रमुख अतिथि बनेका रूपन्देहीका प्रमुख जिल्ला अधिकारी नागेन्द्र झा दंग पर्दै भन्दै थिए । बुटवल मण्डपको मैदानमा भएको लुम्बिनी अञ्चलस्तरीय लिगकम नकआउट कोहिनूर कप भलिबल प्रतियोगिताको फाइनल प्रतिस्पर्धा हेर्नेहरू सबै प्रजिअ झाजस्तै रोमाञ्चित भएका थिए । खेलको सुरुदेखि नै मन परेको टिमको पक्षमा दर्शकहरूले गरेको लगातारको हुटिङ र तालीले प्रतियोगितालाई साँच्चिकै सनसनीपूर्ण बनाएको थियो । अत्यन्त प्रतिस्पर्धात्मक फाइनलमा मैदानमा खचाखच अधिकांश दर्शकको समर्थन पाएको जिल्ला भलिबल संघ गुल्मीले आयोजक रूपन्देहीलाई हराउँदै उपाधिमाथि कब्जा जमायो । चार जना सशक्त स्ट्राइकरसहित अधिकांश राष्ट्रिय खेलाडी उतारेको गुल्मीले आक्रामक प्रदर्शन गर्दै रूपन्देहीलाई ३-१ सेटले पराजित गऱ्यो ।

सुरुदेखि नै रूपन्देहीलाई दबाबमा पारेको गुल्मीले पहिलो सेट २५-२२, तेस्रो २५-२३ र चौथो २५-९ अंकले जित्यो । सशक्त स्ट्राइकरको अभाव र खेलाडीबीच तालमेल मिलाउन नसक्दा घरेलु मैदानमा रक्षात्मक खेल्न बाध्य रूपन्देहीले दोस्रो सेट मात्र २५-१९ अंकले जित्न सफल भएको थियो । जिल्ला भलिबल संघ रूपन्देही तथा रूपन्देही उद्योग संघको आयोजनामा औद्योगिक प्रदर्शनीभित्र पहिलो पटक आयोजित भलिबल प्रतियोगिताको उपाधिसहित गुल्मीले नगद रु. २० हजार प्राप्त गऱ्यो भने उपविजेता रूपन्देहीले १५ हजार तथा तेस्रो स्थान हासिल गरेको नवलपरासीले ७ हजार नगद प्राप्त गरे । प्रतियोगितामा रूपन्देहीका विजय गुरुङले बेस्ट प्लेयर र नवलपरासीका रुद्रनारायण चौधरी उदीयमान खेलाडीका रूपमा पुरस्कृत भए । प्रतियोगितामा लुम्बिनी अञ्चलका ६ जिल्लाका २-२ वटा टिमको सहभागिता थियो ।

**–टोपराज शर्मा**

## महेद्र मोरङलाई उपाधि

विराटनगरमा सम्पन्न क्याम्पसस्तरीय टेबुलटेनिस प्रतियोगिताको उपाधि महेन्द्र मोरङ क्याम्पसले जितेको छ । टिम इभेन्ट्समा महेन्द्र मोरङ क्याम्पसले मोडल कलेजलाई ३-१ ले हराउँदै उपाधि जितेको हो । तेस्रो स्थान संयुक्त रूपमा पीयू व्यवस्थापन क्याम्पस र पुसेट कलेज विराटनगरले हासिल गरे । यसैगरी मेन्स सिंगल्सतर्फ महेन्द्र मोरङका सन्तोष काफ्ले प्रथम मोडल कलेजका अभिमानसिंह बस्नेतलाइ हराउँदै प्रथम भए । निरेस कार्की पीयू व्यवस्थापन तथा



विकास बानियाँ महेन्द्र मोरङ तृतीय भए ।

यसैगरी लेडिज सिंगल्सतर्फ अरनिकोकी मेरिस्ना केसी प्रथम, लर्डबुद्धकी प्रियंका श्रेष्ठ द्वितीय तथा शिक्षादीपका अनु राजवंशी र दीक्षा गिरी तृतीय भएका छन् । यसैगरी मेन्स डबल्र्सतर्फ महेन्द्र मोरङका सन्तोष काफ्ले र विकास बानियाँ प्रथम, पीयू व्यवस्थापनका निरेश कार्की, ऋषि श्रेष्ठ द्वितीय तथा मोडल कलेजका अभिमानसिंह बस्नेत र अमित खत्री तथा पुसेटका त्रिभूषण गिरी र विक्रम तिवारी तृतीय भए ।

अन्तरवित्तीय संस्थातर्फ एसबीआई बैंकका अमित कोइराला, कुमारी बैंकका ऋषिकेश अधिकारीलाई हराउँदै प्रथम भए । तृतीय स्थान नेपाल बंगलादेश बैंकका प्रशान्त गिरी र विष्णुप्रसाद उप्रेती भए । यसैगरी लेडिज सिंगल्सतर्फ विराटलक्ष्मी विकास बैंककी रश्मि ढकाल, एभरेष्ट बैंककी सुस्मिता श्रेष्ठलाई हराउँदै प्रथम भइन् । तृतीय स्थान एभरेष्ट बैंककी शिखा अधिकारी तथा सिटिजन्स बैंककी मनीषा दाहाल भइन् । सोही अवसरमा भूतपूर्व राष्ट्रिय टेबुलटेनिस खेलाडी श्रीमती गौरी क्षेत्रीलाई पनि सम्मान गरिएको थियो ।

**–सञ्जीव खनाल**

# टेबुल सकरमा नेपाल प्रथम



विराटनगर- नेपाल टेबल सकर फेडरेसनको आयोजनामा चौथो टेबल सकर च्याम्पियनसिप गत शनिबार विराटनगरमा सम्पन्न भएको छ । तीन दिनसम्म चलेको इन्डो-नेपाल च्याम्पियनसिपको उपाधि नेपालले जितेको छ । प्रतियोगितामा नेपाल र भारतका छात्र-छात्रा गरी करिब २ सय ५० जना खेलाडी सहभागी थिए ।

खेलमा नेपालले २७ स्वर्ण, ३१ रजत र ३० कांस्य गरी ८८ पदक जित्दै उपाधि हात पारेको हो । भारतले भने १८ स्वर्ण, १४ रजत र १५ कांस्य गरी ४७ पदकका साथ दोस्रो स्थानमा चित बुझायो । डीएभी स्कुलको खेलमैदानमा भएको प्रतियोगितामा ८, १०, १२, १४ र १६ वर्षमुनिका खेलाडीहरूको उमेर समूहमा सिंगल, डबल्स र मिक्स डबल्स गरी विभिन्न ४५ स्पर्धा खेलाएको थियो । उद्घाटन खेलमा युथ ८ को छात्रातर्फ सगरमाथा बोर्डिङ स्कुलकी सस्तुति प्रधान र सुयोग्य प्रधानले स्वर्ण पदक जिते भने डीएभी बोर्डिङकी मनिमा आचार्य र प्रविना गुरुङले रजत पदक तथा कोसी विद्यामन्दिरकी अस्मिता क्षेत्री र अंकिता दासले कांस्य पदक जितिन् ।

छात्रतर्फ भारतका एसबर्द्धन जुमले र सन्नि शर्माले स्वर्ण, कोसी विद्यामन्दिरका रितेश दास र सोहेद आलमले रजत तथा भारतका सिद्धार्थ लोथ र हरिन्द्र सिंहले कांस्य पदक जिते । १० वर्षमुनिका छात्रातर्फ डीएभीकी उज्वला शर्मा र प्रीति शाहले स्वर्ण, सगरमाथाकी आस्ना प्रसाइ र सुधिन केसीले रजत तथा डिएभीकी प्रभा श्रेष्ठ र रक्षा शर्माको जोडीले कांस्य पदक जितेका थिए । छात्रतर्फ भारतका रक्षित र मानिकले स्वर्ण, भारतकै सुनिल र विकासले रजत तथा डिएभीका बेभोव मिश्रा र पृथ्वी थापाले कांस्य पदक जिते ।




BUILDING TRUST THROUGH SERVICE

KATHMANDU VALLEY
**Tripureshwor,** Morang Auto Works: 4268252, 4261160
**Dealers:**
**Kumaripati**, Risik Automobiles Pvt. Ltd: 5555889, 5555890, **Kantipath**, MSK Automobiles : 4247332, 4227515, 4227494, **Chabahil,** Anurama Trade: 4490021, 4490105, **Bhaktapur**, DAS Auto Enterprises: 6614083
**Trade-In:**
**RatoPool,** Shri Chandra Auto: 4431106, **Gopikrishna Nagar,** B. N. Pathak Enterprises: 4499115, 016219852, **Naya Baneshwor,** NK Trades: 4460454, **Battisputali**, Anurama Trade: 2081813, **Lainchour**, Golden Nepal Enterprises: 4443083, **Naya Bazaar,** Kaligandaki: 4366099 / 9841485986, **Kuleshwor**, Swoyambhu Recondition: 2023753 / 4673130, **Naya Baneshwor**, GS Auto Enterprises: 4782711, **Teku**, D & D Auto Links Pvt. Ltd.:4104599 / 4104506, **Tutepani**, Shree Kumari Traders :2111356, **Gongabu,** Auskor Multi Traders: 012082716, **Balaju,** MSK Enterprises: 4388208

EASTERN REGION:
**Biratnagar,** Birat Auto Enterprises Nepal Pvt. Ltd. .: 9852023518, 9852021787 **Birtamode,** Sayapatri Trade Link: 023-541677, 540859 **Dharan**, Gajurmukhi Trade & Service Link: 025-528179, **Damak,** Gajurmukhi Trade Link: 023-580764, **Rajbiraj,** Shree Chandika Automobiles: 9842820806, **Itahari**, Tirupati Auto City: 025-587053, 581249, **Lahan**, S & S Auto Centre: 035-560532, **Mirchaiya**, S & S Auto Works: 033-550020, **Katari,** S & S Auto Centre, 9741108907, 9852830359, **Gaighat,** Sumitra Auto Parts: 035-420828, **Siraha,** Abid Automobiles, 033-520786, **Phattepur,** Shree Chandika Automobiles : 9842820806, **Pathari,** Gajurmukhi Trade Link: 021-555501, **Khadbari,** Ishwor Enterprises: 029-680086

CENTRAL REGION:
**Narayanghat**, Navin Auto Centre: 056-521316/521398, **Birgunj**, Allied Shruti Traders: 051-691443, 534301, 9849165416, **Hetauda**, Raj Motors: 057-526460, 9855068060, **Janakpur**, Janaki Auto Center: 041-523920, **Jaleshwor,** Om Shanti Enterprises: 044-521091, **Malangwa**, Om Auto Center: 046-520665, **Lalbandi**, Om Auto Center: 9854030090, **Trishuli**, S P Amatya Stores: 560530, 9841775855, **Banepa**, Global Auto Works: 9851081324, **Dhading**, Civil Multi Purpose: 010-520570, **Bharatpur**, R.J. Auto Center: 056-524177, **Parsa**: Kalika Auto Works: 056-582661, **Gaur,** Ved Auto Mobiles: 055-520175/9845022241

WESTERN REGION:
**Pokhara**,Vishwakarma Auto Works: 061-521295 / 535789, **Butwal**, Sapana Automobiles Traders: 071-545382, **Palpa,** Gyanendra Auto Works: 075-520445, **Gorkha**, Shrestha Auto Workshop: 064-420476, **Damauli**, Modern Auto Works: 065-561623, **Syangjha**, Nuwakot Auto Works: 063-420316, **Baglung**, New Baglung Auto Works: 9847620075, **Lamjung,** Samar Motorcycle Workshop: 9846074526, **Kawasoti,** Suryadeep Auto Center: 078-540662, **Argakhachi**, Jai Mata Di Automobiles: 066-420128, **Chaundrata**, Mahalaxmi Automobiles: 076-540179, **Jitpur**, Manakamana Automobiles: 076-550114, **Tamghas**, New Lumbini Motor Parts: 079-520488, **Rampur(Palpa)**, Bal Krishna Auto Works: 071-694556, **Bhairahawa**, Sapana Auto Mobiles: 071-526182, **Parasi**, Shree Durga Enterprises: 078-520517, **Ridi**, Shrestha motorcycle Workshop: 071-691103

MID WESTERN REGION:
**Dang**, Shrestha Automobiles: 082-561296, **Surkhet**, Danish Auto shop & Suppliers: 083-521754, **Nepalgunj**, Online Overseas: 081-523291, **Gulariya,** Online Overseas: 9848022069, **Tulsipur**, Shrestha Automobiles: 082-520174, **Pyuthan**, Swargadwari Automobiles: 9847820418

FAR WESTERN REGION:
**Dhangadhi**, Sweta Trading Concern: 091-521499, 525188 **Mahendrangar**, Shyamrathi Traders: 099-523816, **Tikapur**, Sweta Trading Concern: 091-691299

Join YAMAHA Club Tel:2002030

# नयाँ वर्षको मोहनी लाग्यो, रातभरि जाग्यो

**साप्ताहिक समाचार**

काठमाडौं- टेन, नाइन, एट, सेभेन, सिक्स, फाइभ, फोर, थ्री, टु, वान..- डिजेले काउन्टडाउन सकेपछि भीडले नायक भुवन केसीलाई अूगालो मार्न थाल्यो। भुवन भने सँगै रहेका नायकत्रय हसन खान, विरेन श्रेष्ठ र आर्यन सिग्देललाई अगालो मारेर ‘ह्याप्पी न्यू इयर’ भन्न थाले। डिजेले बजाए- ‘मोहनी लाग्ला है गाउँलेको बोलीले’ वर्षौंअघिको चलचित्र ‘चिनो’मा शिव श्रेष्ठ नाचे पनि दरबारमार्गको भिन्टेज क्याफे एन्ड पबमा भुवन केसी उक्त गीतमा कम्मर मर्काइरहेका थिए। बुम इन्टरनेसनलले आयोजना गरेको ‘डान्स विथ सेलिब्रेटी’ शीर्षकको डान्सपार्टीमा सेलिब्रेटीहरूको आगमन सातै बजेदेखि भयो। आफूसँगै चलचित्र तथा संगीत क्षेत्रका परिचित मुहारहरूलाई देख्न पाएकोमा आगन्तुकहरू उत्साहित थिए। उषा खड्गी, जीपी तिमिल्सिना, रिनेशा राई, उकेश दाहाल, रेशमा सुनुवार, सिम्पल खनाल, राजीव श्रेष्ठ, बिजु बज्र, नम्रता सापकोटा आदिले उल्लेखित तीन नायकसहित डान्सपार्टीको रौनक जमाए।

वर्ष २००९ को अन्तिम साँझ सात बजेदेखि दरबारमार्गका सडक व्यस्त भए, जसले गर्दा वरपरका स्थानका सडकमा समेत ट्राफिक जाम भैरहेको थियो। दरबारमार्गमै रहेको सिमोल लञ्जमा पनि पाँच बजेदेखि नै चहल-पहल सुरु भैसकेको थियो। सिटिभी मोबाइल सपले आयोजना गरेको ‘न्यू इयर बेस थ्री’ शीर्षकको डान्स पार्टीमा विशेषगरी गायक तथा गायिकाहरूको भीड थियो। रातको दुई बजेसम्म रौनक छाएको दरबारमार्गमा भर्खरै सञ्चालनमा आएको केएफसी तथा पिज्जाहटमा रातको एक बजेसम्म मानिसहरूको ओइरो थियो। त्यसपछि बन्द गरिए पनि मानिसहरू सुरक्षागार्डलाई ‘किन छिटो बन्द गरेको ?’ भनिरहेका थिए। रातभरि जागेको दरबारमार्गमा राजधानीमा नयाँ वर्ष मनाउन डुल्नेहरू प्रायः सबैले एक न एकपटक पाइला टेकेका थिए। त्यहाँ रहेका पाँचतारे होटल, गजल रेस्टुराँ, डान्सबार, क्याफे, पबदेखि फुटपाथे पसलहरूमा समेत मानिसहरू एक-अर्कालाई ‘ह्याप्पी न्यू इयर’ भन्दै शुभकामना दिइरहेका थिए।

दरबारमार्गपछिको व्यस्त स्थान थियो- ठमेल। ठमेलका मूलबाटोदेखि गल्लीहरू सर्वत्र छरिएका रेस्टुराँ तथा पबहरूमा साँझैदेखि प्रत्यक्ष संगीत, डान्सपार्टी, परिकार र पेयपदार्थका विविधता, झिलिमिलीले स्वदेशीहरूलाई मात्र होइन, विदेशी पर्यटकहरूलाई समेत आनन्दित तुल्याएको थियो। ठमेलजस्तै रमाइलो बनेको थियो- लाजिम्पाट। पछिल्लो केही समययता राजधानीको ‘थर्ड डेस्टिनेसन’ बन्दै गएको लाजिम्पाटमा सञ्चालित आधुनिक शैलीका रेस्टुराँ, पाँचतारे होटल, पबदेखि तन्दुरी क्याफेसम्म मानिसहरू ‘खाना र बजाना’को मज्जा लिइरहेका थिए। नक्साल, पुतलीसडक, नयाँबानेश्वर, न्युरोड, कुमारीपाटी आदि स्थानका ‘जक्सन’हरूमा पनि मध्यरातसम्म ‘ह्याप्पी न्यू इयर २०१०’ मनाउनेहरूको जमघट गतिलै थियो। खाने, पिउने र मात्तिने क्रम रातभरि नै चल्यो। चिसो सिरेटोले गाँजे पनि फेसनेबल पहिरनमा कामुकता छर्दै ठाँटिने युवतीहरूको जमातको त कुरै अर्कै।

पाँचतारे होटल सोल्टी क्राउन प्लाजामा जोन प्लेयर्सले छुट्टै प्रकारको मनोरञ्जनको व्यवस्था मिलाएको थियो। ‘अरबियन नाइट्स’ शीर्षकमा आयोजित रंगारंग कार्यक्रमले होटलभित्र प्रवेश गर्दा विदेशको कुनै स्थानमा पुगेको अनुभूति हुन्थ्यो। किनभने त्यहाँ विदेशका नर्तकीहरूको मादकतामा आमन्त्रितहरू भुलेका थिए। ग्ल्यामरस पहिरनमा मञ्चमा आएर ‘अदा’ देखाउँदै उनीहरूले नाचेको देखेर सबै दंग थिए। इन्डियन आइडलकी प्रतिस्पर्धी चारु सेमवालको गायनले पनि अतिरिक्त मनोरञ्जन दिएको थियो। नम्रता श्रेष्ठको पब एटिकमा उनीलगायत विनय श्रेष्ठ, रिनेशा राई, ऋचा शर्मा आदिले रमाइलो गरे। जहाँ डिजेइङमा सबै मज्जाले नाचे। एथनिक पबमा पनि रक संगीत समूह मुक्ति एन्ड रिभाइवलले आफ्ना गीतहरू प्रत्यक्ष सुनाउँदा सबै दर्शक नाचेका थिए। सर्वत्र नयाँ वर्ष २०१०को स्वागतमा कार्यक्रमहरू आयोजना भए पनि मध्यरातपछि छुट्टिने बेला केहीले भने- ‘अब नयाँ वर्ष ०६७ को स्वागतमा पनि यस्तै रमाइलो गर्नुपर्छ है ?’

## हेमन्तको सुफी

नयाँ वर्षको आगमनलाई स्वागत गर्न व्यग्र धेरै मानिस विभिन्न स्थानमा आयोजित कार्यक्रममा सहभागी भएर मनोरञ्जन लिइरहेका थिए। सन् २००९ लाई बिदा गर्न मात्र ४ घण्टा बाँकी रहँदा नेपाली सुफी गायक हेमन्त राना पनि सुफीको प्याकेजसहित सांगीतिक मनोरञ्जन प्रदान गर्न नक्सालस्थित बाबर्ची रेस्टुराँमा आइपुगे। रेस्टुराँमा उपस्थित दर्शक श्रोताहरू एकातर्फ नयाँ वर्षको आगमनको खुसीयालीमा रम्दै भोजनको स्वादमा रमाइरहेका थिए भने अर्कातर्फ उनीहरूमा हेमन्तको सुरिलो स्वरबाट सुफी सुन्ने चाहना पनि थियो।

गितारमा विशाल पौडेल तथा तबलामा धीरेन्द्र मिश्रका साथमा आएका हेमन्तले ‘पिया रे’ बाट सुफीको स्वाद चखाउन थालिहाले। पहिलो गीतमै वाहवाहीका साथमा वान्समोर पाएका रानाले त्यसपछि लगातार १० वटा गीत गाए। सैया, तेरी दिवानी, मनकि लगन, तु जानेनाजस्ता गीत गाइसकेपछि उनले ब्रेक लिए। आधा घण्टाको ब्रेकपछि उनी फेरि झुल्किए। त्यसपछि एक तारा, अल्लाह के बन्दे, तु ने जो ना कहा आदि गीत प्रस्तुत गरे। सयौं दर्शकमाझ सुफी गायनको मनोरञ्जन दिएका हेमन्तले आफ्नो पछिल्लो गीतिसंग्रह ‘लैजारे’ को टाइटल सङ्ग लैजारे पनि गाए। उक्त सांगीतिक समारोहमा हेमन्तले असारे महिनाको रिमिक्स भर्सन पनि सुनाए।

## कोमलको कमाल जापानमा



‘मनमा आँट भा’को गोजीमा गाँठ भा’को यतिको मर्द भेटिएन कोही’ भन्दै कोमल वलीले गीत गाउन सुरु गर्दा जापानको सिन्जुकोस्थित युनिभर्सल स्टुडियो हल एकैपटक गुञ्जायमान भयो। ‘म छु, म छु’ भनेर ४ सय हात उठेपछि गायिका वलि एकाएक लाजले रातो भइन्। दर्शकहरू गायिका ओलीलाई साथ दिँदै उनीसँगै गीत गाउन तथा नाच्न थालिहालेका थिए। नयाँ वर्ष २०१० को शुभअवसर पारेर गुल्मेली समाजले जापानको टोकियोमा जनवरी १ मा आयोजना गरेको कार्यक्रममा दर्शकहरूको अत्यधिक उपस्थितिले कार्यक्रमको रौनक अझ बढाएको थियो।

कार्यक्रमका सम्बन्धमा जानकारी दिँदै वलीले भनिन्- ‘अहिलेसम्मका कार्यक्रममा यसपटकको कार्यक्रम सबैभन्दा सफल रह्यो।’ जापानमा आयोजना हुने कार्यक्रममा नेपालीहरूको सहभागिता कम हुने गरेकाले ५ सय दर्शक अटाउने हल बुकिङ गरिएको भए पनि ७ सयभन्दा बढी दर्शकले टिकट खरिद गरेकाले हलमा उभिने ठाउँ पनि नभएको कार्यक्रममा सहभागी अर्का गायक प्रजापति पराजुलीले बताए। कार्यक्रममा गायक कृष्णभक्त महर्जन तथा प्रजापति पराजुलीले पनि आफ्ना गीत प्रस्तुत गरेका थिए। हलमा उभिने ठाउँ पनि नभएपछि टिकट काउन्टर बन्द गरिएपछि कार्यक्रम हेर्न नपाएका दर्शकले कोमल वलीलाई बाहिर बोलाइदिनुस् भनेर कराएका थिए। गुल्मेली समाजले आयोजना गरेको कार्यक्रममा ओलीको क्रेज देखेर तमुधी समाजले ल्होसारको अवसरमा आयोजना गरिएको कार्यक्रममा पनि उनलाई निम्त्याइयो, जहाँ ओलीले आफ्ना गीतहरू सुनाएर पर्याप्त मनोरञ्जन प्रदान गरिन्।


मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
१३ वर्ष पूरानो
२०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

जाँड-रक्सी
साथै सुर्ति, चुरोटको कुलत
थाहै नदिई छुटाउन
चिरा
महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार।
मोटोपना घटाउन, तौल बढाउन
चायाँ-पोतोको ग्यारेण्टी उपचार
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 061-229998
चितवन: 9845159169, 056-229174 (UTL)

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

फोटोग्राफी/भिडियोग्राफी
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
STUDY IN UK
अरुण दत्तद्धारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

३ महिनामा ४" उचाइ बढाउने
♦केश झर्न तुरन्तै रोकी उमार्ने
♦१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
Mo:9851112675
शाखा कार्यालय बनेपा

51% Discount
Learn Computer
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Hardware & Networking
English Language
Basic to Advanced
Free: Books, CDs Internet & Email
Study In: UK, CANADA
MEMBER OF ECAN
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाँने र जान्दे नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्यांकी): Tel: 4483414
New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

खुम्जुङ्ग होटेलतालिम बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ। प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/ चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: बागबजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक बिल्डिङ
PH 016226791, 9841578724

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र।
▶ कुक १ ½ महिना रु. २७००/-
▶ कुक ३ महिना रु. ३७००/-
▶ वेटर र बारमेन रु. १३००/-
▶ कफिमेकर रु. ३०००/-
१. 5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराईने ब्यवस्था छ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336, 9841812055

Shaping Minds Group
UK, Canada, USA
Job Opportunity for Abroad Students
R U planning or going abroad for your Higher Education??
If yes, then have you got those skills to work there???
We train you as well as help you with job assistance.......
The Job Package Covers
IELTS / Cook + Waiter / Bar Tender / Bakery + Special English + Care Taker + Personalty Development + Public Relation Officer and Many Others base for Abroad Jobs....... (JOIN NOW)
Study & Work Abroad
We admit you in the best Colleges / Universities round the Globe
UK, CANADA, USA, New Zealand, Australia, Many Others
Note: Consultant Franchisee Wanted for all over Nepal
Putalisadak 4233478
Kumaripati 5008632
Baneshwor 4782162
Satdobato 5536751
Itahari 025-584310


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।